सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क २१ | २०७६, फागुन १-१५ | पूर्णाङ्क ६६३



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	- अध्यक्ष
मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

ना.सु.श्री अर्जुन चौधरी

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	८		
इजलास नं. २	११		
इजलास नं. ३	६	इजलास नं. १०	४
इजलास नं. ४	४	इजलास नं. ११	६
इजलास नं. ५	४	इजलास नं. १२	६
इजलास नं. ६	९	इजलास नं. १३	३
इजलास नं. ७	९		
इजलास नं. ८	५		
इजलास नं. ९	६		
जम्मा	६२	जम्मा	१९

कूल जम्मा ६२ + १९ = ८१

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७६, फागुन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

<u>"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"</u> को **<u>"वार्षिक ग्राहक"</u>** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं. १			१ – ६
१.	कर्तव्य ज्यान	खेमराज बस्नेत वि. नेपाल सरकार	१
२.	चोरी	नेपाल सरकार वि. तिलक थापामगरसमेत	२
३.	आयकर	सुरेश प्रधान वि. सिद्धान्तराज पाण्डेय	२
४.	निषेधाज्ञा	किरणकुमार शर्मा वि. अजितकुमार शर्मासमेत	३
५.	निषेधाज्ञा	दिननाथ पन्थ वि. व्यापार प्रवर्धन विभाग, के.का. पुल्चोक ललितपुरसमेत	३
६.	जबरजस्ती करणी	नेपाल सरकार वि. विरेश यादव	४
७.	उत्प्रेषण / परमादेश	सानुमाया श्रेष्ठ वि. नेपाल बैंक लि. (मुख्य शाखा कार्यालय), काठमाडौंसमेत	५
८.	उत्प्रेषण	प्रविणकुमार खनाल वि. राजस्व अनुसन्धान विभाग, हरिहरभवनसमेत	५
इजलास नं. २			६ – १६
९.	उत्प्रेषण / परमादेश	प्रदिप यादवसमेत वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत	६
१०.	नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको	पप्पीसरा घर्ती वि. नेपाल सरकार	७
११.	भ्रष्टाचार (नक्कली प्रमाण पत्र)	हिक्मत थापा वि. नेपाल सरकार	८
१२.	उत्प्रेषण	दिपक यादव वि. सिद्धीदेवी यादव	८
१३.	उत्प्रेषण / परमादेश	बद्रीप्रसाद शर्मा उपाध्याय वि. बागलुङ नगरपालिका, बागलुङ	९
१४.	दर्ता फारी गरी हिस्सा छुट्ट्याई पाउँ	लोकमेहर बज्राचार्य वि. रत्नमेहर बज्राचार्य	१०
१५.	उत्प्रेषण	प्रमिला गुप्ता वि. उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलास, नेपालगन्ज	१२
१६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. पंकजकुमार जैसवालसमेत	१२
१७.	लिलाम बदर, पर्चा बदर तथा दर्ता बदर	लोकनाथ यादवसमेत वि. जटहीदेवी यादव	१४

१८.	लागु औषध (खैरो हेरोइन)	नेपाल सरकार वि. इन्द्रजित श्रेष्ठ	१५
इजलास नं. ३			**१६ – १९**
१९.	कर्तव्य ज्यान	रमेश साहुसमेत वि. नेपाल सरकार	१६
२०.	लागु औषध हेरोइन	नेपाल सरकार वि. मकरबहादुर घर्तीमगरसमेत	१८
२१.	उत्प्रेषण / परमादेश	त्रिवेन्द्रराज पन्त वि. पुनरावेदन अदालत पाटनसमेत	१८
२२.	प्रतिषेध	रामप्रसाद भण्डारी वि. बिरा कम्प्लेक्स नयाँ सडक, काठमाडौसमेत	१८
२३.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. लालबहादुर तामाङ	१८
२४.	लेनदेन	लक्ष्मी गुरूङ वि. धनप्रसाद गुरूङ	१९
इजलास नं. ४			**१९ – २४**
२५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मोम्हम्मद सौखत शेष	१९
२६.	अंश	श्रीमती मनसरा सुनारनीसमेत वि. मोती सुनार	२०
२७.	उत्प्रेषण / परमादेश	राधाकृष्ण बानिया वि. इलाका प्रहरी कार्यालय, बनेपासमेत	२२
२८.	लागु औषध ब्राउन सुगर	विवश सारू मगर वि. नेपाल सरकार	२३
इजलास नं. ५			**२४ – २८**
२९.	जग्गा खिचोला चलन	मनकुमारी सिटौला वि. जगन्नाथ खतिवडा	२४
३०.	मानव बेचबिखन तथा ओसार पसार	नेपाल सरकार वि. बबिता श्रेष्ठ (मण्डल)	२५
३१.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. रामचन्द्र थारू	२६
३२.	अंश नामसारी	सिताराम तेली वि. खोतरी तेली	२७
इजलास नं. ६			**२८ – ३६**
३३.	उत्प्रेषण / परमादेश	सत्यनारायण ठाकुर वि. हरि मण्डलसमेत	२८
३४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. श्यामबहादुर तामाङ	२९
३५.	उत्प्रेषण	अर्जुनकुमार अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	३०
३६.	उत्प्रेषण	ध्रुवप्रसाद चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	३०
३७.	उत्प्रेषण	कामता अहिर वि. पुनरावेदन अदालत नेपालगन्जसमेत	३१

३८.	जबरजस्ती करणी	नेपाल सरकार वि. सिंगबहादुर थापा	३१
३९.	कर्तव्य ज्यान चोरी	नेपाल सरकार वि. जयनारायण श्रेष्ठ	३२
४०.	उत्प्रेषण	धनबहादुर खत्री क्षत्री वि. जनार्दन घिमिरेसमेत	३३
४१.	लागु औषध (ब्राउन सुगर)	सानु खान वि. नेपाल सरकार	३४
इजलास नं. ७			**३६ – ४०**
४२.	निषेधाज्ञा	रामविलास साह तेली वि. मालपोत कार्यालय, सिराहासमेत	३६
४३.	निषेधाज्ञा	इन्द्रबहादुर पन्तसमेत वि. पल्टु सहनीसमेत	३७
४४.	निषेधाज्ञा	रामकृपाल महतोसमेत वि. गंगावती कोइरिने	३७
४५.	उत्प्रेषण / परमादेश	आजाद अन्सारी वि. घुस्की गाउँ विकास समिति कार्यालय, सुनसरीसमेत	३८
४६.	परमादेश	तारणीप्रसाद लम्साल वि. मुनेश्वर महतोगुदानी कुमार	३९
४७.	लिखत बदर	ईश्वरी के.सी. वि. डम्बरकुमार दाहाल	३९
इजलास नं. ८			**४० – ४४**
४८.	ठगी	नेपाल सरकार वि. निरज आचार्यसमेत	४०
४९.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. हरिदत्त जोशी	४१
५०.	जबरजस्ती करणी	नेपाल सरकार वि. बुद्ध नेपाली	४२

५१.	कर्तव्य ज्यान	दुर्गाकुमारी मण्डल (राउत) वि. नेपाल सरकार	४२
५२.	कर्तव्य ज्यान	मीनबहादुर दर्जी वि. नेपाल सरकार	४४
इजलास नं. ९			**४४ – ५३**
५३.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. सुमन राई भन्ने दिपराज राईसमेत	४४
५४.	वन पैदावार काटी कटाई ओसार पसार	नेपाल सरकार वि. रूखमान लिम्बु	४६
५५.	ज्यान मार्ने उद्योग	सन्दिप पौडेल वि. नेपाल सरकार	४७
५६.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. युवराज भन्ने एब्रेज मियाँसमेत	४८
५७.	बन्दी प्रत्यक्षीकरण	चिरञ्जिवीकुमार बलामी वि. जिल्ला प्रहरी कार्यालय कास्कीसमेत	५०
५८.	कर्तव्य ज्यान	बिसम वि.क. वि. नेपाल सरकार	५२
इजलास नं. १०			**५४ – ५९**
५९.	अंश दर्ता	जीवन राम वि. लक्ष्मण रामसमेत	५४
६०.	खिचोला मेटाई निर्माण कार्य भत्काई पाऊँ	चन्द्रलाल महर्जन वि. बाबुलाल प्रजापती	५४
६१.	कर्तव्य ज्यान	जिवेश नेपाली वि. नेपाल सरकार	५५

६२.	मानव बेचबिखन तथा ओसार पसार	झप्टिमान श्रेष्ठ वि. नेपाल सरकार	५७
इजलास नं. ११			५९ – ६६
६३.	सरकारी छाप दस्तखत किर्ते	बच्चुराम के.सी. वि. नेपाल सरकार	४७
६४.	बन्दी प्रत्यक्षीकरण	विवेशकुमार सिंह वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत	६१
६५.	कित्ताकाट र नक्सा बदर गरिपाउँ	हरेरा भन्ने आबु हरेरा डफाली वि. देवेन्द्रनाथ यादवसमेत	६२
६६.	लागु औषध (खैरो हिरोइन)	गणेशदोङ्ग लामा वि. नेपाल सरकार	६३
६७.	भ्रष्टाचार	सुवर्ण शाही सेन वि. नेपाल सरकार	६४
६८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. खगेन्द्रबहादुर कोइराला (वि.क.)	६५
इजलास नं. १२			६६ – ७३
६९.	उत्प्रेषण / परमादेश	मदन लामा वि. काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेलसमेत	६६
७०.	मोटरसाइकल चोरी	सुरेश विसुंखे वि. नेपाल सरकार	६७
७१.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. विक्रम शाहसमेत	६८
७२.	जबरजस्ती करणी	नेपाल सरकार वि. जितबहादुर बुढाथोकीसमेत	६९
७३.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. पदमबहादुर थापासमेत	७०
७४.	उत्प्रेषण / परमादेश	डा. नारायणप्रसाद अधिकारी वि. जनसंख्या तथा वातावरण मन्त्रालय, सिंहदरबारसमेत	७१
इजलास नं. १३			७३ – ७६
७५.	किर्ते जालसाजी	इनरदेवी तेलीन वि. श्रवणकुमार साहसमेत	७३
७६.	उत्प्रेषण / परमादेश	पटवारी थारूसमेत वि. बर्दिया जिल्ला अदालतसमेत	७४
७७.	जबरजस्ती करणी (अप्राकृतिक मैथुन)	नेपाल सरकार वि. तिलकबहादुर सूचिकार (परियार)	७५

इजलास नं. १

१

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७१-CR-०६७०, *कर्तव्य ज्यान, खेमराज बस्नेत वि. नेपाल सरकार*

प्रतिवादीसँग मृतक छोरीको सामाजिक रीत परम्पराअनुसार विवाह भएकोमा प्रतिवादी र मृतक छोरीबिच पारिवारिक वैमनश्यता उत्पन्न भई छोरी माइत गएको अवस्थामा समेत प्रतिवादी ज्वाईं छोरी लिन गएकोमा छोरीलाई तेरो घरबार बिग्रन्छ जा भन्दासमेत मेरो लास मात्र देख्नु हुन्छ भनी भन्दासमेत मृतक छोरीको भविष्यसमेतलाई ध्यानमा राखी घर पठाएकोमा प्रतिवादीले धारिलो हतियार प्रहार गरी कर्तव्य गरी मारेकोले कानूनबमोजिम कारबाही गरिपाउँ भनी दिएको जाहेरी दरखास्तलाई समर्थित हुने गरी अदालतसमक्ष उपस्थित भई जाहेरवालाले बकपत्र गरिदिएको पाइन्छ । मौकामा बुझिएका मानिसहरू चित्रमान कार्कीसमेतले गरिदिएको वस्तुस्थिति मुचुल्कासमेतबाट यी प्रतिवादी खेमराज बस्नेतले आफ्नै श्रीमती रिता भन्ने नन्दकुमारी बस्नेतलाई खुकुरीजस्तो धारिलो जोखिमी हतियारले प्रहार गरी घाइते बनाई उपचारको सिलसिलामा मृत्यु भएको पुष्टि हुन आएको देखिँदा प्रतिवादी खेमराज बस्नेतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं.बमोजिमको कसुर गरेको देखिन आउने ।

प्रतिवादी खेमराज बस्नेतले अधिकारप्राप्त अधिकारी तथा सुरू अदालतसमक्ष वैदेशिक रोजगारीबाट कमाई गरी पठाएको रूपयाँको हिसाब किताब माग्दा नदिएकोले रिसले खुकुरी प्रहार गर्दा सोही खुकुरीको चोटबाट मेरी पत्नीको मृत्यु हुन गएको हो भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ । मृतकको टाउकोमा २/३ ठाउँमा काटी खप्पर फुटी गिदी बाहिर निस्केको देखिएको भन्ने घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ । जाहेरी बेहोरालाई समर्थित हुने गरी सुरू अदालतमा उपस्थित भई जाहेरवालाले बकपत्र गरिदएको देखिँदा प्रतिवादी खेमराज बस्नेतले आफ्नै श्रीमती नन्दकुमारी बस्नेतको टाउकोजस्तो संवेदनशील अंगमा खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) को कसुरमा १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६९/०६/२४ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१/०२/१४ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

घटनाको परिस्थिति तथा परिवेशलाई हेर्दा वारदातमा खुकुरीजस्तो घातक जोखिमी हतियार प्रयोग गरी टाउकोजस्तो संवेदनशील अंगमा पटकपटक प्रहार गरी मृतकको मृत्यु भएको देखिँदा मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम प्रतिवादीलाई कम सजाय गर्नुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी खेमराज बस्नेतले आफ्नै श्रीमती रिता भन्ने नन्दकुमारी बस्नेतलाई खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी सुनसरी जिल्ला अदाललतबाट मिति २०६९/०६/२४ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१/०२/१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत:- लोकबहादुर हमाल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल मार्ग १७ गते रोज ६ शुभम् ।

२

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७२-CR-१५८२, चोरी, *नेपाल सरकार वि. तिलक थापामगरसमेत*

वस्तु वा सामान ढुवानी गर्दा तोकिएको परिमाण तोकिएको समयमा तोकिएको स्थानमा पुऱ्याउने दायित्व कसैले पूरा नगरी सामान वा वस्तुको परिमाणमा हिनामिना गरेको देखिए उक्त कार्यबाट देवानी दायत्व सिर्जना भए पनि फौजदारी कसुरको सिर्जना हुने अवस्था नदेखिने । प्रतिवादीले जगदम्बा स्टिल प्रा.लि.बाट लोड भएको १७९०० के.जी. रड उमाशंकर ट्रेडिङमा पुऱ्याउने दायित्व पूरा नगरी सो परिमाणमध्ये १९२० के.जी. घटी रड पुऱ्याएबापत देवानी दायित्व बेहोर्नु पर्नेमा विवाद देखिएन । प्रतिवादीले कवाड पसलबाट बरामद भएको १९२० के.जि. रड धनीको मन्जुरी र सहमतिबेगर धनीको हक मेटाई आफूले लिनखानको लागि बेइमानीको नियत राखी प्रतिवादीमध्येको राजु साहलाई बिक्री गरेको भन्ने तथ्य वादी नेपाल सरकारले आफ्नो साक्षी गवाह अदालतसमक्ष उपस्थित गराई शंकारहित तवरले प्रमाणित गराउनुपर्नेमा जाहेरवालालगायत वादीका साक्षी अदालतसमक्ष उपस्थित नभएको देखिँदा प्रतिवादीको लिने खाने बदनियत प्रमाणित हुन सकेको नदेखिने ।

प्रतिवादी तिलक थापा मगरले बरामद १९२० के.जि. रड चोरी गरेको कसुर प्रमाणित हुन नसकेको अवस्थामा प्रतिवादी राजु साहलाई चोरीको सामान भन्ने जानी-जानी खरिद गरेको भन्ने तथ्य स्वतः पुष्टि हुन सकेको देखिन नआउने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीहरू तिलक थापा मगर र राजु साहलाई सफाइ दिने गरी सुरु जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१०।२५ मा भएको फैसला मिलेको देखिन आएकोले सदर हुने ।

इजलास अधिकृतः लोकबहादुर हमाल

कम्प्युटरः मिनु शाही

इति संवत् २०७६ साल मंसिर १४ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६८-CR-०५२८, आयकर, *सुरेश प्रधान वि. सिद्धान्तराज पाण्डेय*

कम्पनीले ऋणको सम्पत्ति सुरूमा Auction को रूपमा सकारेको भए तापनि पछि बिक्री गर्दा दाबी ऋणभन्दा पनि कम मूल्यमा बिक्री गरेको देखिन्छ भने सम्पत्ति बिक्री गर्दा खुला प्रतियोगिताबाट लिलाम बढाबढ गरेको पनि देखिँदैन । करदाता कम्पनीको मिति ३।४।२००३ तारेखमा भएको ६८ औं Board Meeting को Minute हेर्दा New Makalu Carpet Industries शिर्षकअन्तर्गत "We have option of initiating legal action against the guarantor and to auction the mortgaged properties and also seek recourse to the guarantor's other properties" भनी उल्लेख भएको देखिन्छ । जसबाट ऋणी कम्पनीबाट ऋण उठाउन नसकेको अवस्थामा Guarantor हरूको अन्य सम्पत्तिबाट सो ऋण असुल गर्न सक्ने उपाय रहेको भनी स्वयं करदाता कम्पनीले नै स्वीकार गरेको देखिन्छ । यसरी Guarantor हरूको अन्य सम्पत्तिबाट डुबेको ऋण असुल गर्न सक्ने विकल्प हुँदाहुँदै आयकर कम्पनीले सोतर्फ कुनै कारबाही नै चालेको देखिँदैन । Guarantors को अन्य सम्पत्तिहरू खोजबिन तथा बिक्री गर्नको लागि कम्पनीले कुनै प्रयाससमेत गरेको देखिँदैन । यस अवस्थामा कम्पनीले डुबेको ऋण असुल गर्नको लागि आयकर ऐन, २०५८ को दफा २५(२)(ख) बमोजिम सबै उपायहरू अपनाएको भनी मान्न मिल्ने नदेखिने ।

अतः माथि विवेचित कारण र आधारमा आयकर ऐन, २०५८ को दफा २५(२)(ख) बमोजिम

डुबेको ऋणको रूपमा अपलेखन हुनको लागि ऋण धनीले उक्त ऋणको भुक्तानी प्राप्त गर्नको लागि सम्पूर्ण उपायहरू अपनाएको हुनुपर्नेमा करदाता कम्पनी एस डेभलपमेन्ट बैंकले डुबेको भनिएको रकम असुल गर्नको लागि सम्पूर्ण उपायहरू अपनाएको नदेखिँदा कर कार्यालयले रू.६३,९१,५३८।- खर्च कट्टी नदिने गरी गरेको निर्णयलाई सदर गरी डुबेको ऋणतर्फ मिनाहा नदिने गरी भएको आन्तरिक राजस्व विभागको मिति २०६५।९।२९ को निर्णयलाई उल्टी हुने ठहर्‍याई गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६६।१२।१५ को मिलेको नदेखिँदा उल्टी भई राजस्व विभागको मिति २०६५।९।२९ को फैसला नै सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ असोज २९ गते रोज १ शुभम्।

४

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CI-१४९४, निषेधाज्ञा, *किरणकुमार शर्मा वि. अजितकुमार शर्मासमेत*

आमाले विपक्षी एवं निवेदकको दाजुलाई हालैको बकसपत्र गरिदिएको कारणले उक्त घर जग्गामा यी निवेदकको निर्विवाद हक रहेको देखिँदैन। निवेदकको निर्विवाद हक नै नरहेको घर जग्गाबाट विपक्षीहरूले निवेदकलाई निकाला गर्न सक्ने आशंकाको विद्यमानता छ भनी मान्न पनि मिल्ने देखिँदैन भने सो घर जग्गाबाट निवेदकहरूलाई ननिकाल्नु, बस्नको लागि रोकतोक नगर्नु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी गर्न माग गर्ने हक पनि यी निवेदकमा रहेको नदेखिने।

अतः जुन घरजग्गाबाट विपक्षीहरूले निकाला गर्न सक्ने आशंकाको विद्यमानता रहेको भनी निवेदकले निषेधाज्ञाको निवेदन दायर गरेका हुन् उक्त घर जग्गामा यी निवेदकको निर्विवाद हक नै भएको नदेखिँदा निवेदकको मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन अदालत तुलसीपुरले गरेको मिति २०७२।५।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ साल कार्तिक १६ गते रोज ५ शुभम्।

५

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७२-CI-०२५२, निषेधाज्ञा, *दिननाथ पन्थ वि. व्यापार प्रवर्धन विभाग, के.का. पुल्चोक ललितपुरसमेत*

निवेदक विपक्षी संस्थाको जिम्मेवार कर्मचारी भएको र जिम्मेवारीबमोजिम संस्थाको बैंक खातामा जम्मा गर्नुपर्ने रकम जम्मा नगरेको कारणले निजलाई सो रकम जम्मा गर्नु भनी पत्र लेखेकोमा सो कार्यलाई अन्यथा भनी मान्न मिल्ने नदेखिने।

रकम चोरी भएको भनी प्रहरीमा जाहेरी दिएको भए तापनि उक्त रकम चोरी भएको हो वा होइन भन्ने अलग विषय हो। प्रहरीले चोरी भएको रकमको सम्बन्धमा अनुसन्धान गर्दै छ भन्दैमा निवेदकले पदीय जिम्मेवारीबमोजिम बैंकको खातामा जम्मा गर्नुपर्ने रकम जम्मा गर्नु नपर्ने भन्ने हुँदैन। प्रहरीबाट चोरीको सम्बन्धमा अनुसन्धान हुँदै गरेको कारणले बिक्रीका लागि काटिएका बिलहरूको अध्ययनबाट मिति २०६८।११।६ देखि मिति २०६८।३।३१ सम्मको हिसाब किताबअनुसार नगद मौज्दात रू.६,७०,०००।- घटी देखिएको र सो कुरा यी पुनरावेदकले स्वीकार गरेको भनी आ.ले.प. को रिपोर्ट रहेको भन्ने विपक्षीहरूको लिखित जवाफ भएकोमा त्यसलाई पुनरावेदकले पुनरावेदनमा तथ्यतः अन्यथा भन्न नसकेको अवस्थामा संस्थाको बैंक खातामा जम्मा गर्नुपर्ने रकम जम्मा गर्नु नपर्ने भन्ने पुनरावेदकको जिकिरसँग इजलास सहमत हुन नसक्ने।

अतः माथि विवेचित कारण र आधारमा निवेदकले आफू कार्यरत विपक्षी संस्थाको बैंक खातामा जम्मा गर्नुपर्ने रकम जम्मा नगरेको अवस्थामा निजलाई सो रकम जम्मा गर्नु भनी विपक्षी संस्थाले पत्र लेखेको कारणले निवेदकको हक अधिकारमा कुनै प्रकारको आघात परेको भन्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिमको निषेधाज्ञाको आदेश जारी नगर्ने गरी गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कात्तिक १९ गते रोज १ शुभम्।

६

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०६७-CR-०८१४, जबरजस्ती करणी, *नेपाल सरकार वि. विरेश यादव*

पीडित "क" कुमारी लामाले मौकामा कागज गर्दा प्रतिवादीले जबरजस्ती तानेर निज बस्ने कोठामा लगी योनिमा हातले सुम्सुम्याई उसको सु गर्ने मेरो सु (योनि) गर्ने ठाउँमा दल्न लाग्दा दुखेकोले आफू रून कराउन थालेपछि छोडी दिएको हो भनी लेखाएको र बकपत्र गर्दा प्रतिवादीले पीडितको योनिमा घोचेको हो भनी लेखाएकोसमेतबाट प्रतिवादी वृजेश भन्ने विरेश यादवले पीडित "क" कुमारी लामालाई जबरजस्ती करणी गर्न नपाउँदै पीडित बालिकाले रूने कराउने गरेको हुँदा छाडी दिएको भन्ने देखिँदा प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुन सकेको पाइएन । यद्यपि जबरजस्ती करणी गर्ने मनसायले नै प्रतिवादी वृजेश भन्ने विरेश यादवले ६½ वर्षकी नाबालिका पीडितलाई आफ्नो कोठामा लगी पीडितको यौनाङ्ग सुमसुम्याउने, आफ्नो लिङ्ग पीडितको यौनाङ्गमा दल्नेसमेतका कार्य गरेको भन्ने देखिँदा निजले जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको भन्ने देखिने।

जबरजस्ती करणीको उद्योग गरेमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं.बमोजिमको सजाय हुने नै हुन्छ । सो नं. मा "*जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ*" भन्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाअनुसार जबरजस्ती करणीको उद्योग गर्ने कसुरदारलाई जबरजस्ती करणीको कसुरमा हुने सजायको आधा सजाय गर्नु पर्ने देखियो। ऐ. महलको ३ नं. मा पीडितको उमेरअनुसार कैद सजाय गर्ने गरी तोकेको पाइन्छ। ऐ. ३ नं. को देहाय (१) मा "*दश वर्षमुनिकी बालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म*" कैद सजाय गर्न सकिने व्यवस्था रहेको र प्रस्तुत मुद्दाकी पीडित ६½ वर्षकी नाबालिका हुँदा उक्त व्यवस्थाअनुसार प्रतिवादीलाई सजाय हुने हुँदा प्रतिवादी वृजेश यादवलाई ६ वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था एवं प्रमाणको आधारमा प्रतिवादी वृजेश भन्ने विरेश यादवलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६५।२।१ को फैसला उल्टी गरी प्रतिवादीले ६ वर्षकी नाबालिकालाई जबरजस्ती करणीको उद्योगसम्म गरेको ठहर गरी प्रतिवादी वृजेश भन्ने विरेश यादवलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं.बमोजिम ६ वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६६।१०।१९ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रस्तुत जबरजस्ती करणी मुद्दाकी पीडित एक नाबालिका रहेको देखिन्छ । विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम यस प्रकारका मुद्दामा अनुसन्धानको तहदेखि नै

पीडितको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेमा प्रस्तुत मुद्दामा पीडितको परिचयात्मक विवरणहरू गोप्य राखेको नदेखिँदा प्रस्तुत फैसलामा सम्म पीडितको परिचयात्मक विवरण परिवर्तन गरिदिएको छ। आगामी दिनहरूमा निर्देशिकाले निर्दिष्ट गरेबमोजिम यस प्रकारका मुद्दाका पीडितहरूको परिचयात्मक विवरण गोप्य राखी मुद्दाको अनुसन्धान, अभियोजन र सुनुवाइ गर्नु भनी सम्बन्धित प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय र अदालतसमेतलाई लेखी पठाई दिने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मार्ग ११ गते रोज २ शुभम्।

७

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०६६-WO-०५५३, उत्प्रेषण / परमादेश, *सानुमाया श्रेष्ठ वि. नेपाल बैंक लि. (मुख्य शाखा कार्यालय), काठमाडौंसमेत*

रिट निवेदनमा हदम्यादको व्यवस्था नहुने भएकोले जहिलेसुकै अदालत जान पाउने होइन। विलम्बले समन्यायलाई पराजित गर्छ। दाबीको जग्गा लिलामीको लागि विपक्षी बैंकले गोरखापत्रमा पटक पटक सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ। गोरखापत्रमा प्रकाशित सूचनाकै आधारमा रिट निवेदकका एकाघर सगोलका पतिले एकपटक दाबीको जग्गाको सम्बन्धमा लिलामी प्रक्रियामा सामेल भएको भन्ने देखिएको अवस्थामा सोही गोरखापत्रमा अर्कोपटक सूचना प्रकाशित हुँदा रिट निवेदकले सूचना नपाएको भनी ढिलो गरी अदालत प्रवेश गरेको देखियो। २०६२ सालमा लिलाम बिक्री भई सबभन्दा बढी रकममा बोलकबोल गर्ने व्यक्तिका नाममा दाबीको जग्गाको हक हस्तान्तरणसमेत भएको र उक्त जग्गा अर्को तेस्रो पक्षको नाममा हक सरी गएपछि मात्र २०६६ सालमा आएर थाहा पाएँ भनी रिट निवेदन परेको देखिन्छ। यसरी रिट निवेदकले समयमै उपचारको लागि प्रयास गरेको भन्ने नदेखिँदा विलम्ब गरी पर्न आएको निवेदनबाट रिट निवेदकले उपचार पाउन सक्ने नदेखिने।

अतः विवेचित तथ्य एवं प्रमाणबाट २०६२ सालमा नै भए गरेको कामलाई बदर गराउन २०६६ सालमा आएर परेको रिट निवेदन समयमा परेको नदेखिँदा विलम्बको सिद्धान्तको आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

८

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०६८-WO-०३७३, उत्प्रेषण, *प्रविणकुमार खनाल वि. राजस्व अनुसन्धान विभाग, हरिहरभवनसमेत*

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २० अनुसार बैंकिङ कसुरको अनुसन्धानमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीलाई बैंक तथा वित्तीय संस्था वा सम्बन्धित व्यक्तिले सहयोग पुऱ्याउनु पर्ने भन्ने भएको व्यवस्थाबमोजिम राजस्व अनुसन्धान विभागले निवेदकउपर बैंकिङ कसुरको अनुसन्धानको सिलसिला बैंक खातालगायतको कारोबार रोक्का राख्न अनुरोध गरेबमोजिम नै निजको खातालगायतको कारोबार रोक्का गरेको भन्ने देखिन्छ। यसरी रिट निवेदकउपर अधिकारप्राप्त निकायबाट अनुसन्धानको कारबाहीको सिलसिलामा निवेदकका नामको खातालगायतको कारोबार रोक्का राख्ने भनी भएका काम कारबाहीबाट रिट निवेदकको हक अधिकारमा आघात परेको भनी कानूनबमोजिमको कारबाही नै नगर्नु नगराउनु भनी आदेश जारी गर्न मिल्ने नदेखिने।

अतः उल्लिखित तथ्य एवं प्रमाणबाट रिट

निवेदकउपर बैंकिङ कसुरको सम्बन्धमा उजुरी परेपछि अधिकारप्राप्त निकायबाट अनुसन्धानको सिलसिलामा निवेदकका नामको खातालगायतको कारोबारहरू रोक्का रहेको भन्ने देखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

अनुसन्धान तहकिकातको नाममा कुनै पनि व्यक्तिको सम्पत्ति अनिश्चितकालसम्म रोक्का राख्नु न्यायसङ्गत मान्न मिल्दैन । निवेदकका सम्बन्धमा अनुसन्धानको कारबाही यथासमयमा टुङ्ग्याउनु न्यायसङ्गत हुने देखिन्छ । रिट निवेदकले राजस्व अनुसन्धान विभागलाई विपक्षी बनाई प्रस्तुत रिट निवेदन दायर भएकोमा नेपाल सरकार मन्त्रीस्तरको मिति २०६८।३।१ को निर्णयबाट मिति २०६८।४।१७ मा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भई रिट निवेदकउपरको कारबाहीसम्बन्धी सक्कल फाइलसमेत मिति २०६८।४।३२ को पत्रबाट सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाएको भन्ने खुल्न आएको देखिँदा निवेदकका हकमा आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र कारबाहीको टुङ्गो लगाई दिनु भनी विपक्षी नै नबनाइएको भए पनि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका नाममा परमादेशको आदेश जारी हुने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम् ।

इजलास नं. २

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे ०७४-WO-००५०, उत्प्रेषण / परमादेश, *प्रदिप यादवसमेत वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत*

निवेदिका स्विटी चौरसियाको बुबा लक्ष्मणप्रसाद चौरसियाले मिति २०६३।१२।२८ मा जिल्ला प्रशासन कार्यालय, पर्साबाट जन्मको आधारमा र निजकी आमा कृष्णाकुमारी चौरसियाले मिति २०४४।०६।२७ मा जिल्ला प्रशासन कार्यालय, पर्साबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । निजको बुबाको मृत्यु भइसकेको भन्ने रिट निवेदनबाट देखिन्छ । निवेदिकाको मिति २०५५।११।१० मा जन्म भएको भन्ने मिसिल संलग्न निजको जन्मदर्ता प्रमाणपत्रबाट देखिने । कानूनले नागरिकता प्राप्त गर्नका लागि तोकेको न्यूनतम उमेर पुगिसकेको अवस्थामा निज निवेदिकाले आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिने प्रयोजनार्थ मिति २०७४।१।६ मा वीरगन्ज महानगरपालिका, वडा नं. ७ को सिफारिस लिन जाँदा वडा कार्यालयले सिफारिस दिन इन्कार गरेको तथा मिति २०७४।०३।२७ मा नागरिकताको लागि जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्जले समेत नागरिकता प्रदान गर्न इन्कार गरेको भन्ने देखिन्छ । नेपालको संविधानले नेपालका नागरिक रहेका बाबु आमाका सन्तानले वंशजको आधारमा आमा वा बाबुको नामबाट नेपालको नागरिकता प्राप्त गर्न सक्ने संवैधानिक व्यवस्था रहेकोमा नागरिकताको सिफारिस दिन इन्कार गरेको कार्य असंवैधानिक र गैरकानूनी भएको हुँदा निवेदिकाले आमाको नामबाट वंशजको आधारमा नागरिकता पाउनु पर्दछ भन्ने रिट निवेदकको मुख्य निवेदक जिकिर रहेको देखिने ।

निवेदिका स्विटी चौरसियाको आमाको वंशजको आधारमा नागरिकताको प्रमाणपत्र रहेको र बुबाको जन्मको आधारमा नागरिकता रहेको देखिन्छ । यसरी निवेदिकाको बुबा र आमा दुवैजना नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेका नेपालको नागरिक रहेको अवस्थामा निवेदिकालाई बालिग भएपश्चात् वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न संविधानले बन्देज गरेको नदेखिने ।

निवेदिकालाई बालिग भएपश्चात् वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न संविधानले बन्देज नगरेको अवस्थामा निजले आमाको नामबाट नागरिकता लिन चाहेकै आधारमा निजलाई नागरिकता दिन इन्कार गरिनु संविधानले गरेको व्यवस्थाको मर्मविपरीतको कार्य देखिन्छ । नेपालको संविधानको धारा १८ ले समानताको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको अवस्था छ । यसअन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान रहेको र वर्ण, जात, लिंग वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनी स्पष्ट व्यवस्था गरेको देखिने । आफ्नो सन्तानलाई आफ्नो नाउँबाट नागरिकताको प्रमाणपत्र प्रदान गर्ने हक आमा र बुबा दुवैमा समान रूपको हुनेछ भनी नेपालको संविधानले सुनिश्चित गरेको छ । तसर्थ, नेपालको संविधानले बाबु वा आमाको नामबाट नागरिकताको प्रमाणपत्र लिन बन्देज नगरेको अवस्थामा रिट निवेदिकालाई आमाको नामबाट नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन नमिल्ने भनी वीरगन्ज महानगरपालिका, वडा नं.७ को वडा कार्यालय तथा जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्जको कार्य कानूनसम्मत नदेखिने ।

साथै, आमाले वंशजको आधारमा र बुबाले जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकाहरूको सन्तानको हकमा नागरिकता प्रदान गर्ने विषय निहित रहेको यसै प्रकृतिको रिट निवेदक चन्द्रकिशन साहसमेत विरूद्ध जिल्ला प्रशासन कार्यालय, धनुषासमेत भएको ०७४-WO-०१२८ नं. तथा रिट निवेदक प्रभातकुमार शान्तनु विरूद्ध जिल्ला प्रशासन कार्यालय, धनुषासमेत भएको ०७२-WO-१०९३ नं. को परमादेशसमेतको मुद्दामा यस अदालतबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी भएको देखिने ।

तसर्थ, नेपालको संविधानको धारा ११ को उपधारा (३) ले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानको बाबु र आमा नेपालको नागरिक रहेकोमा निजले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । रिट निवेदिकाको बाबु र आमा दुवै नेपालको नागरिक भएको देखिएकोले प्रचलित नेपालको संविधानले निजलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र लिनमा कुनै बन्देज नगरेको परिप्रेक्ष्यमा निवेदिकाले प्रचलित ऐन र नियमको कार्यविधि पूरा गरी आमाको नाउँबाट वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्रको लागि सिफारिस माग गरेमा कानूनबमोजिम गरी सिफारिस प्रदान गर्नु भनी विपक्षीमध्येका वीरगन्ज महानगरपालिका, वडा नं.७ को वडा कार्यालयको नाममा तथा सो सिफारिसलगायतका अन्य आवश्यक कागजपत्रको आधारमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्जको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल पुस ३ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खडका, ०७३-CR-००३३, नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *पप्पीसरा घर्ती वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अनुसन्धानको क्रममा विवादित प्रमाणपत्र आफैँले प्राइभेट परीक्षा दिई उत्तीर्ण गरेको, उक्त प्रमाणपत्र बढुवा हुने उद्देश्यले नभई आफ्नो योग्यताको रेकर्डका लागि कार्यालयमा पेस गरेको हो, मैले जाँच दिँदा पनि कसरी नाम छुट्न गयो पुनः एकचोटी बुझी पाउँ भनी बयान गरेको देखिन्छ भने निजले अदालतमा समेत उपस्थित भई आफूले पेस गरेको उक्त विवादित शैक्षिक योग्यताको प्रमाणपत्रलाई पुनः प्रमाणीकरण आदेश गरिपाउँ भनी बयान गरेको

देखिने।

विवादित शैक्षिक योग्यताको प्रमाणपत्रलाई प्राइभेट परीक्षार्थी भई परीक्षा दिई प्राप्त गरेको भनी पुनरावेदक प्रतिवादीले जिकिर लिएको भए तापनि साधिकार निकायबाट उक्त शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरण भई आउँदा असत्य फर्जी भनी लेखी आएको र पुनः प्रमाणीकरणका लागि पठाउँदा पुनरावेदक प्रतिवादीको भनिएको अनुक्रमाङ्कमा अन्य व्यक्तिको नाम लेखिई आएकोसमेत देखिँदा पुनरावेदक प्रतिवादीले पेस गरेको विवादित प्रमाणपत्रलाई नक्कली नै मान्नुपर्ने देखिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी पप्पीसरा घर्तीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐनको दफा १७ को उपदफा १२ बमोजिम कसुर गरेको ठहर गरी निजलाई प्रतिवादीलाई ऐ. ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- जरिवाना हुने ठहर्‍याएको विशेष अदालत काठमाडौंको मिति २०७२।८।१८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७३ साल चैत्र २८ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खडका, ०७२-CR-१७०३, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), *हिक्मत थापा वि. नेपाल सरकार*

प्रतिवादीले सुरू विशेष अदालतमा बयान गर्दा, पेस भएका प्रमाणपत्रहरू सक्कली हुन् । अदालतबाट पुनः परीक्षण गरिपाउँ भनी माग गरेपश्चात् सुरू विशेष अदालतको मिति २०७१।०७।०२ को आदेशबमोजिम निजका प्रमाणपत्रहरू पुनः परीक्षणको लागी उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमा पत्राचार भएको देखिन्छ। उच्च माध्यमिक शिक्षा परिषद्को च.नं.४६ मिति २०७१।१२।१८ को पत्रबाट प्रतिवादीले पेस गरेको प्रमाणपत्र पुन: परीक्षणको लागि प्रमाणपत्र जारी गर्ने निकाय Bihar School Examination Board, Patna, India पठाइएकोमा सो निकायबाट प्रमाणपत्रहरू अपुष्टित (Not Verified) भनी आएको भनी उल्लेख भएको र सोही परिषद्को च.नं.२६१ मिति २०७२।०४।२६ को पत्रसाथ Bihar School Examination Board, Patna, India बाट प्राप्त भएको १०/१०/२०१५ को पुनरावेदक प्रतिवादी हिक्मत थापासमेतको प्रमाणपत्रको बारेमा उल्लेख भएको विवरण सुरू विशेष अदालतमा प्राप्त भएको देखिन्छ। उक्त विवरण अध्ययन गर्दा, नाम हिक्मत थापा, तह I.Sc. वर्षमा 1992 भनी Remarks मा Not Verified भनी उल्लेख भएको देखिन आयो। उक्त बेहोरालाई पुनरावेदक प्रतिवादीले अन्यथा हो भनी भन्न सकेको पाइएन । यसरी प्रतिवादीको मागबमोजिम सुरू अदालतबाट पुनः परीक्षणको लागि पठाउँदासमेत प्रमाणपत्र जारी गर्ने संस्थाले नै प्रमाणपत्र प्रमाणित नगरेको अवस्थामा निजले पेस गरेका I.Sc. का प्रमाणपत्रहरू सक्कली भएको मान्न मिलेन । यसर्थ प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्ने गरी सुरू विशेष अदालतबाट भएको फैसला मिलेन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी हिक्मत थापाले पेस गरेको I.Sc. तहका शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली देखिएकोले निजलाई कसुरदार ठहर गरी रू.५००।– जरिवाना हुने गरी सुरू बिशेष अदालत काठमाडौंबाट मिति २०७२।०८।१८ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत:- चाणकमणि अर्याल

इति संवत् २०७३ साल चैत्र २८ गते रोज २ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७०-CI-०८८१, उत्प्रेषण,

दिपक यादव वि. सिद्धीदेवी यादव

पुनरावेदक विपक्षी दिपक यादवउपरको सो कुटपिट मुद्दामा सुरू अदालतबाट भएको फैसलाउपर पुनरावेदन परी पुनरावेदन अदालत राजविराजबाट मिति २०६०।०३।१५ मा भएको फैसला अन्तिम रहेको देखिएकोमा सुरू सिराहा जिल्ला अदालतबाट मिति २०५७।१२।२५ मा भएको फैसलालाई अन्तिम फैसला मिति कायम गरी लगत फछ्र्यौट समिति सिराहा जिल्ला अदालतले निज दिपक यादवलाई लागेको उक्त कैद र जरिवाना कट्टा मिन्हा गर्ने गरी मिति २०६८।६।५ मा निर्णय भएको देखिने । पुनरावेदक विपक्षी दिपक यादवउपरको कुटपिट मुद्दामा पुनरावेदन अदालत राजविराजबाट मिति २०६०।३।१५ मा फैसला भएको मितिले १० वर्ष नपुग्दै उक्त कैद र जरिवानाको लगत कट्टा गर्ने गरी लगत फछ्र्यौट समितिबाट निर्णय भएको देखिएबाट उक्त निर्णय कानूनसम्मत नभई बदरयोग्य रहेको देखिँदा लगत फछ्र्यौट समिति, सिराहा जिल्ला अदालतले निज दिपक यादवलाई लागेको उक्त कैद र जरिवानाको लगत कट्टा मिन्हा गर्ने गरी मिति २०६८।६।५ मा गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त दण्ड जरिवाना असुलउपर गरी प्रचलित कानूनबमोजिम कारबाही गर्नु भनी विपक्षी सिराहा जिल्ला अदालतका नाममा परमादेशको आदेशसमेत जारी हुने भनी सुरू पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।५।१७ मा भएको आदेश मिलेकै देखिन आएको हुँदा यी पुनरावेदक विपक्षीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार प्रमाणसमेतबाट यी पुनरावेदक विपक्षी दिपक यादवउपरको कुटपिट मुद्दामा पुनरावेदन अदालत राजविराजबाट मिति २०६०।३।१५ मा अन्तिम फैसला भएको मितिले १० वर्ष नपुग्दै निजलाई लागेको कैद र जरिवानाको लगत कट्टा गरी मिन्हा दिने गरी लगत फछ्र्यौट समिति, सिराहा जिल्ला अदालतबाट मिति २०६८।६।५ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त दण्ड जरिवाना असुलउपर गरी प्रचलित कानूनबमोजिम कारबाही गर्न विपक्षी सिराहा जिल्ला अदालतका नाममा परमादेशको आदेशसमेत जारी हुने भनी सुरू पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।५।१७ मा भएको आदेश मिलेकै देखिन आएको हुँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-CI-०७२१, उत्प्रेषण / परमादेश, *बद्रीप्रसाद शर्मा उपाध्याय वि. बागलुङ नगरपालिका, बागलुङ*

बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था जलस्रोत ऐन, २०४९ को दफा ५(२) तथा जलस्रोत नियमावली, २०५० को नियम ६(१) बमोजिम मिति २०६४।२।१५ गते दर्ता भई जिल्ला जलस्रोत समितिबाट प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । उक्त संस्थालाई बागलुङ नगरपालिकाले मिति २०६४।१०।१७ गते खानेपानी आयोजना हस्तान्तरण गरेको भन्ने तथ्य विवादरहित देखिन्छ । उक्त संस्थालाई जलस्रोत ऐन नियम तथा खानेपानी नियमावलीबमोजिम आयोजना सञ्चालनका साथै स्रोतहरूको वातावरणीय संरक्षण गर्नुपर्ने सर्तहरू तोकिएको देखिन्छ । विधानबमोजिम दर्ता भएको उक्त संस्थालाई गैरकानूनी संस्था भन्न मिल्ने नदेखिने । कानूनबमोजिम अनुमति प्राप्त संस्थाले संस्थाको विधानबमोजिमको कार्य सञ्चालन नगरेमा वा सो संस्थाको कार्यकारी अंगहरू विधानबमोजिम गठन नगरेको अवस्थामा वैकल्पिक उपचारको व्यवस्था रहे भएको देखिँदा त्यस्तो विषयमा रिट निवेदकले माग गरेबमोजिमको रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न मिल्ने

नदेखिने ।

निवेदक बद्रीप्रसाद शर्मा उपाध्यायले आफ्नो रिट निवेदनमा खानेपानी सरसफाइ उपभोक्ता संस्था कानून र निर्देशिकाबमोजिम नचलेकोले गैरकानूनी संस्था भएको हुँदा दोस्रो साना सहरहरू खानेपानी आयोजनासम्बन्धी सम्झौतालगायतका कार्यहरू गर्न पाउने अधिकार नरहेकोले उपभोक्ताको आम भेलाबाट तदर्थ समिति गठन गरी ६ महिनाभित्र निर्वाचनसमेत गरी निर्वाचित कार्यसमितिबाट विधिपूर्वक चलाउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने दाबीको सन्दर्भमा विपक्षीको लिखित जवाफ हेर्दा, खानेपानी उपभोक्ता संस्थाले विभिन्न समयमा भेलाहरू सम्पन्न गरेका देखिने । कानूनबमोजिम नेपाल सरकारका केन्द्रीय र विभागीय निकायसमेत साझेदार रहेको साना सहरी खानेपानी आयोजनासँग सम्झौता गरी उपभोक्ताबाट १५% रकम संकलन गरी लगानीसमेत गरिसकेको अवस्था छ साथै दोस्रो परियोजनामा केन्द्रीय र विभागीय निकायहरूसमेत साझेदार रहेकोले यो पुनरावेदन अदालतको क्षेत्राधिकार आकर्षित हुने होइन भनी जिकिर लिएको देखिने ।

मिति २०६८।३।१८ मा सम्पन्न भएको वित्तीय सम्झौतामा बागलुङ खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था, नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयअन्तर्गत खानेपानी तथा ढल निकास विभाग पानी पोखरी काठमाडौं, दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, बागलुङ नगरपालिकासमेतका तर्फबाट प्रतिनिधिहरूबिच सहमति भई सम्झौता सम्पन्न भएको देखिन्छ । सम्झौतामा उल्लिखित खानेपानी तथा ढल निकास विभाग र नगर विकास कोष तथा साना सहरी खानेपानी तथा सरसफाइ आयोजनालाई प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएको नदेखिने ।

निवेदकले परमादेशको आदेश जारीको लागि माग गरेको बागलुङ नगर खानेपानी तथा सरसफाइ संस्था र साना सहरी खानेपानी तथा सरसफाइबिच सम्पन्न भएको आयोजनाको सम्झौतामा सुरू पुनरावेदन अदालत बाग्लुङको प्रादेशिक क्षेत्राधिकार बाहिरका केन्द्रीयस्तरका निकायहरूसमेत संलग्न रही सम्झौता गरेको देखिएको र ती कार्यालयलाई विपक्षी बनाएको नदेखिनुका साथै ती कार्यालयहरूउपरको निवेदन सुन्ने अधिकारक्षेत्र पुनरावेदन अदालत बाग्लुङको रहेको नदेखिएबाट रिट निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता रहेको नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने भनी पुनरावेदन अदालत बागलुङबाट मिति २०७१।५।३० मा भएको आदेश मिलेकै देखिन आएकोले पुनरावेदक निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार प्रमाणसमेतबाट निवेदकको रिट निवेदन खारेज हुने भनी सुरू पुनरावेदन अदालत बाग्लुङबाट मिति २०७१।०५।३० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः- मन्जिता ढुंगाना

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०६७-CI-०९२९, दर्ता फारी गरी हिस्सा छुट्याई पाउँ, *लोकमेहर बज्राचार्य वि. रत्नमेहर बज्राचार्य*

पुनरावेदक / प्रतिवादी पद्ममेहर बज्राचार्य र प्रत्यर्थी / वादी जितमेहर बज्राचार्यको मु.स. गर्ने लोकमेहर बज्राचार्य भएको दर्ता बदर मुद्दामा तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट सुरू ललितपुर जिल्ला अदालत तथा बाग्मती अञ्चल अदालतको फैसला केही उल्टी गरी कि.नं. ८५ को जग्गामा भएको घरमा वादीको हक पुग्न नसक्ने र विवादित

कि.नं.८५ को जग्गासम्ममा वादीसमेतको संयुक्त दर्ता हुनेसम्म ठहऱ्याई बाग्मती अञ्चल अदालतबाट भएको फैसला सो हदसम्म मनासिब ठहर्छ भनी मिति २०४५।७।१८ मा फैसला भई अन्तिम रहेको देखिन आउने । मिति २०४५।७।१८ को फैसलाअनुसार गरिदिन ललितपुर जिल्ला अदालतबाट मालपोत कार्यालयमा मिति २०४६।९।४ मा पत्राचार भएकोमा दुवै पक्षलाई रोहबरमा राखी फिल्डमा गई कि.का. गर्न मेन्टिनान्स नापी शाखा ललितपुरमा लेखी पठाएको प्रमाण मिसिलबाट देखिन्छ। तत्पश्चात् नापी शाखाबाट स्थलगत कार्य गरी कि.नं. ८५ लाई कित्ताकाट गरी कित्ता नं. ५२३ र ५२४ कायम गरी कित्ताकाट गरेकोमा कित्ता नं. ५२३ पदम मेहरका नाममा र कित्ता नं. ५२४ बाँकी रहेकोमा पछि मालपोत कार्यालयको निर्णयअनुसार नै उक्त कि.नं. ५२४ जितमेहर बज्राचार्य र पद्ममेहर बज्राचार्यको संयुक्त नाममा कायम हुन आएको देखिने । मध्यमाञ्चल क्षेत्रीय अदालतको मिति २०४५।७।१८ को फैसला कार्यान्वयनको क्रममा साबिक कि.नं.८५ कित्ता काट भई कायम हुन आएको कि.नं.५२४ उक्त मुद्दाका वादी प्रतिवादी जितमेहर बज्राचार्य र पद्ममेहर बज्राचार्य दुवैको संयुक्त नाममा कायम भइसकेपछि सो फैसलाको कार्यान्वयन सम्पन्न भएको मान्नु पर्ने देखियो । साबिक कि.नं. ८५ बाट कित्ताकाट भई कायम भएको कि.नं.५२४ समेतको जग्गाधनी प्रमाण पुर्जा पाउन लोकमेहर बज्राचार्यसमेतले मालपोत कार्यालय ललितपुरमा मिति २०४८।३।१६ मा निवेदन दिएको देखिँदा साबिक कि.नं. ८१ कित्ताकाट भई कित्ता नं. ५२३ र ५२४ कायम हुन पुगेको र कि.नं. ५२४ को क्षेत्रफल ०-५-३-१ रहेको भन्ने कुरा पुनरावेदकलाई सोही समयमै थाहा जानकारी भएको भन्ने स्पष्ट हुने। पद्ममेहरका नाममा कायम हुन पुगेको कि.नं. ५२३ को हकमा यी पुनरावेदकले कुनै किसिमको दाबी जिकिर लिएको देखिँदैन । पुनरावेदक लोकमेहरका अंशियारहरूबिच मिति २०४८।४।२० मा बन्डा पत्र हुँदा कि.नं. ५२४ को क्षेत्रफल ०-५-३-१ जग्गामा आधा हक पद्ममेहर बज्राचार्यको यथावत् रहने गरी आधा हकको हुन आउने ०-२-३-२$^{1}/_{2}$ जग्गा लोकमेहर बज्राचार्यको भागमा रहने भनी उल्लेख भएको देखिन्छ। उक्त बन्डापत्रबाट समेत फैसलाअनुसार कि.नं. ५२४ को जग्गामा पद्ममेहर र लोकमेहरको बराबर हिस्सा रहेको भनी स्वीकार गरी पुनरावेदक विबन्धित भइसकेको देखिने । वादी प्रतिवादीका पिताहरूका बिच चलेको दर्ता बदर मुद्दामा मध्यमाञ्चल क्षेत्रीय अदालतबाट भएको फैसला अन्तिम भई कार्यान्वयनसमेत भइसकेको अवस्थामा सोही फैसलाको सन्दर्भलाई लिएर यस अदालतबाट मिति २०६७।१०।१४ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान हुँदा ग्रहण गरिएको आधारसँग समेत सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणबाट दाबीको कि.नं. ५२४ को जग्गामा जितमेहर बज्राचार्य र पद्ममेहर बज्राचार्यको बराबर हक निहित रहेको देखिन आएको र वादी लोकमेहरका अंशियारबिचको बन्डापत्रअनुसार जितमेहरको भागमा लोकमेहरको हक हुने र पद्ममेहरको हकमा निजका छोराहरू चक्रमेहर र रत्नमेहरको हक हुने देखिन आएकोले ललितपुर जिल्ला अदालतबाट मिति २०६४।२।२२ मा भई आएको नक्सा मुचुल्कालाई आधार लिई वादी प्रतिवादीहरूको भोग व्यवहारलाई समेत दृष्टिगत गरी संयुक्त नाउँमा रहेको कि.नं. ५२४ को जग्गाबाट वादी दाबीबमोजिम वादीको हक हिस्सामा पर्न आउने जग्गा कित्ताफोड गरी लिन पाउने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।७।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल भाद्र ४ गते रोज १ शुभम्।

- ०६७-CI-०९३०, दर्ता फारी गरी हिस्सा

छुट्ट्याई पाउँ, *लोकमेहर बज्राचार्य वि. रत्नमेहर बज्राचार्यसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७३-WO-१२७६, उत्प्रेषण, *प्रमिला गुप्ता वि. उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलास, नेपालगन्ज*

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय कर्मचारी प्रशासन शाखा, रामशाहपथ, काठमाडौंको मिति २०७२।४।७ को पत्रले निवेदिका प्रमिला गुप्ताको विशेष पदस्थापना भेरी अञ्चल अस्पताल बाँकेमा भएको तथ्यलाई निवेदिका स्वयंले स्वीकार गरेको पाइन्छ। स्वास्थ्य सेवा विभागको मिति २०७२।७।३० को पत्र हेर्दा प्रत्यर्थी सुभद्रा रोकाको सरूवा भेरी अञ्चल अस्पताल बाँकेबाट संस्थागत क्लिनिक बाँकेमा सरूवा गरेको देखिन्छ । आफूलाई सरूवा भएको ठाउँमा पदीय हैसियतअनुसारको जिम्मेवारी तथा काम गर्न यी निवेदिकासमेतले नदिएको भन्ने विषयलाई लिएर प्रत्यर्थी सुभद्रा रोकाले दायर गरेको रिट निवेदनमा निज सुभद्रा रोकालाई सरूवा भएको संस्थागत क्लिनिकमा पदीय जिम्मेवारीअनुसार काम कारबाही गर्न दिनु भनी उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट मिति २०७३।१२।९ मा परमादेशको आदेशसमेत जारी भएको देखिने । निवेदिका प्रमिला गुप्ता मिति २०७२।४।७ को पत्रले विशेष पदस्थापन भइसकेपछि मात्र मिति २०७२।७।३० मा प्रत्यर्थी सुभद्रा रोकाको संस्थागत क्लिनिकमा सरूवा भएको देखियो । यसरी मिति २०७२।४।७ को पत्रले निवेदिकाको विशेष पदस्थापना भएको र सोपश्चात् मात्र सुभद्रा रोकाको सरूवा भएको पाइँदा एउटै पदमा २ जना हुने हो कि भन्ने आशयको निवेदिकाको जिकिर तर्कसङ्गत नदेखिनुको साथै संस्थागत क्लिनिक तथा तालिम केन्द्रमा पूर्ववत् कार्यरत हुन पाउनु पर्दछ भन्ने निवेदिकाको जिकिर न्यायोचित भन्न मिल्ने नदेखिने । निवेदिकाले संस्थागत क्लिनिकमा कार्यरत रहन पाउनु पर्छ भन्ने कुनै कानूनी आधार रिट निवेदनमा उल्लेख गर्न सकेकोसमेत देखिँदैन । यसैगरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७३।१२।९ मा जारी भएको परमादेशको आदेश बदर गरिपाउँ भन्ने निवेदिकाको जिकिर भए पनि उक्त आदेश के कुन आधारमा कानूनी त्रुटिपूर्ण हुन पुगेको रिट निवेदनमा उल्लेख गर्न सकेको नदेखिँदा निवेदक मागबमोजिम रिट निवेदन जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इशा सुवेदी

इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CR-०७०५ र ०७४-RC-०१३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पंकजकुमार जैसवालसमेत र नेपाल सरकार वि. विरवासन सहनी*

जाहेरवालाले मौकामा दिएको जाहेरी दरखास्त बेहोरामा प्रतिवादी विरवासन सहनीले मृतकको टाउको समाती बटारी टाउको घुमाई घाँटी बटारिदिएकाले मृतकको मृत्यु भएको भनी लेखाएको देखिएको छ। मौकामा कागज गर्ने मोतिलाल, दिपेन्द्र पटेल, हरिन्द्र राउतले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा, मिति २०६५।९।६ गते साँझ ७:३० बजेको समयमा प्रतिवादी विरवासन सहनीले मृतकको टाउको बटारेको देखेको हो भनी मौकामा गरिदिएको कागज बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिने। मृतकको मृत्यु (Injury to spinal cord due to fracture circular vertebrae) को कारणबाट भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । प्रतिवादी विरवासन सहनीले मिति २०६५।०९।०६ गतेका दिन साँझको समयमा म गौरमा थिएँ। म सधैँ गौरमा ठेक्का पट्टा गर्ने गरेकोले गौर नगरपालिका वडा नं.८ मा डेरा

गरी बस्ने गरेको छु । मृतक शिवमंगल राउतको मृत्यु के कसरी भएको हो मलाई थाहा जानकारी छैन । उक्त वारदात घटनामा मेरो कुनै संलग्नता छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि निजले गरेको सो इन्कारी बयान आफ्नो साक्षी सबुद प्रमाणबाट पुष्टि गराउन सकेको नदेखिने । मौकामा घटना वारदातका समयमा मृतकलाई प्रतिवादीहरूले कुटपिटसमेत गर्दाका अवस्थामा यी प्रतिवादी विरवासन सहनीले मृतकको टाउको समाती बटारेको कारण मृतकको मृत्यु भएको भनी घटना वारदातका समयमा प्रत्यक्षदर्शीका रूपमा कागज गर्ने हरेन्द्र राउतसमेतले गरिदिएको कागज बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएसमेतका यी परिस्थितिको समग्र मूल्याङ्कन गर्दा यी प्रतिवादीहरूमध्येका विरवासन सहनीको कर्तव्यबाट नै मृतकको मृत्यु भएको देखिन आएको हुँदा निज प्रतिवादी विरवासन सहनीले मृतकलाई मारेको भनी आरोपित कसुर ठहर गरी निज विरवासन सहनीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरूको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिन आएकोले सदर हुने ।

प्रतिवादीहरू झिगन हजरा भन्ने रामज्ञान हजरा दुसाध, प्रमोद सहनी मलाह, देवपुजन सहनी भन्ने दिपेन्द्र सहनी मलाह, धर्मेन्द्र राय यादव, पंकजकुमार जैसवालसमेतका हकमा विचार गर्दा, निज प्रतिवादीहरूले आरोपित कसुर गरेकोमा पूर्ण रूपमा इन्कार रही बयान गरेको देखिन्छ । मृतकलाई पंकज कुमार जैसवाल, विरवासन सहनी मलाह, देवपुजन सहनी मलाह भन्ने दिपेन्द्र सहनी मलाह, प्रमोद सहनी मलाह, धर्मेन्द्र राय यादव र झिगन हजरा दुसाधसमेतले कुटपिट तथा लछारपछार गरी टाउकाको पछाडिको हड्डीसमेत भाँची मारी लासलाई नहरको पानीमा फालिदिएको भनी संजयकुमार राउतले मौकामा दिएको जाहेरी दरखास्तमा उल्लेख गरेको देखिन्छ भने मौकामा घटना विवरण कागज गर्ने दिपेन्द्रप्रसाद पटेल, बच्चा साह र हरेन्द्र राउत कुर्मीसमेतले मृतक शिवमंगल राउत कुर्मीलाई पंकजकुमार जैसवाल, विरवासन सहनी मलाह, देवपुजन सहनी मलाह भन्ने दिपेन्द्र सहनी मलाह, प्रमोद सहनी मलाह, धर्मेन्द्र राय यादव र झिगन हजरा दुसाधसमेतले कुटपिट तथा लछार पछार गरी टाउकाको पछाडिको हड्डीसमेत भाँची मारी लासलाई नहरको पानीमा फालीदिएको भन्ने बेहोरा उल्लेख गरेकोमा निजहरूले अदालतमा आई बकपत्र गर्दा मौकामा कागज गर्दा लेखाई दिएको आफ्नो बेहोरामा उल्लिखित कथनभन्दा पृथक गरी प्रतिवादी पंकजकुमारले मृतकको खुट्टा समातेको, धर्मेन्द्रले हात समातेको, प्रमोदले छुरी चक्कुले प्रहार गरेको, झिगनले र देवपुजनले फाइट मुक्का प्रहार गरेको भनी मौकामा कागज गर्दा उल्लेख गर्न नसकेको कुराहरूसमेत थप गरी लेखाएको देखिने । मृतकलाई घटना वारदातका अवस्थामा ५/५ जना प्रतिवादीहरूले कुटपिट गरेको भन्ने उल्लेख गरिएको देखिए तापनि मृतकको शरीरमा सो कुटपिटबाट यत्रतत्र घाउखतको चिह्नहरू रहेको भन्नेसमेत नदेखिई मृतकको हातको औंलाको छालासम्म खोस्रिएको भन्ने देखिएको र टाउकोमा दुई इन्च बराबरको कालो दाग भई रगत बगेको भन्नेसम्मको बेहोरा उक्त लास जाँच प्रकृति मुचुल्काबाट देखिने ।

मौकाका चश्मदिद भनिएका व्यक्तिहरू जाहेरवाला तथा मोतीलाल, हरेन्द्र राउतसमेतको भनाइमा विरवासन सहनीले मृतकको टाउको बटारी दिएको भन्नेसम्मको कथनमा मात्र एकरूपता रहेको देखिएको तर अन्य प्रतिवादीहरूले निर्वाह गरेको भूमिकाका सम्बन्धमा निजहरूले फरक फरक तथ्यहरू उजागर गरेको देखिन्छ । उक्त घटना वारदातमा यी प्रतिवादीहरूको उपस्थिति रहेको देख्ने चश्मदिद भनिएका निज गवाहहरूको उक्त भनाइमा एकरूपता नरही फरक फरक रूपमा व्यक्त भएको देखिएबाट

निज जाहेरवालालगायतका निज व्यक्तिहरूको सो भनाइ बेहोरालाई खम्बिर प्रमाणको रूपमा स्वीकार गर्न सकिने अवस्था नदेखिने।

प्रतिवादीहरूले मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार गरी बयान गरेको देखिएको र निजहरूको उक्त इन्कारी बेहोरालाई निजहरूका साक्षीहरूले समेत बकपत्र गरी पुष्टि गरेको देखिन आएकोमा निज यी प्रतिवादीहरू प्रस्तुत घटना वारदातका अवस्थामा घटनास्थलमा मौजुद रही मृतकलाई यी प्रतिवादीहरूसमेतले कर्तव्य गरी मारेको भन्ने तथ्यलाई वादी नेपाल सरकारले तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि प्रमाणित गराउन सकेको नदेखिने। फौजदारी मुद्दामा प्रतिवादीउपरको कसुर शङ्कारहित तवरले प्रमाणित हुनु पर्ने भन्ने फौजदारी न्यायको सर्व मान्य सिद्धान्त रही आएकोमा प्रस्तुत मुद्दामा मिसिल संलग्न संकलित सबुद प्रमाणहरूबाट यी प्रतिवादीहरू झिगन हजरा भन्ने रामज्ञान हजरा दुसाध, प्रमोद सहनी मलाह, देवपुजन सहनी भन्ने दिपेन्द्र सहनी मलाह, धर्मेन्द्र राय यादव, पंकजकुमार जैसवालसमेतका उपरको कसुर ठोस एवं शंकारहित प्रमाणबाट पुष्टि हुनसकेको नदेखिएबाट यी प्रतिवादीहरूलाई कर्तव्य ज्यान जस्तो गम्भीर अपराधमा कसुरदार ठहर गर्नु न्यायोचित हुने नदेखिएबाट निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ प्रदान गर्ने भनी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६८।११।१८मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०३।३१ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा निज प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय हुनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादीमध्येका विरवासन सहनीका हकमा निजलाई आरोपित कसुर ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने एवं अन्य प्रतिवादीहरू झिगन हजरा भन्ने रामज्ञान हजरा दुसाध, प्रमोद सहनी मलाह, देवपुजन सहनी भन्ने दिपेन्द्र सहनी मलाह, धर्मेन्द्र राय यादव, पंकजकुमार जैसवाललाई आरोपित कसुरबाट सफाइ प्रदान गर्ने गरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६८।११।१८ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०३।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-CI-११५४, लिलाम बदर, पर्चा बदर तथा दर्ता बदर, *लोकनाथ यादवसमेत वि. जटहीदेवी यादव*

प्रत्यर्थी / वादी जटहीदेवीले प्रतिवादी मोतिलालउपर दायर गरेको अंश मुद्दा कारबाहीयुक्त रहेको अवस्थामा प्रतिवादी लोकनाथ यादवले उल्लिखित कपाली तमसुकबमोजिमको रकम दिलाई पाउने प्रतिवादी मोतिलालउपर लेनदेन मुद्दा दायर गरी सो मुद्दामा वादी दाबी पुग्ने ठहर भई फैसला कार्यान्वयनका क्रममा यी वादी जटहीदेवीको अंश भागमा परेको जग्गासमेत डाक लिलाम भएको देखिन आउँछ। वस्तुतः प्रतिवादी मोतिलाल र लोकनाथबिचमा भएको लेनदेन कारोबारमा कुनै प्रकारको प्रतिफल प्राप्त नगरेकी यी वादीले सो लेनदेनको दायित्व बेहोर्नु नपर्ने अवस्थामा आफ्नो अंश भागमा परेको जग्गा उक्त ऋणबापत लिलाम गरिएको देखिएको छ। उक्त लिलामी प्रक्रियाबाट प्रतिवादी लोकनाथ यादवका नाउँमा जग्गा दर्ता भएपश्चात् यी प्रतिवादी लोकनाथले प्रतिवादी मोतिलालकी पत्नी तेतर देवीलाई सोही जग्गा बकसपत्रको माध्यमबाट हस्तान्तरण गरेको पेस भएको

०७१-CI-११५५ को लिखत तथा दर्ता बदर मुद्दाबाट देखिने।

प्रतिवादीहरू मोतिलाल यादवले अर्का प्रतिवादी लोकनाथसँग मिलेमतो गरी यी वादीलाई जुनसुकै रितसँग भए पनि निरअंशी बनाउने प्रयत्न स्वरूप गरिएको लिलामी प्रक्रिया दूषित मनासायले गरिएको देखिन आयो। कुनै व्यक्तिलाई अंश हकबाट वञ्चित गराउने उद्देश्यले गरिएका त्यसप्रकारका दूषित कार्यबाट अंश हक जान सक्ने हुँदैन। अंश मुद्दा विचाराधीन रहेकै अवस्थामा लेनदेन मुद्दा गर्ने, लिलामी प्रक्रियाबाट सकार गरी लिने, बकसपत्र गरिदिने काम दूषित मनसाय राखेर गरेको प्रस्टै देखिन्छ । उक्त दूषित कार्य बदर गरी पाउन नालिस गर्न हदम्यादको सिद्धान्तसमेत आकर्षित हुने नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

वादीले लेनदेन मुद्दाको फैसला बदरमा फिराद नगरी डाक लिलाम बदरको मात्र फिराद गरेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर छ सो सम्बन्धमा हेर्दा प्रत्यर्थी / वादीलाई आफूले दायित्व बेहोर्नु नपर्ने ऋणबापत आफ्नो अंश भागको जग्गा डाक लिलाम भई वादीका हकमा असर परेको देखिएकोमा सोउपर वादीले फिराद गरेकै देखिएकाले लेनदेन मुद्दाको फैसला बदरमा दाबी नहुँदैमा यो मुद्दा प्रभावित हुन सक्ने नहुँदा प्रतिवादीको उक्त जिकिरसमेत मनासिब नहुने।

प्रत्यर्थी / वादी जटहीदेवीले मोतिलाल राय यादवसमेत उपर दायर गरेको अंश मुद्दामा दुई भागको एक भाग अंश पाउने गरी फैसला भएको र सो अंश मुद्दा कारबाहीयुक्त अवस्थामा रहँदा लेनदेन मुद्दा परी सो लेनदेन मुद्दाको ऋणको दायित्व बेहोर्नु नपर्ने यी प्रत्यर्थी / वादीको अंश भागसमेत बिगोको कारबाहीमा लिलाम भएको अवस्थामा उल्लिखित लिलामी र तामेली पर्चा कानूनबमोजिमको नहुँदा वादीको हकजति आधा जग्गामा भएको लिलामी तथा तामेली पर्चालगायतका प्रतिवादी लोकनाथ यावका नाउँमा भएको दर्तासमेत बदर गरी वादीका नाउँमा दर्ता गर्नुपर्नेमा वादीको दाबी पुग्न नसक्ने ठहऱ्याएको बारा जिल्ला अदालतको मिति २०७०/२/२६ को फैसला नमिलेको भनी उक्त फैसला उल्टी गरी मिति २०५९/१०/२७ को लिलाम र सोअनुसार भएको दर्तासमेतको सम्पूर्ण क्रिया बदर गरी नरमगरम मिलाई वादी जटहीदेवी रायको नाउँमा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१/८/१५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः बिमला पौडेल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल मार्ग १८ गते रोज २ शुभम्।

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७०-CR-१४७२, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. इन्द्रजित श्रेष्ठ*

बरामदी मुचुल्कालगायतका मिसिल संलग्न कागजात हेर्दा, बरामद भएको भनिएको लागु औषध निज प्रतिवादी इन्द्रजित श्रेष्ठबाट बरामद भएको भन्ने कुरा कहीँकतै देखिँदैन। साथै निज प्रतिवादी इन्द्रजित श्रेष्ठले मौकामा आफू र प्रतिवादी कृष्ण महर्जनले चार चार हजार रूपैयाँ उठाई उक्त लागु औषध खरिद गरेको भनी बयान गरेको भए तापनि निजले अदालतसमक्ष बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान आफूले गरेको नभई प्रहरीले जबरजस्ती सहीछाप गराएको हो, आफूले लागु औषध खरिद गरेको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको अवस्था देखिने । सुरू र पुनरावेदन अदालतबाट आरोपित कसुरमा सजाय ठहर भएका सहप्रतिवादी कृष्ण महर्जनले अदालतसमक्ष गरेको बयानमा प्रतिवादी इन्द्रजित श्रेष्ठले आफूलाई उक्त बरामदित लागु औषध खरिद गर्न सल्लाह नदिएको प्रतिवादी इन्द्रजित महर्जन बाइकको सामान खरिद गर्न आफूसँग गएको र निजलाई प्रहरीले किन समातेको हो सो बारेमा

आफूलाई थाहा नभएको भनी उक्त लागु औषधको खरिद कार्यमा निज प्रतिवादीको संलग्नता नरहेको भन्ने बेहोरा लेखाइदिएको देखिने।

कुनै पनि व्यक्तिलाई लगाइएको अभियोग स्वतन्त्र ढंगले वस्तुनिष्ठ आधारमा प्रमाणित भएमा मात्र निजले सजायको भागीदार बन्नुपर्दछ भन्ने फौजदारी न्यायको सिद्धान्त हो। प्रमाण ऐन, २०३१ को दफा २५ ले अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार अभियोजन पक्षमा रहने कानूनी व्यवस्था गरेको छ। यसको मकसद अभियोग दाबीबमोजिमको कसुर प्रतिवादीबाट भएको हो भन्ने कुराको पुष्टि अभियोजन पक्षले वस्तुनिष्ठ आधारमा नगरून्जेल कसैलाई पनि दोषी करार गर्नु हुँदैन भन्ने हो साथै कसैलाई पनि यथेष्ट आधार कारणविना सजाय स्थापित गर्नु न्यायिक मूल्य मान्यताको विरूद्धसमेत हुन जाने।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट निज प्रतिवादी इन्द्रजित श्रेष्ठको साथबाट लागु औषधलगायतका कुनै अवैध सामग्री बरामद भएको भन्ने बरामदी मुचुल्कामा उल्लेख नभएको, प्रतिवादी आरोपित कसुरमा अदालतमा इन्कार रही बयान गरेको, प्रतिवेदक जाहेरवालाको बकपत्रबाट समेत निज प्रतिवादीको साथबाट कुनै लागु औषध बरामद भएको भन्ने नदेखिएको, सुरू र पुनरावेदन अदालतबाट समेत कसुर कायम भई सजाय ठहर भएका सहप्रतिवादी कृष्ण महर्जनले समेत अदालतमा प्रतिवादी इन्द्रजित श्रेष्ठको लागु औषध ओसार पसारको कसुरमा संलग्नता रहेको भनी पोल गरेको नदेखिएको साथै आरोपित कसुरमा निज प्रतिवादीको के कस्तो संलग्नता रहेको थियो भन्ने कुराको पुष्टि अभियोजन पक्षले वस्तुनिष्ठ आधारमा गर्न नसकेकोलगायतका आधार प्रमाणलाई विश्लेषण गरी निज प्रतिवादी इन्द्रजित श्रेष्ठलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भाद्र २७ गते रोज ४ शुभम्।

इजलास नं. ३

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-CR-०१८१ र ०७२-CR-०७७४, कर्तव्य ज्यान, *रमेश साहु वि. नेपाल सरकार र सितल बेरा वि. नेपाल सरकार*

लास जाँच मुचुल्काबाट ढाडमा निलडाम भएको निधारको भागमा १ १/२ से.मि., टाउको बिचमा ४ से.मि.लम्बाई २ से.मि.गहिरो दायाँ भागमा ६ से.मि. लम्बाई ३ से.मि.गहिरो काटेको घाउ भन्ने देखिन आएको छ। प्रतिवादीमध्येको सितल बेराले अदालतमा बयान गर्दा मृतकलाई रमेश साहुले मारेका हुन् भनी कसुरमा आफ्नो संलग्नता छैन भने पनि अनुसन्धानको क्रममा बयान कागज गर्दा मृतक रामजीत चौहानले तथानाम गाली गलौज गरी मलाई दुई थप्पड हानेकोले यसलाई ठीक पार्नुपर्छ भनी मैले कोठाबाट गरासी र रमेश साहुले लाठी लिएर आई टाउको र शरीरको अन्य भागमा कुटपिट गरेका हौं भनी लेखाएको पाइन्छ। प्रतिवादीमध्येका रमेश साहुले अदालतमा खुँडा र बिँडसमेतले मैले प्रहार गरी मारेमा साबित रहेका देखिने।

सितल बेराले फलामको गरासी र रमेश साहुले बञ्चरोको बिँडले रामजीत चौहानलाई अन्धाधुन्ध संवेदनशील अङ्ग टाउकोलगायत शरीरको विभिन्न भागमा कुटपिट गरी त्यसैको कारण र जरियाबाट मृतक रामजीत चौहानको मृत्यु भएको भन्ने देखिन आएकोले ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम

प्रतिवादीहरू रमेश साहु र सितल बेरालाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई बाँके जिल्ला अदालतबाट मिति २०७१।२।२३ मा भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला अन्यथा नदेखिने।

अतः पुनरावेदन अदालतको मिति २०७१।१२।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल माघ २५ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-CR-०७७९, लागु औषध हेरोइन, *नेपाल सरकार वि. मकरबहादुर घर्तीमगरसमेत*

प्रतिवादी मकरबहादुर घर्ती मगरबाट १३ ग्राम मात्र लागु औषध बरामद भएको तथ्य बरामदी मुचुल्काबाटै प्रमाणित भएको छ । एकैसाथ पक्राउ परेको र एकैसाथ खरिद गरेको आधारले अलग अलग व्यक्तिको साथबाट अलग अलग परिमाणमा बरामद भएको लागु औषधलाई एउटै वारदात कायम गरी दुवै प्रतिवादीबाट बरामद भएको लागु औषधको एकमुष्ट परिमाण कायम गरी सजाय गरिँदा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ) मा बरामद भएको लागु औषधको परिमाणअनुसार सजाय हुने व्यवस्थाको विपरीत हुन जाने।

कसुरमा रहेको संलग्नताको आधारमा सजाय हुने हो । एकैसाथ लागु औषध किन्नु र एकैसाथ पक्राउ पर्नुले अलग अलग परिमाण खरिद गरी लिएको लागु औषधलाई एकमुष्ट परिमाण कायम गरी सोही आधारमा कम परिमाण खरिद गर्ने व्यक्तिका हकमा निजले खरिद नगरेको अर्को व्यक्तिबाट बरामद भएको लागु औषधको परिमाणसमेत गणना गरी बढी परिमाण कायम गरी सजाय गर्नु न्यायसङ्गत हुँदैन । यी प्रतिवादी मकरबहादुर घर्ती मगरबाट बरामद भएको लागु औषध हिरोइनको परिमाणअनुसार निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा देखिन नआउने।

लागु औषध बरामद भएका प्रतिवादीहरूले बरामदी लागु औषध कहाँबाट ल्याएका हुन् थाहा छैन भनी अनुसन्धानकै क्रममा यी प्रतिवादीहरूले बयान गरेको देखिन्छ । बरामदी लागु औषध खरिद गराउन वा सो बिक्री वितरण गर्ने गराउने कार्यमा यी प्रतिवादी रतुलामा र कर्म गुरूङ संलग्न रहेको तथ्य प्रमाणित हुने प्रमाण आधार मिसिलबाट देखिन आएको छैन । निजहरूको सँगसाथबाट कुनै लागु औषध बरामद भएको देखिँदैन । यसरी मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेको शंकारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा निज प्रतिवादीहरू रतु लामा र कर्म गुरूङलाई सफाइ दिने ठहराएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा नदेखिने।

तसर्थ माथि विवेचित बुँदा प्रमाणसमेतका आधारमा काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।३।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल माघ २५ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६६-WO-१०७५, उत्प्रेषण / परमादेश, *त्रिवेन्द्रराज पन्त वि. पुनरावेदन अदालत पाटनसमेत*

मिति २०६६।८।४ मा पुनः निर्णयका

लागि फिर्ता पठाएपछि आजको अवस्थासम्म मध्यस्थको प्रक्रिया धेरै अगाडि बढिसकेको स्थिति हुन सक्छ । पुनः निर्णयका लागि फिर्ता पठाए पनि मध्यस्थलाई सम्झौतामा उल्लिखित सीमाभित्र रहेर स्वतन्त्र रूपमा निर्णय गर्न पाउने अधिकार निहित नै रहन्छ । यसरी निवेदक र विपक्षी सडक विभागबिच भएको सम्झौताबमोजिम नभई सम्झौतामा किटान नगरिएको कुरामा समेत प्रवेश गरी मध्यस्थले निर्णय गरेको देखिएको भनी उक्त निर्णय बदर गरी पुनः निर्णय गर्न मध्यस्थसमक्ष मिसिल फिर्ता पठाउने अदालतको निर्णयले निवेदकको मौलिक एवं कानूनी हकमा आघात पुगेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६७-WO-०३५४, प्रतिषेध, *रामप्रसाद भण्डारी वि. बिरा कम्प्लेक्स नयाँ सडक, काठमाडौसमेत*

निवेदकले विपक्षी बैंकउपर प्रतिषेधको आदेशको माग गरेको देखिएको, कालोसूचीमा राख्ने अधिकार कर्जा सूचना केन्द्रलाई भएको देखिँदा उक्त निकायलाई प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएको नदेखिएको साथै कुनै न्यायिक वा अर्धन्यायिक निकायले गैरकानूनी कार्य गर्न लागेमा उक्त कार्यलाई रोक्नको लागि प्रतिषेधको आदेश जारी हुने अवस्थामा यहाँ बैंकउपर निवेदनमा प्रतिषेधको आदेश जारी गरिपाउँ भनी माग गरेको देखिएकोले, प्रस्तुत रिट निवेदनबाट निवेदकले उपचार प्राप्त गर्न सक्ने अवस्था नहुँदा खारेज हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम् ।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-१३०८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. लालबहादुर तामाङ*

प्रतिवादी लालबहादुर तामाङले जाहेरवाला रोजबहादुर गोलेलाई वैदेशिक रोजगारीको सिलसिलामा इराक मुलुकमा काममा लगाइदिने भनी मिति २०६५।०५।२८ मा नगद रकम रू.२,००,०००।– (रूपैयाँ दुई लाख) लिई आफूलाई दुबईसम्म पुर्‍याई अलपत्र पारेको भनी जाहेरी दिएको देखिन्छ । उक्त जाहेरीलाई समर्थन गर्न निजले न्यायाधिकरणसमक्ष बकपत्र गर्दा आतेजाते टिकटबाहेक रकम लेनदेनसम्बन्धी अन्य ठोस प्रमाण पेस गर्न सकेको देखिँदैन । निज जाहेरवालाबाट रकम नलिएको भनी अनुसन्धान अधिकृतसमक्ष तथा काठमाडौं जिल्ला अदालतमा बयान गर्दाको बखत प्रतिवादी इन्कार रहेका छन् । निज जाहेरवालाले प्रतिवादीलाई रकम दिएको सम्बन्धमा कुनै लिखत पेस गर्न नसक्नु तथा जाहेरवालाबाट रकम लिएको तथ्यलाई प्रतिवादीले अस्वीकार गरेको अवस्थामा भर पर्दो लिखत प्रमाणबेगर बिगो कायम गर्न मिल्ने नदेखिने । पुनरावेदनपत्रमा लिएको जिकिरबमोजिम वैदेशिक रोजगारको खोजीमा भएका सबै पीडितहरूले लिखत गरी वा रसिद नै लिई रकम दिने गर्दैनन् भन्ने कुरालाई एकछिनलाई मानिदिने हो भने पनि त्यसरी लिखत नगरी वा रसिद नै नलिई भएको लेनदेन व्यवहारको रकममा मुख नै नमिलेको अवस्थामा त्यस्तो अनिश्चित रकम दिलाई दिन मिल्ने देखिँदैन । यी जाहेरवाला रोजबहादुर गोलेबाहेकका अन्य जाहेरवालासँग रकम लिँदा प्रतिवादीले कागज गरिदिएको र रकम लिएको तथ्यसमेत स्वीकार गरेको अवस्था छ । यी जाहेरवालाबाट प्रतिवादीले रकम लिएको देखिने प्रमाणको अभाव रहेको र रकम लिएको कुरामा इन्कार रहिरहेको स्थितिमा प्रतिवादीबाट जाहेरवाला रोजबहादुर गोलेलाई पनि बिगो र हर्जाना

दिलाउनुपर्छ भन्ने विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।११।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विमला पौडेल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ १७ गते रोज ४ शुभम्।

६

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-CI-०७६४, लेनदेन, *लक्ष्मी गुरूङ वि. धनप्रसाद गुरूङ*

नवरत्न सहकारीको चेकमार्फत वादीका पतिले भुक्तानी लिएको रकम वादी दाबीको तमसुकको रकमबाहेक अर्कै व्यवहारको हो भन्ने तथ्य प्रमाणित नभएसम्म वादी दाबीकै लिखतको रकममध्येकै कारोबार हो भनी मान्नु पर्ने हुन्छ । एकासगोलको पत्नीको नाउँमा तमसुक खडा गरे पनि लेनदेन कारोबार पतिमार्फत् नै हुन सक्ने व्यवहारिक पक्षलाई इन्कार गर्न मिल्ने अवस्था हुँदैन। तमसुकको धनी श्रीमती रहेको र ऋणीले धनीको एकासगोलको पतिलाई तमसुक मितिपश्चात् बुझाएको रकमका सम्बन्धमा ऋणसँग तमसुककी धनीको पतिको अर्कै लेनदेन कारोबार रहेको देखिने स्पष्ट प्रमाणको अभाव रहेकोले धनीको एकाघरको मुख्य व्यक्ति पतिले ऋणिबाट बुझी लिएको चेकको रकम पत्नीको नाउँमा खडा भएको तमसुकी ऋणबाहेकको रकम हो भनी अर्थ गर्न न्यायोचित देखिन आउँदैन। यसरी ऋणीको पुनरावेदिका वादीका पतिसँग छुट्टै लेनदेन कारोबार रहेको तथ्य स्थापित हुन नसकेको अवस्थामा एकासगोलमा रहेका घरका मुख्य व्यक्ति वादीका पतिले चेकमार्फत बुझी लिएको रकम तमसुकको सावाँ ब्याजमा कट्टा गर्ने गरेको पुनरावेदन अदालतको फैसला अन्यथा भएको नदेखिने।

अतः वादी दाबीबमोजिमको पूरै सावाँ र ब्याजसमेत वादीले प्रतिवादीबाट भरी पाउने ठहऱ्याई भएको सुरू स्याङ्जा जिल्ला अदालतको मिति २०६९।०१।३१ को फैसला केही उल्टी गरी वादीको पतिले ऋणी प्रतिवादीबाट चेकमार्फत बुझेको रकम तमसुकको सावाँ ब्याजमा कट्टा गरी बाँकी हुन आउने सावाँ ब्याज भरिपाउने ठहर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७०।७।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खडका, ०७३-RC-०११५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोम्हम्मद सौखत शेष*

मृतकको लास झुण्डिएको अवस्थामा फेला परेको भन्ने मिसिल संलग्न प्रमाणबाट कहिँकतै खुल्न नआएको, आफूसँगै फर्किएको भन्ने प्रतिवादीले त्यसरी ज्यानै जाने गरी कुनै घटना र तथ्य भएकोबारे खुलाउन पनि नसकेको र अन्य कुनै वारदात घटना भएको भनी साक्षी सरजमिन र बुझिएका व्यक्तिहरूले समेत भन्न नसकेको अवस्थामा प्रतिवादीको अदालतसमक्षको बयान पत्यारलायक देखिएन । प्रतिवादीले आफ्नो साक्षीलाई अदालतमा उपस्थित गराई कसुरमा इन्कार भई अदालतमा गरेको बयान आफ्नो साक्षी प्रमाणबाट समर्थित गराउन सकेको पनि नपाइने।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष कसुर अपराधमा साबित भई गरेको बयानलाई मृतकको मृत्युबारे तयार भएको घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, जाहेरवाला र अनुसन्धानका क्रममा बुझिएका

ओमप्रकाश साहसमेतका व्यक्तिहरूले अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्रबाट समेत पुष्टि भई रहेको देखिने।

घटनास्थलमा भेटिएका जाहेरवालाले यिनै प्रतिवादीको चप्पल हो भनी भनेका कुरालाई निज प्रतिवादीले आफ्नो हैन भनी जिकिर लिनसकेको पनि पाइँदैन । चारकिल्ला खुलाइएको घटनास्थल तथा लासजाँच मुचुल्कामा खुलाइएको निज प्रतिवादी सौखतको खाटमुनिबाट हिलो माटोले लतपतिएको लुङ्गी वारदात घटनाका अवस्थामा निज प्रतिवादीले लगाएको निजकै भएको भनी खुलिरहेको अवस्थामा सो लुङ्गी उक्त वारदात घटनामा प्रयोग भएको हैन भनी जिकिरसमेत नलिएका यी प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयानबाट सो लुङ्गी खोली अर्को लुङ्गी लगाएको हुँ भनी गरेको बयानले समेत समर्थन गरिरहेको देखिने।

उल्लिखित तथ्य, घटना विवरणबाट प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई गरेको कसुरबाट छुट्कारा पाउन सकिन्छ कि भनी अदालतसमक्ष इन्कार भई बयान गरेको अवस्थाले मात्र यी प्रतिवादी निर्दोष हुन् भनी भन्न सकिने अवस्था देखिएन। प्रतिवादीले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरे तापनि घटनाको मृत्युको कारण अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूको कागज, अदालतसमक्ष निजहरूले गरिदिएको बकपत्रसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट यिनै प्रतिवादी सौखत शेख भन्ने मोहमत सौखत शेखकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आउने।

तसर्थ, उल्लिखित तथ्य, आधार र कारणबाट प्रतिवादी मोहमत सौखत शेखले निजको भाइ रहमान शेखलाई घाँटीमा गम्छाले कसी कर्तव्य गरी मारेको अभियोग दाबीबमोजिमको कसुर गरेको प्रमाणित भई निज मोहमत सौखत शेखलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको १३(३) नं.बमोजिम सजाय हुनुपर्ने देखिन आएकोले सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०७०/११/५ गते भएको फैसला मनासिब देखिएकोले सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१/१२/४ मा भएको फैसला मनासिब नै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल वैशाख १५ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-CI-१२२१, अंश, *श्रीमती मनसरा सुनारनीसमेत वि. मोती सुनार*

वादी प्रतिवादीहरूबिच अंशबन्डा भएको भए या त रजिस्ट्रेसन पारित हुनुपर्ने वा व्यवहारबाट छुट्टी भिन्न बसेको अवस्था देखिनुपर्ने हुन्छ । अछाममा रहेको पैतृक सम्पत्ति बन्डा भएको भन्ने जिकिर लिएपनि त्यस्तो सम्पत्ति आफूले पनि प्राप्त गरेको वा यसरी फलानो अंशियारलाई छोडपत्र गरिदिएको भनी भन्न सकेको पाइँदैन । व्यवहार गर्दै जाँदा सगोलमा रहँदै निजी आर्जन गरेको भए पनि सगोलकै सम्पत्ति ठहर्छ । एकाघर सगोलका अंशियारहरू पनि आफ्नो पेसा व्यवसाय चलाउन विभिन्न ठाउँमा गई बसोवास गर्नु र आर्जन गर्नु अस्वाभाविक हुँदैन । सगोलमा रहेको अवस्थामा निजी आर्जन ठहर्नेबाहेक एकाघर अंशियारमध्ये जुनसुकै व्यक्तिको नाममा सम्पत्ति रहे पनि त्यस्तो सम्पत्तिलाई सगोलकै सम्पत्ति मान्नु पर्ने हुन्छ । अंशियारहरूबिच रीतपूर्वक अंशबन्डा भएको तथ्य स्थापित नभएको अवस्थामा ठाउँ विशेषको अवस्था र परिस्थितिबाट कुनै व्यक्तिले स्वआर्जन नगरी प्राप्त गरेकै कारणबाट त्यस्तो सम्पत्ति निजी आर्जन गरेको मान्नु न्यायसङ्गत नहुने।

मानो छुट्टिएको सम्बन्धमा समेत यी वादी

प्रतिवादीहरूबिच कुनै लिखत भएको पाइँदैन । २०१५ सालमा नै घरसारमा अंशबन्डा भएको भन्ने जिकिर लिनु नै पर्याप्त हुँदैन । कामकाज र व्यवहारबाट मानो छुट्टिएको जस्तो देखिए पनि अंशियारहरूबिच मन मुटावको स्थिति आउन नदिनेतर्फ सबै सचेत रहनुपर्छ । रीतपूर्वकको बन्डा नभएको र मानो छुट्टी भिन्न भइसकेको बेहोरा उल्लेख भएको भन्ने आधारमा मात्र वादीले पाउने अंशजस्तो नैसर्गिक हकबाट वञ्चित गर्न न्यायका मान्य सिद्धान्तसमेतले नमिल्ने ।

वादी प्रतिवादीहरू एकाघर सगोलका अंशियारहरू भएको कुरामा विवाद नभएको अवस्थामा वादी प्रतिवादीहरूका बिच कानूनबमोजिमको बन्डापत्र नभएको, बन्डापत्रको कुनै लिखत पनि नभएको अवस्थामा फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम गरिएको फैसला मनासिब नै देखिने ।

अंश भएको भन्ने जिकिर लिएका प्रतिवादीहरूले सोसम्बन्धी लिखत प्रमाण पेस गर्न र मुलुकी ऐन रजिस्ट्रेसनको महलको १ नं.बमोजिम मानो छुट्टिएको लिखत अनिवार्य रूपले रजिस्ट्रेसन हुनुपर्ने व्यवस्थाको पालनासमेत गरेको नदेखिँदा यी वादी प्रतिवादीहरू छुट्टी भिन्न भई बसेको अवस्था देखिएन । यस स्थितिमा सगोलमा रहेको अवस्थामा प्राप्त जग्गाहरू कुनै अंशियारको नाममा दर्ता गर्दैमा निजी आर्जन भन्न मिल्ने हुँदैन । जुनसुकै स्रोतबाट आर्जन गरिएको भए पनि त्यो सम्पत्ति सगोलको आर्जन मानिन्छ । यस स्थितिमा प्रतिवादीहरू विक्रम सुनार, मोहन सुनार नाउँ दर्ताको जग्गाहरू पनि निजहरूको निजी आर्जनबाट खरिद गरेको भन्ने कुरा मिसिलबाट यकिन रूपमा पुष्टि भएको नदेखिँदा ती जग्गा सम्पत्तिहरूसमेत यी अंशियारहरूबिच बन्डा लाग्ने प्रकृतिकै जग्गा सम्पत्ति भएको मान्नुपर्ने देखिन आउने । प्रस्तुत मुद्दाका अंशियारहरूमध्ये कसैको नाममा अछाममा र कसैका नाममा कैलाली कञ्चनपुरमा विभिन्न कित्ता जग्गाहरू रहेको र छुट्टी भिन्न भएको नदेखिँदा मिसिल संलग्न प्रमाणबाट बन्डा नलाग्ने भनी उल्लेख गरेको जग्गा सगोलमा रहँदा बस्दाकै अवस्थामा प्राप्त गरेको देखिएकाले बन्डा हुनुपर्ने नै देखियो । मानो छुट्टिएको र अंशबन्डा भइसकेको भन्ने आधिकारिक लिखत प्रमाणको अभाव भएको अवस्थामा पक्षहरूको सोतर्फ मुख नमिलेको अवस्थामा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी भएको फैसला कानूनसम्मत नै देखिन आउने ।

पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७०/९/२२ को आदेशानुसार मुलुकी ऐन, अ.बं. १३९ नं.बमोजिम बुझिएका धनसिंह सुनार र ददि भन्ने ददिमले सुनारले समेत हामी अंशियार भएको एकासगोलमा बसेका छौं भनी बयान गरेको देखिँदा निजहरूमध्ये धनसिंह सुनारले पेस गरेको तायदातीमा उल्लिखित कैलाली जिल्ला नारायणपुर गाउँ विकास समिति वडा नं. १ को कि.नं. ७२० र अछाम जिल्ला पायल गाउँ विकास समिति वडा नं. ६, कि.नं. २०४०, ११४१, १०६४ सोही गाउँ विकास समिति वडा नं. २ को कि.नं.८० र वडा नं.९ को कि.नं. ६१८, ६२२, ७७८ समेतका जग्गाका सम्बन्धमा केही नबोली गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उक्त जग्गाहरूबाट समेत यी वादीले दाबीबमोजिम ५ भागको १ भाग धन ऋण छुट्याई अंश लिन पाउने ठहर्छ । बाँकी कुरा जतिमा वादी प्रतिवादीबाट पेस दाखिला हुन आएको तायदाती फाँटवारीहरूमा उल्लिखित ऋण र दर्ता कायम भइसकेको जग्गाहरूलाई ५ भाग बन्डा गरी सो ५ भागको १ भाग धन ऋण यी वादीले छुट्याई लिन पाउने र हालसम्म दर्ता कायम हुन नसकेको कि.नं. ३४ को जग्गाको हकमा ५ भागको १ भाग भोगसम्म गर्न पाउने गरी भएको सुरु तथा पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने ।

तसर्थ, सबुद प्रमाणको मूल्याङ्कन गरी वादी दाबीअनुसार अंश पाउने गरी मिति २०७१/११/२६

गते पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको फैसला केही उल्टी भई अ.बं. १३९ नं. बमोजिम बुझिएका अंशियारहरूले पेस गरेको तायदाती फाराममा उल्लिखित जग्गाहरूबाट समेत यी वादीले ५ भागको १ भाग ऋण धन अंशबन्डा गरी लिन पाउने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम्।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-०३४५, उत्प्रेषण / परमादेश, *राधाकृष्ण बानिया वि. इलाका प्रहरी कार्यालय, बनेपासमेत*

निवेदकले इलाका प्रहरी कार्यालयमा दिएको जाहेरी दर्खास्तबाट डाँका मुद्दामा कारबाही प्रारम्भ हुनुपूर्व नै सोही वारदातका सम्बन्धमा उही प्रतिवादीहरूउपर सार्वजनिक अपराध मुद्दाको जाहेरी परी अनुसन्धान भई जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा अभियोग दायर भई विचाराधीन अवस्थामा रहेको भन्ने देखिन आएको छ। जाहेरवालाकी आमा मिठु बानियाँले सार्वजनिक अपराध मुद्दाको अनुसन्धानको क्रममा कागज गर्दासमेत प्रतिवादीहरूले डाँका गरी धनमाल लगेको भन्न नसकी प्रतिवादीहरूले डोजर लगाई घरको लत्ता कपडा, दराज, सोफासमेतका धनमाल पुरी, भाँची, फुटाली काम नलाग्ने अवस्थामा पुऱ्याएकाले रू.२१,००,०००।– भराई पाउँ भनी कागज गरेको अवस्थासमेतलाई विचार गर्दा एउटै वारदातमा सार्वजनिक अपराधको मुद्दा दायर भई विचाराधीन रहेको अवस्थामा पुनः सोही वारदातका सम्बन्धमा उही व्यक्तिउपर डाँका मुद्दा चल्न सक्ने अवस्था नहुने।

निवेदकले उठान गरेको विषयमा केही सार्वजनिक अपराध ऐन, २०२७ बमोजिम कारबाही चलेको देखिएकोले निवेदन दाबीबमोजिम सोही मुद्दामा पुनः डाँकाको अपराधमा कारबाही चलाउन मिल्ने अवस्था नदेखिने।

कुनै व्यक्तिको परिवार बसोवास गरी रहेको घर तथा वासस्थानमा कानूनबमोजिम बाहेक डोजर जस्ता जोखिम मेसिन प्रयोग गरी घरै भत्काउने कार्य स्वीकार्य हुन सक्दैन। यस्तो प्रवृत्ति राज्यविहीनताको उदाहरण बन्न जान्छ । यस्तो कार्य गर्ने व्यक्तिलाई राज्यले जिम्मेवारीपूर्वक अनुसन्धान गरी पीडितलाई सहयोग गर्नुपर्ने हुन्छ । कुनै पनि नेपाली नागरिकको वासस्थानमा बिनाअनुमति प्रवेश गर्नु आफैँमा स्वीकार्य विषय होइन, त्यसमाथि पनि वासस्थान भत्काई सम्पत्तिको नोक्सानी गराउनु आफैँमा गैरकानूनी कार्य हो। राज्यले समेत कानूनविपरीत बाहेक कसैको सम्पत्ति अधिग्रहण गर्न नसक्ने। आफ्नो बसोवासको घर डोजर लगाएर भत्काई डाँका गरिएको भन्ने उजुरी लिई प्रहरी कार्यालयमा पुगेको जाहेरवालाको जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरिएकाले आफूले हुलाकमार्फत जाहेरी दर्ता गर्नुपरेको भन्ने निवेदकको कथन रहेकोमा विपक्षीहरूको लिखित जवाफमा अन्यथा भन्नसकेको नदेखिएकाले राज्यका जिम्मेवार निकायबाट न्यूनतम् मानवीय संवेदनासमेत व्यक्त गरेको नदेखिने।

सरकारी वकिलले नेपाल सरकार वादी भएको मुद्दा नचलाउने निर्णय गर्दा पर्याप्त आधार र कारण हुनुका अतिरिक्त मुद्दा नचलाइएको कारण पीडित पक्षलाई पर्न सक्ने असर तथा वारदातबाट भएको क्षतिको राहत के कसरी हुने भन्नेतर्फ पनि संवेदनशील हुन आवश्यक हुने। डाँका मुद्दा नचलाउने निर्णय गर्दा सार्वजनिक अपराधलाई मुख्य आधार बनाइएको छ । त्यसरी अन्य मुद्दा चलिसकेको भन्ने कुरालाई मुख्य आधार बनाउँदा वारदातबाट पीडितले राहत पाउने विषय पनि खुलाउनु पर्नेमा मुद्दा नचलाउने निर्णयमा त्यस्तो केही खुलाएको देखिँदैन। पीडितलाई कसरी राहत दिलाउने भन्ने विषयलाई हलुकासँग हेर्ने प्रवृत्ति हटाउनु आवश्यक छ । यस अवस्थामा डाँका

मुद्दा नचलाउने भनी गरिएको निर्णयमा वादी पक्ष संवेदनशील भएको भन्न मिल्ने अवस्था छैन । परन्तु यही वारदातमा सार्वजनिक मुद्दा चली अभियोगपत्र दायर भई विचाराधीन रहेको भन्ने देखिएकाले फौजदारी कानूनको सर्वमान्य सिद्धान्तबमोजिम सोही वारदातमा अर्को मुद्दा चलाउन नमिल्ने भएकाले निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने नदेखिने ।

मुद्दा नचलाउने निर्णय गर्दा पीडितलाई परेको क्षति तथा राहत सम्बन्धमा पनि कुनै उल्लेख नगरिएको देखिएकाले नेपाल सरकार वादी हुने फौजदारी मुद्दा नचलाउने निर्णय गर्दा वारदातबाट पीडित पक्षलाई न्याय हुने गरी राहत एवं क्षतिपूर्ति सम्बन्धमा आवश्यक विचार गरेर राजनीतिकलगायत अन्य प्रभावबाट मुक्त रही मात्र मुद्दा नचलाउने निर्णय गर्नु भनी विपक्षी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल मंसिर ४ गते रोज २ शुभम् ।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७२-CR-१९६७, लागु औषध ब्राउन सुगर, *विवश सारू मगर वि. नेपाल सरकार*

एउटा उद्देश्यका लागि मोटरसाइकल लिई गएका यी प्रतिवादी विवश सारू मगरले अर्कै उद्देश्यमा प्रयोग भएको छ भन्ने जानकारी पाएकै हुनुपर्छ भन्नु न्यायसङ्गत देखिएन । अर्का प्रतिवादी मनोज यादव पक्राउ पर्नु अगाडि निजसँग लागु औषध रहेको कुरा यी प्रतिवादी विवश सारूलाई पनि थाहा जानकारी थियो भन्ने कुरा वादी पक्षले प्रमाणित गर्न सकेको देखिँदैन । सँगसाथमा रहेको एक व्यक्तिबाट लागु औषध बरामद हुँदैमा अर्को व्यक्तिलाई पनि थाहा जानकारी हुन्छ नै भनी अनुमान गर्नु तर्कसङ्गत नहुने ।

लागु औषध लिई आएका प्रतिवादी मनोज यादवले लागु औषध लिई आएका छन् भन्ने थाहा जानकारी नै नभएका यी प्रतिवादी विवश सारू मगरको मोटरसाइकल चलाउने व्यक्तिको लागु औषध कारोबारमा संलग्नता छ भन्दैमा सो मोटरसाइकल सोही लागु औषध कारोबारका लागि प्रयोग भएको प्रमाणित हुँदैन । उक्त बरामद लागु औषध मोटरसाइकलबाट बरामद नभएको, मोटरसाइकलका धनी विवश सारू मगरको सँगसाथबाट समेत बरामद नभई अर्का व्यक्ति मनोज यादवको साथबाट बरामद भएको देखिँदा उक्त लागु औषध ओसार पसार कार्यमा यी प्रतिवादी विवश सारू मगरको संलग्नता थियो भनी अनुमानको भरमा कसुरदार ठहर गर्नु मनासिब नदेखिने । प्रतिवादी विवश सारू मगर लागु औषध कारोबारमै संलग्न भई फाइदा लिने गरी मतसल्लाहमा परी कारोबार गर्नेसम्मको अवस्था पुष्टि भएको नदेखिने । प्रतिवादी विवश सारू मगरको अनुसन्धानका क्रममा र अदालतसमक्षको इन्कारी बयान, अर्का प्रतिवादी मनोज यादवले अदालतसमक्ष गरेको बयान बेहोरा, खानतलासी तथा बरामदी मुचुल्का र प्रतिवेदक प्र.ना.नि. सूर्यबहादुर पुनले गरिदिएको बकपत्रसमेतका परिस्थितिजन्य वस्तुस्थितिबाट यी प्रतिवादी विवश सारू मगरको उक्त बरामद लागु औषध ओसार पसार गरी बिक्री वितरणसमेतको कार्यमा संलग्नता थियो र सो कार्यमा निज जानी जानी प्रयोग भएका थिए भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको पाइएन । आफ्नो मोटरसाइकल लिई सँगसाथ हिँडेकै आधारमा मात्र लागु औषध कारोबारमा संलग्नता पुष्टि नभएका प्रतिवादी विवश सारू मगरलाई कसुरदार ठहऱ्याई गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी मनोज यादव र विवश सारू मगरलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ)

(च) बमोजिमको कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम जनही ५/५ वर्ष कैद र जनही रू.५/५ हजार जरिवाना गरी लागु औषध ओसार पसार गर्न प्रयोग भएको लु. १८ प. ११८८ नं. को मोटरसाइकल सोही ऐनको दफा १८ बमोजिम जफत हुने ठहर गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२/२/२० मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७२/९/२६ को फैसला निज पुनरावेदक / प्रतिवादी विवश सारू मगरको हकमा मिलेको नदेखिँदा उल्टी भई यी प्रतिवादी विवश सारू मगरले अभियोग मागदाबीबाट सफाइ पाउने । निज पुनरावेदक / प्रतिवादी लागु औषध ओसार पसार गर्ने कार्यमा संलग्न भएको पुष्टि नभएको र निजको नाममा रहेको मोटरसाइकलसमेतबाट लागु औषध बरामद भएको नदेखिएको, यी प्रतिवादीले उक्त बरामद लागु औषध ओसार पसार गर्ने कार्यमा यी प्रतिवादीले थाहा पाई जानी जानी उक्त मोटरसाइकल प्रयोगमा दिएको तथ्यसमेत संलग्न मिसिलबाट पुष्टि हुन नआएकोले उक्त बरामद मोटरसाइकल जफत गर्ने फैसलासमेत बदर भई पुनरावेदक / प्रतिवादी विवश सारू मगरलाई मोटरसाइकल फिर्ता दिनुपर्ने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-CI-०७९५, जग्गा खिचोला चलन, *मनकुमारी सिटौला वि. जगन्नाथ खतिवडा*

सुरू अदालतबाट भएको नक्सा मुचुल्का हेर्दा प्रतिवादीको कि.नं.३८०९ मा न.नं. ९, १०, ११, १२, १३, १४ रहेको र त्यसमा क्रमशः क्षेत्रफल न.नं.९ मा ०-०-६$^{१}/_{२}$, न.नं.१० मा ०-०-८, न.नं.११ मा ०-५-१०, न.नं.१२ मा ०-०-१२$^{१}/_{४}$, न.नं.१३ मा ०-०-७$^{१}/_{४}$ र न.नं.१४ मा ०-१-४$^{१}/_{२}$ गरी क्षेत्रफल जम्मा ०-८-८$^{१}/_{४}$ जग्गा रहेको देखियो । पुनरावेदक प्रतिवादीको उक्त न.नं.हरूको उत्तर पुर्वतर्फ न.नं.१९ मा वादीको कि.नं ७३९ मा क्षेत्रफल १-१९-१९ रहेको देखिन्छ भने उक्त न.नं. १९ देखि पश्चिम (वादीका कि.नं.७३९) र न.नं.११ (पुनरावेदकको कि.नं.३८०९ मध्येको जग्गा) देखि पश्चिम न.नं.१८ मा विवादित जग्गा रहेको र त्यसको क्षेत्रफल ०-१-१० रहेको देखियो। यसबाट पुनरावेदक प्रतिवादीको कि.नं.३८०९ मा जग्गा बढी देखियो भने वादीको कि.नं.७३९ मा जग्गा घटेको देखिने।

मिसिल संलग्न मुचुल्काबाट न.नं.१८ मा विवादित जग्गा रहेको ०-१-१० जग्गा यी पुनरावेदिका मनकुमारी सिटौलाले भोगी रहेको भन्ने देखिन्छ । यसबाट यी पुनरावेदिकाको कि.नं.३८०९ न.नं. ९, १०, ११, १२, १३ र १४ मा निजको हकको भन्दा ०-०-७$^{१}/_{२}$ जग्गा बढी रहेकोमा विवादित न.नं.१८ को ०-१-१० समेत निज पुनरावेदिकाकै भोगमा रहेको देखिएको र वादीको जग्गा घट्न गएको देखिएबाट निजले वादीको हकको न.नं.१८ को जग्गामा खिचोला गरेको देखिन आउने।

तसर्थ वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट भएको मिति २०६८।१०।२५ को फैसला उल्टी भई विवादित न.नं.१८ को जग्गासम्ममा प्रतिवादीहरूले खिचोला गरेको देखिन आएको सो जग्गाबाट प्रतिवादीहरूको खिचोला मेटाई चलन पाउन ठहऱ्याएको पुनरावेदन अदालत इलामको मिति २०६९।१२।१४।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- गीता श्रेष्ठ

इति संवत् २०७४ साल साउन १७ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-CR-०८६४ र ०७०-CR-०८३२, मानव बेचबिखन तथा ओसार पसार, *नेपाल सरकार वि. बबिता श्रेष्ठ (मण्डल) र ववि भन्ने बबिता श्रेष्ठ (मण्डल) वि. नेपाल सरकार*

प्रतिवादी बबिता श्रेष्ठ (मण्डल) ले होटलमा ग्राहकलाई केटीको आवश्यक्ता परेपछि प्रतिवादी उमा खड्कालाई बोलाई वेश्यावृत्तिमा लगाएको र पछि उमा खड्काले नै टि.एन. बस्नेतलाई होटलमा ल्याई निजलाई समेत फकाई फुल्याई वेश्यावृत्तिमा लगाएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ । प्रतिवादी सानु भन्ने उमा खड्काले बबिता श्रेष्ठ वेश्यावृत्ति गराउने नाइके हुन्, मलाई पनि तिमीले वेश्यावृत्ति गर्नुपर्छ प्रत्येक ग्राहकको रू.२,०००।- दिने भनी लोभलालच देखाई जबरजस्ती मोटरसाइकलमा चढाई पठाई दिइन र सो मानिसले मलाई लजमा लगी जबरजस्ती करणी गर्‍यो र दिदीको होटलमा ल्याई छाडी दियो र बबिताको भनाइअनुसार टि.एन. बस्नेतलाई लिएर आएकी हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट दुवै प्रतिवादीहरू कसुरमा साबिती भएको तर अदालतमा उपस्थित भई कसुरमा इन्कार रही बयान गरेको पाइयो । पीडितको चिकित्सकीय शारीरिक परीक्षण प्रतिवेदनमा Hymen ruptured and there is no evidence of sexual intercourse or any evidence of resistance and struggle but victim is accused to sexual intercourse भनी उल्लेख भएको देखिन्छ । पीडितले आफ्नो बयानमा आफूलाई मोटरसाइकलमा झुम्का लगी होटलमा जबरजस्ती करणी गरिएको, भोलिपल्ट धरान लगी जबरजस्ती करणी गरेको, फेरी लजमा लगी करणी गरेको भनी बयान गरे तापनि त्यसरी जबरजस्ती करणी गर्नेको हुलिया खुलाउन वा करणी भएको भनिएको स्थानबारे पनि स्पष्ट गर्न सकेको देखिएन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा त्यस्तो करणीको कुनै लक्षण नदेखिएको र त्यसरी कसैले लिई जाँदा आफूले प्रतिकार नगर्नुको वा प्रतिकार गर्न नसक्नुको कुनै कारण र आधार खुलाउन सकेको पनि नपाइने ।

पीडितलाई नेपालको एक ठाउँबाट अर्को ठाउँमा लगेको र प्रतिवादीले आफूसँग राखेको कारणबाट यी पीडितलाई बेचबिखन नै गरिसकेको भन्ने पुष्टि हुन आएको छैन । अभियोजन पक्षले पनि प्रतिवादी बनाइएकाहरूबिच मानव बेचबिखन ठहरिने गरी वा वेश्यावृत्तिमै लगाउन कुनै रकम तय भएको वा रकम वा अन्य कुनै जिन्सीको लेनदेन भएको वा त्यस्तो प्रयोजनको लागि नै नेपालको एक ठाउँबाट अर्को ठाउँमा लगेको भनी वस्तुनिष्ठ रूपमा आरोप लगाउन सकेको पाइएन । यसरी पीडितको बयान, प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयान, स्वास्थ्य परीक्षण प्रतिवेदनलगायत अन्य कागजातबाट पीडितलाई प्रतिवादीहरूले ललाई फकाई नेपालको एक स्थानबाट अर्को स्थानमा लग्नुको पछाडि वेश्यावृत्तिमा लगाउने मनसाय र उद्देश्य थियो भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिने ।

स्वास्थ्य परीक्षणबाट पीडितमा जबरजस्ती करणीको प्रमाण लक्षण नदेखिएबाट यी प्रतिवादीहरूले कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाएको अवस्था प्रमाणित नभए पनि मानव ओसार पसार गरेको देखिएकोले सो कार्य मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) मा उल्लेख भएको कसुरभित्र पर्ने सम्बन्धमा विवाद देखिनएन । प्रतिवादी बबिता श्रेष्ठ (मण्डल) ले पीडितलाई ल्याउन भनी अर्का प्रतिवादी उमा खड्कालाई भनेको र निजकै भनाइबमोजिम उमा खड्कालाई बबिता श्रेष्ठ (मण्डल) को होटलसम्म आएको र त्यहाँ बसेको भन्ने देखिँदा प्रतिवादी बबिता श्रेष्ठ (मण्डल) लाई उक्त दफा१५(१)(छ) बमोजिम

७ वर्ष कैद गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भनी मान्न नमिल्ने।

प्रतिवादी उमा खड्काले प्रतिवादी बबिता श्रेष्ठको भनाइअनुसार निज पीडित टि.एन. बस्नेतसँग आई होटलसम्म पुऱ्याएको देखिन आए तापनि निजको आफ्नै कुनै योजना वा अन्य मनसाय प्रमाणित हुन आउँदैन। पीडितले अदालतमा बकपत्र गर्दासमेत निज प्रतिवादीले पीडितलाई तरहराबाट इनरूवा बबिता श्रेष्ठको होटलमा ल्याई छोडी आफू भान्टावारी जान्छु भनी त्यहाँबाट गएको हो भनी उल्लेख गरेको देखिन्छ। मिसिल संलग्न अन्य प्रमाणहरूबाट निज प्रतिवादीको संलग्नता मूल कसुरदारसरहको नदेखिई सहयात्री प्रकृतिको सम्म देखिएको हुँदा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१)(ज) मा रहेको व्यवस्था अर्थात् ***"मानव बेचबिखन वा ओसार पसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्रण वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय"*** गर्नुपर्छ भन्ने कानूनी व्यवस्थाबमोजिम निजलाई ७ वर्षको आधा अर्थात् ३ वर्ष ६ महिना कैदको सजाय हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिँदा सोतर्फ वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

तसर्थ विवेचित आधार, कारण र प्रमाणहरूबाट पीडित टि.एन.बस्नेत (सांकेतिक नाम) लाई प्रतिवादीहरू बबिता श्रेष्ठ (मण्डल) ले पीडितको घर स्थानबाट छुटाई आफूसँग राखेको र सानु भन्ने उमा खड्काले निज प्रतिवादी बबिता श्रेष्ठको मतियारको रूपमा काम गरेको देखिन आएको हुँदा सुरू जिल्ला अदालतबाट प्रतिवादीले अभियोग दाबीबमोजिम सजाय पाउने गरी भएको फैसला केही उल्टी गरी मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१)(छ) बमोजिम प्रतिवादी बबिता श्रेष्ठ (मण्डल) लाई ७ वर्ष कैद र ऐ.को दफा १५(१)(ज) बमोजिम प्रतिवादी सानु भन्ने उमा खड्कालाई ३ वर्ष ६ महिना कैद सजाय हुने ठहर्छ भनी पुनरावेदन अदालत विराटनगरको मिति २०६९।१२।०७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७५ साल कार्तिक १२ गते रोज २ शुभम्।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-CR-०८६२, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. रामचन्द्र थारू*

मिति २०६७।१२।१० गते चन्द्रे भन्ने रामचन्द्र थारूले मलाई समाती मुख थुनी घरदेखि अगाडि धनिया लगाएको खेतमा लतार्दै जबरजस्ती लगी मैले लगाएको पेन्टी जबरजस्ती तानी नाङ्गो बनाएपछि निजले लगाएको कट्टु खोली बलपूर्वक जबरजस्ती करणी गर्न लागेको अवस्थामा मैले प्रतिकार गरी गुहार मागेको कारण छिमेकका मानिसहरू घटनास्थलमा आउन लाग्दा घटनास्थलबाट निज फरार भएको हुँदा जबरजस्ती करणी गर्ने उद्योगमा सजाय गरिपाउँ भनी मिति २०६७।१२।२५ मा घटना भएको भनिएको १२ दिनपछि परिवर्तित नाम सीताद्वारा जाहेरी दर्ता भएको पाइयो। पीडितले अदालतसमक्ष बकपत्र गर्दा मलाई धनिया खेतमा लगी जबरजस्ती कट्टु खोली महिनावारी भएको देखी केही गरेन भनी बकपत्र गरेको पाइयो। यसरी जाहेरी बेहोरामा गुहार मागेको भने तापनि अदालतसमक्षको बकपत्रमा सो उल्लेख नभएबाट जाहेरी र अदालतको बकपत्र बेहोरामा एकरूपता देखिएन। पीडित परिवर्तित नाम सीताको शारीरिक परीक्षणका लागि लुम्बिनी अञ्चल अस्पताल पठाउँदा निज मन्जुर नभएको कारण शारीरिक परीक्षण गर्न असमर्थ भएको भन्दै अस्पतालले च.नं.११२०

मिति २०६७।१२।२८ मा इलाका प्रहरी कार्यालय रूपन्देही बुटवललाई पत्राचार गरेको पाइयो। अदालत प्रमाणको आधारमा मात्र फैसला गर्दछ। जाहेरवालीले आफ्नो स्वेच्छाले जाहेरी दिएको हो भने प्रमाणको संकलनमा निजको भूमिका अपेक्षित हुन्छ। अभियोग लगाउने तर न्यायिक प्रक्रियामा सहयोग नगर्ने हो भने त्यसबाट वास्तविक अपराधीउपर सजाय नहुने अवस्था सिर्जना हुन्छ। यदाकदा करकाप वा दबाबको कारण वा धम्की आदिकै कारण पनि पीडितले प्रमाण संकलनमा सहयोग नगर्ने बाध्यात्मक अवस्था सिर्जना हुन सक्छ तर प्रस्तुत मुद्दामा यी पीडित अदालतमा गए पनि स्वास्थ्य परिक्षण गराउन इन्कार गरेको कारण जबरजस्ती करणीको उद्योग स्थापित गर्न आवश्यक प्रमाणको पर्याप्तताको अभाव देखियो। यस अवस्थामा पीडितउपर जबरजस्ती करणी गर्दाको अवस्थामा शरीरमा हुन जाने प्रतिकारका चिह्नहरू रहे भएको खुल्न सकेको पाइएन। मिति २०६८।१।५ गते घटनास्थलको रेखा चित्रण हुँदा केही उल्लेख नभई घटनास्थल प्रकृति मुचुल्का भएको देखिन्छ। यसबाट जबरजस्ती करणी गर्न लाग्दाको अवस्थामा घटना वारदातमा धनियाको बोट मडारिएकोलगायतका अवस्था देखिन आएन। यस दृष्टिकोणबाट हेर्दा जबरजस्ती करणी उद्योग जस्तो नारीको अस्मितामा धक्का लाग्ने विषयको अनुसन्धान अत्यन्त फितलो देखिन आयो।

प्रतिवादी चन्द्रे भन्ने रामचन्द्र थारूले अनुसन्धानको क्रममा जाहेरवाली परिवर्तित नाम सीतालाई करणी गर्ने प्रस्ताव मैले राखे, निजले मानिन । निजको स्तन र गुप्ताङ्ग मसारमुसार गरी पेन्टी खोल्दिन खोज्दा चिच्याउन थालेपछि भागेको भनी बयान गरेका छन भने अदालतसमक्ष कसूरमा पूर्ण इन्कार गरी बयान गरेको पाइन्छ। निज प्रतिवादीको इन्कारी बयानलाई निजको साक्षीले समेत समर्थन गरी बकपत्र गरेको पाइन्छ। प्रतिवादीले जबरजस्ती करणी गर्न खोजेको र आफूले प्रतिकार गरेको भनी जाहेरी बेहोरामा उल्लेख भए तापनि पीडितले तत्कालै जाहेरी दर्ता गराउनुपर्नेमा घटना भएको १२ दिनपछि जाहेरी दर्ता गराएको र शारीरिक परीक्षण गर्न मन्जुरी नगरेबाट पनि जाहेरवालीको भनाई आफैँमा अविश्वासिलो देखिन्छ। प्रतिवादीको शरीरमा प्रतिकारका कुनै चिह्न रहे भएको छ भनी वादी पक्षले खुलाउन सकेको अवस्था मिसिलबाट देखिन आउँदैन। पीडितको आमा र प्रतिवादीबीच पहिलेदेखि नै झगडा थियो भनी बकपत्रमा उल्लेख गरेको र जाहेरवालाको आमासँग झगडा सम्बन्धमा छलफल भएको भनी प्रतिवादीले अदालतमा बयान गरेबाट यिनीहरूको परिवारबिच पूर्वरिसइवी रहेको तथ्य देखिन आयो । प्रतिवादीले आरोपित कसुर गरेको कुरा देख्ने कुनै चश्मदिद साक्षी प्रमाण वा मालाकार कडीको रूपमा परिस्थितिजन्य प्रमाणको उपस्थिति रहेको देखिँदैन। यसरी प्रतिवादीउपरको कसुर स्वतन्त्र प्रमाणबाट पुष्टि हुन आएको देखिएन।

अतः अभियोग दाबीबाट प्रतिवादीलाई सफाई दिने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।१२।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई
कम्प्युटर : हर्कमाया राई
इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-CI-१६३०, अंश नामसारी, *सिताराम तेली वि. खोतरी तेली*

प्रतिवादीले वादी प्रतिवादी सगोलमा रहेको स्वीकार गरी फिरादमा उल्लेख गरी मुद्दा दर्ता गराएकोमा फिराद गर्नुपूर्व प्राप्त उक्त जग्गा वादी सिताराम तेलीको श्रमबाट मात्र मोहियानी हक प्राप्त गरेको जग्गा हो

भन्ने भनाइको भरपर्दो र विश्वसनीय प्रमाण पेस गरेको मिसिलबाट देखिँदैन। पुनरावेदकसमेत सगोलमा रहेको परिवारको उक्त कि.नं.२६४ को जग्गाबाहेक अन्य कुनै आयस्था नभएपछि सगोलमा रहेको अवस्थामा मोहियानी छुट्टाई पाएको उक्त जग्गालाई बन्डा गर्नु नपर्ने निजी आर्जनको सम्पत्ति भन्न मिल्ने देखिएन।

अत: माथि विवेचित आधार र कारणहरूबाट तायदाती फाँटवारीमा उल्लिखित र दर्ता स्रेस्ता मिले भिडेको जग्गा सम्पत्तिबाट वादी दाबीबमोजिम चार भागको तीन भाग पर सारी एक भाग सम्पत्ति अंशबापत वादी सिताराम तेलीले पाउने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६८।११।३० को फैसला सदर हुने र कि.नं. २६३ लाई निजी ठहर गरिपाउँ भन्ने वादी सीताराम तेलीको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।११।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर ८ गते रोज ६ शुभम्।

इजलास नं. ६

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-WO-००४६, उत्प्रेषण / परमादेश, *सत्यनारायण ठाकुर वि. हरि मण्डलसमेत*

फैसला कार्यान्वयनको सिलसिलामा वादीले पक्रिएको जग्गा कुन हो भन्ने सन्दर्भमा धनुषा जिल्ला अदालतबाट मिति २०६८/०८/१९ मा नक्सा हुँदा वादीले पक्रिएको जग्गाको चौकिल्ला र उक्त नक्साको न.नं.६ र ६/१ को चौकिल्ला मिल्न भिड्न आएको देखिएको भन्ने अदालतको ठम्याइरहेको पाइयो। साथै रिट निवेदकले जोगी ठाकुरसँग अंश मुद्दामा मिलापत्र गरेको भने पनि मिलापत्रमा कुन जग्गा लिए दिएको हो स्पष्टसँग खुलाइएको पाइएन । फैसलापश्चात् जोगी ठाकुरको मृत्यु भएकोसमेत हुँदा निजको छोरा यी रिट निवेदकबाट भरिभराउ नहुने भन्न नमिल्ने।

साधारण क्षेत्राधिकारअन्तर्गत अदालतले सबुद प्रमाण र नक्सासमेत गरी विवादहरू टुङ्ग्याउँदै फैसला कार्यान्वयन गरिरहेको अवस्थामा कानूनको स्पष्ट उल्लङ्घन गरेको वा घोर अन्याय भएको देखिएकोमा बाहेक रिट क्षेत्रबाट हस्तक्षेप गर्नु उचित नहुने । निवेदनमा झिकाई आएको फैसला कार्यान्वयनसम्बन्धी मिसिल हेर्दा तथ्य प्रमाण छाडेको वा कानूनको उल्लङ्घन भएको अवस्था नदेखिँदा फैसला कार्यान्वयनलाई रोक्न मिल्ने नदेखिने।

अतः वादी निवेदक हरि मण्डल धानुकले फैसलाबमोजिम भरी पाउने ठहरेको बिगो प्रतिवादीको जेथा देखाई फैसला कार्यान्वयनको सिलसिलामा कानूनबमोजिमको प्रक्रिया पूरा गरी भराई लिन पाउने नै देखियो। पुनरावेदन अदालत जनकपुरबाट भएको आदेशानुसार साधारण क्षेत्राधिकारअन्तर्गत नाप नक्सासमेत गरी धनुषा जिल्ला अदालतको तहसिल शाखाबाट भएको फैसला कार्यान्वयनको लागि देखाइएको जेथाको जायदात तथा तायदात भई उक्त जेथाको पञ्चकिर्ते मूल्याङ्कनलगायतका कार्यहरू कानूनविपरीत भएको भनी भन्न मिल्ने अवस्था देखिएन । विपक्षीहरूबाट मिति २०६९/१/२३ मा भएको जायजात मुचुल्का, मिति २०६९/१०/११ मा भएको पञ्चकिर्ते मूल्याङ्कन, मिति २०६८/०९/१९ को नक्सा मूल्याङ्कन, मिति २०६९/०५/२६, मिति २०६९/०९/२७ र मिति २०७०/०३/१३ मा भएको आदेश र सो आदेशको आधारमा भए गरेका काम कारबाहीहरू कानूनको अख्तियारीअन्तर्गत नै भए गरेको देखिँदा उक्त काम कारबाही र सम्पूर्ण

निर्णयहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदकको जिकिर स्वीकारयोग्य देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- लोकबहादुर हमाल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल चैत्र ३ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७२-CR-१५३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्यामबहादुर तामाङ*

जाहेरी दरखास्त र निजको अदालतको बकपत्र, प्रतिवादीको मौकाको र अदालतको बयान, घटनाका प्रत्यक्षदर्शी भनिएका ईश्वरबहादुर तामाङले गरेको बकपत्र र प्रतिवादीको आमाको घटना विवरण कागज र अदालतको बकपत्रसमेतबाट मृतक गोपाल तामाङले प्रतिवादी श्यामबहादुर तामाङलाई नास्ता खान पसलमा बसेको बेलामा हातले मुखमा हानेको र निज प्रतिवादी भागी गएकामा समेत लखेट्दै गएको देखिन्छ । पछि निज प्रतिवादी श्यामबहादुर तामाङ घर जान भनी ईश्वरबहादुर तामाङसँग गएकामा बाटोमा मृतक र निजको श्रीमतीले खुकुरी र फलामको पाइपले आक्रमण गर्न खोजेकामा छली भाग्न सफल भएको अवस्थासमेत देखिन्छ । प्रतिवादी राति आफ्नो घर जाँदासमेत निज मृतक र निजको श्रीमती मिली खुकुरी र फलामको रडसमेत लिई गई निज प्रतिवादीको आमालाई छिनाउँछु कि छोरालाई छिनाउँछु भनेको बाहिरबाटै सुनेपछि निज प्रतिवादीले रिस थाम्न नसकी मृतकलाई कुट्नु पर्छ भनी झिङ्गनीको किला लिई प्रहार गरेको अवस्था देखियो । निजले पूर्वयोजना बनाई लुकीचोरी धारिलो हतियारले प्रहार गरेको पनि नदेखिने।

मृतक र प्रतिवादीका बिचमा यसभन्दा पहिला रिसइवी रहेको भन्ने कुरा पनि मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिँदैन। मृतकको श्रीमतीले समेत पतिले श्यामबहादुरलाई कुट्नु पर्छ भनेका, बाटोमा निज श्यामबहादुरसँग भेट भई भनाभन भएको, खुकुरी लिई प्रतिवादीलाई लखेट्दै निजको घरमा गई झगडा गरेको र बाहिर निस्कन लाग्दा प्रतिवादीले झिङ्गनीको किलाले हानेको कुरामा साबित रही बकपत्र गरेको देखियो। प्रतिवादीले मृतकलाई झिङ्गनीको किलाले प्रहार नगरेको भए निजको ज्यानसमेत खतरामा थियो भनी प्रत्यक्षदर्शी ईश्वरबहादुर तामाङले अदालतमा बकपत्र गर्दा उल्लेख गरेको देखिन्छ । आफूलाई लगातार लखेटिरहेको, आफ्नो ज्यानसमेत खतरामा रहेको र घरमा समेत खुकुरी र फलामको पाइपसहित आएको अवस्थामा प्रतिवादी आवेगमा आई निजहरूलाई किलाले प्रहार गर्नु अस्वाभाविक र नियोजित थियो भनी भन्ने अवस्था पनि देखिएन। घटना विवरण कागज गर्ने दिलमाया, खड्के तामाङसमेतले उपर्युक्त बेहोरा मिलान हुने गरी कागज गरेका र अदालतमा समेत बकपत्र गरेको देखिन्छ। प्रतिवादीको आमाले समेत मृतकसँग नाता सम्बन्ध रही कुनै रिसइवी नरहेको भनी बकपत्र गरेको देखिने।

तसर्थ प्रतिवादी श्यामबहादुर तामाङले मृतकको आफूप्रतिको व्यवहारको कारण असुरक्षित महसुससमेत गरी आवेगमा आई तत्काल प्राप्त झिङ्गनीको किलाले प्रहार गरेका कारण उपचारको क्रममा मृत्यु भएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने गरेको सुरू रामेछाप जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१/१२/११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य

कम्प्युटर :- सिजन रेग्मी

इति संवत् २०७४ साल भाद्र २३ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-०७९७, उत्प्रेषण, *अर्जुनकुमार अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ५३ को उपदफा (१) बमोजिम ट्रेड युनियन गठन गर्न पाउने कानूनी व्यवस्था गरिएको छ । त्यस्तै निजामती सेवा नियमावली, २०५० को नियम ११७क मा निजामती कर्मचारीको ट्रेड युनियनसम्बन्धी कानूनी व्यवस्था रहेको छ । ऐनको दफा ५३ को उपदफा (३) को खण्ड (ख) मा उपदफा (१) बमोजिम गठन भएका निजामती कर्मचारीका ट्रेड युनियन संघहरूले कानूनबमोजिम सामूहिक सौदाबाजी गर्न सक्ने नै देखियो । कानूनबमोजिम गठन भएको ट्रेड युनियनले प्रचलित निजामती सेवा ऐन तथा नियमावलीअन्तर्गत रही कार्य सम्पादन गर्नुपर्ने हुन्छ । आफ्नो क्षेत्र र अधिकारभन्दा बाहिर गई कुनै गतिविधि गर्ने र काम कारबाही गर्ने कुरा ट्रेड युनियनलाई प्राप्त भएको पनि कानूनतः देखिँदैन । निजामती सेवा ऐन, २०४९ को दफा ५३(३) ख मा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन संघहरूले आपसमा सहमति गरी सामुहिक सौदाबाजी गर्न पाउने छन् भनी आधिकारिक ट्रेड युनियन गठन नभएसम्मको लागि वैकल्पिक व्यवस्थासमेत गरेकोले आधिकारिक ट्रेड युनियनको निर्वाचनअगावै निजामती कर्मचारीहरूको संघ संगठन दर्ता गर्न मिल्ने नै देखिने ।

निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको मिति २०७३/२/१९ मा निर्वाचन सम्पन्न भइसकेको देखिँदा रिट निवेदनको औचित्य देखिएन । अतः माथि विवेचित आधार प्रमाणबाट निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- विद्याराज पौडेल

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम् ।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६८-WO-०९४२, उत्प्रेषण, *ध्रुवप्रसाद चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कम्पनी ऐन, २०६३ को दफा १८२ ले लाभांश वितरणसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ । ऐनका उक्त व्यवस्थाहरूको पालना नभई लाभांश वितरण गर्न वा दाबी गर्न मिल्ने पनि देखिँदैन । त्यस्तै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४६ ले पनि लाभांश वितरणसम्बन्धी सीमा तोकेको पाइन्छ । कानूनले तोकेको सीमा पालन नगर्ने कुनै पनि बैंक वा वित्तीय संस्थालाई लाभांश वितरण गर्न राष्ट्र बैंकले अनुमति प्रदान गर्न मिल्ने पनि देखिँदैन । तर तोकिएको कानूनी व्यवस्थाको पालन गरी आर्जित मुनाफाबाट कुनै कम्पनीले मुनाफा वितरण गर्नसक्ने नै देखिने । संगठित संस्थाको खुद सम्पत्तिको (Networth) आधारमा सेयरको मूल्य निर्धारण भई सोही मूल्यमा धितोपत्र बजारमा (Stock Exchange) कारोबार हुने हुन्छ । सेयर खरिद गर्ने बित्तिकै बैंकको निक्षेपमा राखेको जस्तो प्रतिफल निश्चित हुने होइन । कुनै व्यक्तिले कुनै कम्पनीको सेयरमा लगानी गर्दैमा उसले लाभांश प्राप्त गर्ने ग्यारेन्टी हुँदैन । आफूले लगानी गरेको कम्पनीले सञ्चालनको क्रममा मुनाफा आर्जन गरी सो मुनाफाबाट सञ्चालन खर्च तथा अन्य व्यवस्थाहरूका लागि आवश्यक पर्ने रकम तथा राज्यलाई बुझाउनु पर्ने करसमेत तिरी बाँकी रहन आएको रकमलाई लाभांशको रूपमा लगानीकर्तालाई बाँड्ने निर्णय कम्पनीको साधारण सभाले गरेपश्चात् मात्र कुनै पनि सेयर होल्डरले लाभांश प्राप्त गर्न सक्ने ।

कम्पनीको व्यवस्थापनले कानूनविपरीत हुने गरी युनियन वा अन्य कसैलाई अनियमित तवरले रकम र सुविधा उपलब्ध गराएको भएमा सेयरवाला वा सरोकारवालाले कम्पनी रजिस्ट्रारको कार्यालयमा

उजुरी गर्न सक्ने र कार्यालयले कम्पनी ऐन, २०६३ को दफा १२० बमोजिम कैफियत तलब गर्न सक्ने, दफा १२१ बमोजिम निरीक्षक खटाउन सक्ने र दफा १२४ बमोजिम त्यस्तो निरीक्षकले आवश्यक जाँचबुझ गरी आफ्नो रायसहितको प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्ने र कार्यालयले दफा १३८(२) बमोजिम त्यस्तो कम्पनी वा सञ्चालक वा पदाधिकारी बुझी उपयुक्त आदेश दिन सक्ने स्पष्ट कानूनी व्यवस्था हुँदा त्यस्तो वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी सिधै सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरेको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- विद्याराज पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६७-WO-०७५२, उत्प्रेषण, *कामता अहिर वि. पुनरावेदन अदालत नेपालगन्जसमेत*

स्व. हरि केवटको हक खाने ३ अंशियारमा निजकी पत्नी कृपा केवट, छोराहरू जिलेदार केवट र जगदीश केवट रहे भएको र दाबीको कि.नं. ६०, ६२ को जग्गा स्व. हरि केवटको नाउँमा दर्ता रहेको देखिएको अवस्थामा वादी जिलेदार केवट र प्रतिवादी कृपा केवटसमेत भएको अंश मुद्दामा बाँके जिल्ला अदालतको मिति २०६५/५/१७ को फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जको मिति २०६६/३/१५ को फैसलाले जिलेदार केवटले ३ भागको १ भाग अंश पाउने ठहरी फैसला भएको अवस्थामा यी जिलेदार केवटलाई बुझ्दै नबुझी कानूनतः ऋण तिर्ने दायित्व नभएका यी निवेदक जिलेदार केवटसमेतको अंश हक ३ भागको १ भाग मिति २०६६/३/२५ मा लिलाम गरेको काम कारबाही कानूनसम्मत नदेखिने।

अतः अंश मुद्दाबाट ३ भागको १ भाग अंश पाउने ठहर भएको अवस्थामा अंशियारको अंशभागसमेतमा असर पर्ने गरी भएको लिलाम बदर नहुने ठहर गरी बाँके जिल्ला अदालतबाट भएको आदेश निवेदकको हक मात्र अर्थात् ३ भागको १ भाग डाँक लिलामसमेत बदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६७/८/२ को आदेशमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क को कानूनी प्रश्नको त्रुटि विद्यमान नदेखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- विद्याराज पौडेल

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल साउन ३२ गते रोज ४ शुभम्।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CR-१६२३, जबरजस्ती करणी, *नेपाल सरकार वि. सिंगबहादुर थापा*

प्रतिवादीको अनुसन्धानको बयानमा बझाङ (घ) लाई पसलमा बोलाई काखमा राखी माया गरेजस्तो गरी आफ्नो लिङ्ग खेलाउन लगाई आफ्नो दाहिने हातको माझी औंला निजको योनिभित्र छिराई खेलाई निजलाई भुइँमा सुताई लिङ्ग योनिमा राखी एकछिन तलमाथि गरेको हो भनी उल्लेख गरेको पाइन्छ भने पीडितले कागज गर्दा पीडकले मेरो हात समाती पसलभित्र लगी खटियामा राखी ओछ्यानमा पल्टाई मेरो शरीरमाथि चढी दायाँबायाँ हात टेकेको र उक्त कार्य गर्नुभन्दा अगाडि मेरो शरीरमा लगाएको ट्राउजर खोली तल्लो शरीर नाङ्गो पारेको, आफ्नो लिङ्ग निकाली मेरो योनिमा राखेको हो भनी उल्लेख गरेको पाइन्छ । पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट Hymen Jelly च्यातिएको पाइएको छ जसले पीडकले भनेअनुरूप पीडितको योनिमा लिङ्ग छिराएको पुष्टि हुने । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को स्पष्टीकरणको खण्ड (ग) मा योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको

प्रयोजनको लागि करणी गरेको मानिनेछ भन्ने रहेको छ । यस कानूनी व्यवस्थाले करणी हुनको लागि योनिमा केही लिङ्ग प्रवेश हुनु नै पर्याप्त हुन्छ, त्यहाँ शुक्रकिट भेटिनु नभेटिनु, वीर्य स्खलन हुनु नहुनुले कुनै अर्थ नराखिने ।

माथि विवेचित तथ्य, प्रमाण, कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका रोहबाट जबरजस्ती करणीको उद्योग मात्र ठहर गर्ने गरी भएको पुनरावेदन अदालत दिपायलको फैसलासँग सहमत हुन सकिएन। तसर्थ पीडित सात वर्षकी बालिका बझाङ (घ) लाई प्रतिवादी सिंगबहादुर थापाले अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुर गरेको ठहर गरी बझाङ जिल्ला अदालतबाट मिति २०७१।२।१२ मा भएको फैसला उल्टी गरी जबरजस्ती करणीको उद्योग ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७१।११।१० को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले जबरजस्ती करणी गरेको ठहर्छ। प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ. ३(१) बमोजिम १२ (बाह्र) वर्ष कैदको सजाय हुने र पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक क्षतिबापत ऐ. १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार) क्षतिपूर्तिसमेत भराई लिन पाउने।

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७४ साल कार्तिक १ गते रोज ४ शुभम्।

७

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६८-CR-१४०१, कर्तव्य ज्यान चोरी, *नेपाल सरकार वि. जयनारायण श्रेष्ठ*

मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा मृतक सुनमाया श्रेष्ठको मृत्युका सम्बन्धमा यी प्रत्यर्थी प्रतिवादीउपर किटानी जाहेरी परी जाहेरकर्ताहरूले अदालतमा जाहेरीको समर्थनमा बकपत्र गरिदिए पनि निजहरूले वारदात देखेको भनी भन्न सकेको पाइँदैन । यी प्रतिवादी र आफूहरूको परिवारबिचमा झगडा भइरहने हुँदा निजले नै मारेको हुनुपर्ने भनी केवल शंकाको आधारमा मात्र जाहेरी बेहोरा लेखाइदिएबाहेक यी प्रतिवादीबाट नै कसुर भएको भन्न तथा देख्न सकिने कुनै तथ्य तथा वारदातको परिस्थिति रहेको भन्ने खुलाउन सकेको देखिएको छैन । यी प्रत्यर्थी प्रतिवादी जयनारायण श्रेष्ठ अनुसन्धानमा र अदालतमा पूर्णइन्कार रहेको पाइन्छ। यस्तै मौकामा कागज गर्ने व्यक्तिहरूले मौकामा र अदालतमा बकपत्र गर्दा मृतकको परिवार र यी प्रतिवादीको परिवारबिचमा झगडा भइरहने र निजउपर किटानी जाहेरी परेकोले यी प्रतिवादीले नै मारेको हुन सक्ने भनी शंकाका आधारमा मात्र लेखाएको पाइन्छ। यसबाहेक यी प्रतिवादीको कसुर प्रमाणित हुने कुनै परिस्थिति रहेको तथा यी प्रतिवादीबाट नै कसुर भएको भन्न सकिने कुनै आधार प्रमाणहरू रहेभएको मौकामा बुझिएका व्यक्तिहरूले लेखाउन सकेको नपाइने। प्रतिवादीले कसुर गरेको देख्ने वा थाहा पाउने कुनै व्यक्ति रहेभएको देखिँदैन । साथै प्रतिवादीबाट कसुरसँग सम्बन्धित कुनै चिजवस्तु बरामद भएको वा प्रतिवादीको कसुरसँग यो यसरी सम्बन्ध रहेको छ भनी देखिने वस्तुगत तथा परिस्थितिजन्य प्रमाण रहेभएको देखिन आएको छैन। प्रत्यक्ष तथा वस्तुनिष्ठ प्रमाणको अभावमा कुनै पनि व्यक्तिले आफूले प्रत्यक्ष रूपमा नदेखेको थाहा नपाएको केवल अनुमान गरेर भनेको कुरालाई आधार मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन। यसरी मिसिल संलग्न कुनै पनि प्रमाणहरूबाट यी प्रतिवादीबाट नै वारदात हुन पुगेको हो भनी शंकारहित तवरले खुल्न सकेको छैन। यस्तो अवस्थामा केवल शंकाका भरमा दिएको जाहेरी र शंकाको भरमा बुझिएका व्यक्तिहरूले लेखाई दिएका आधारमा मात्र यी प्रतिवादीलाई दोषी ठहर गर्न नसकिने।

कुनै पनि व्यक्तिउपरको अभियोगका

सम्बन्धमा संकलित प्रमाणहरू एकआपसमा मिल्ने भिड्ने तथा परस्पर समर्थित हुनु पर्ने हुन्छ । मौखिक भनाइलाई प्रमाणमा लिन सो भनाइ प्रत्यक्ष देख्ने थाहा पाउने व्यक्तिले व्यक्त गरेको हुनु पर्ने साथै त्यस्तो भनाइ वस्तुगत प्रमाणहरूबाट समेत समर्थित रहेको हुनु पर्दछ । आफूले नदेखेको र थाहा नपाएको कुरालाई केवल अनुमानका आधारमा भनेको भरमा सत्य रहेछ भनी भन्न मिल्दैन । संकलित प्रमाणहरूमा के कति सत्यता छ र कुन प्रमाणको प्रामाणिक महत्त्व कति रहेको छ तथा संकलित प्रमाणहरूबाट अभियोग दाबी नि:सन्देह पुष्टि हुन सक्छ सक्दैन भनी जाँच गर्न प्रमाणको न्यायिक परीक्षण हुने हुन्छ । प्रमाणको न्यायिक परीक्षणबाट कुनै व्यक्तिले कसुर गरेको भन्ने नि:सन्देह पुष्टि हुन नसकेको अवस्थामा जस्तोसुकै कसुरजन्य कार्य भएको भए पनि अभियोग लगाएको मात्र आधारमा सो व्यक्तिलाई दोषी भन्न मिल्दैन । कुनै व्यक्तिउपरको अभियोग पुष्टि हुन थोरै मात्र पनि शंका भएको अवस्थामा उसलाई दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

प्रतिवादी जयनारायण श्रेष्ठउपरको कसुर शंकारहित तवरले पुष्टि हुन सक्ने गरी वादी नेपाल सरकार पक्षबाट कुनै प्रमाण पेस हुन सकेको देखिँदैन । निजउपर किटानी जाहेरी भए पनि सो जाहेरी अन्य कुनै वस्तुगत प्रमाणहरूबाट समर्थित हुन सकेको छैन । जाहेरकर्ता र मौकामा बुझिएका व्यक्तिले प्रतिवादीको मृतकका परिवारसँग झगडा हुने गरेको र झगडा हुँदा यी प्रतिवादी जयनारायण श्रेष्ठले तिमीहरूलाई मार्छु भनेको भनी भनेकोले निज जयनारायण श्रेष्ठले नै मृतकलाई कर्तव्य गरी मारेको हुनुपर्छ भनी लेखाएको भए पनि प्रतिवादी र मृतकका परिवारका बिचमा त्यस्तो झगडा र कुनै विषयमा मार्नु पर्नेसम्मकै रिसइवी रहेभएको थियो भन्ने तथ्य पुष्टि हुन सकेको छैन । संकलित प्रमाणहरूबाट कसुर पुष्टि हुन नसकेको अवस्थामा कुनैबेला झगडा भएको कुराका नै आधारमा यी प्रत्यर्थी प्रतिवादीले नै मारी निजले लगाएका गहनासमेत लगेको हो भन्नु न्यायोचित नहुने । प्रत्यर्थी प्रतिवादीले कसुर गरेको हो वा कसुरसँग निजको यसरी सम्बन्ध छ भन्ने देखिने प्रमाणको अभाव रहेको अवस्थामा मृतकको परिवार र प्रतिवादीको परिवारका बिचमा पुरानो झगडा रहेको तथ्य पुष्टि भइरहेकोले निजबाट नै कसुर भएको हो भन्ने पुनरावेदक नेपाल सरकारको जिकिरसँग सहमत हुन सकिँदैन । त्यसैले यी प्रत्यर्थी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने ।

अतः माथि विवेचित आधार र प्रमाणहरूबाट यी प्रत्यर्थी / प्रतिवादी अमिरकाने भन्ने जयनारायण श्रेष्ठले अभियोग दाबीअनुसारको कसुर गरेको भन्ने पुष्टि हुने प्रमाणको अभाव रहेकोले यी प्रत्यर्थी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय गर्ने गरी सुरू गोरखा जिल्ला अदालतबाट मिति २०६६।१२।१८ मा भएको फैसला उल्टी गरी प्रत्यर्थी/प्रतिवादी अमिरकाने भन्ने जयनारायण श्रेष्ठलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०६८।०९।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम् ।

८

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-WO-०१६३, उत्प्रेषण, *धनबहादुर खत्री क्षत्री वि. जनार्दन घिमिरेसमेत*

मुलुकी ऐन, अ.बं.८६ नं. तर्फ जानको लागि दुवै पक्ष मिली तेस्रो पक्षको हक समाप्त गरेको हुनुपर्ने, यसमा एक पक्ष मात्र भई निवेदकको अधिकारमा प्रतिकूल असर पर्ने गरी निर्णय भएको हुँदा अ.बं.

८६ नं. को व्यवस्था आकर्षित हुने देखिन आएन । निवेदकलाई आधिकारिक रूपमा भूमिसुधार कार्यालय काठमाडौंबाट भएको निर्णयको जानकारी भएको भन्ने नदेखिएको र तेस्रो पक्षको हक स्थापित भइसकेको भन्ने पनि नदेखिएको हुँदा विलम्बको सिद्धान्त पनि आकर्षित हुने देखिन नआउने ।

मोहीको लगत कट्टा गर्नुअगावै मोहीको नाममा कानूनबमोजिम म्याद जारी गरी बुझी निजको कुरा सुनी कानून प्रमाणको आधारमा निर्णय गर्नु पर्नेमा सोबमोजिम नगरी गोरखापत्रमा हक दाबीको सूचनासम्म प्रकासित गरी उपस्थित नभएको भनी भूमिसुधार कार्यालय काठमाडौंबाट मिति २०५३/०३/०२ मा मोही लगत कट्टा हुने गरी गरेको निर्णय तथा त्यसका आधारमा भएका सम्पूर्ण काम कारबाहीहरू प्राकृतिक न्याय सिद्धान्तको प्रतिकूल भई त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशबाट बदर हुने । अब मोहीको नाममा म्याद जारी गरी कानूनबमोजिम निर्णय गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत:- लोकबहादुर हमाल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७५ साल असोज १५ गते रोज २ शुभम् ।

९

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-००४७, लागु औषध (ब्राउन सुगर), *सानु खान वि. नेपाल सरकार*

प्रतिवादी आसिफ अन्सारीको उमेर १४ वर्षभन्दा कम रहेको भन्ने निजको मिसिल संलग्न जन्मदर्ताको प्रतिलिपिसमेतबाट देखिन्छ । यस्ता नाबालक उमेरका व्यक्तिले यी प्रतिवादीलाई पोल गरी बयान बेहोरा लेखाउनुको कुनै कारण मिसिलमा रहेको देखिँदैन भने प्रतिवादी सानु खानले समेत सो बेहोरालाई अन्यथा प्रमाणित गराउन सकेको देखिँदैन । अदालतसमक्ष बयान गर्दा आफूले आरोपित कसुर नगरेको भने तापनि वारदातको दिन आसिफ अन्सारीको साथमा नै रहेको तथ्यलाई मौकामा कागज गर्ने जनक आचार्यलगायतका व्यक्तिहरूले लागु औषध बरामद भएको अवस्थामा प्रतिवादीहरू साथमै रहेका थिए । आसिफ अन्सारीको साथबाट ४१ ग्राम ब्राउन सुगर बरामद भएको हो । उक्त लागु औषध बिक्री वितरण गर्न लिई हिँडिरहेको अवस्थामा दुवै प्रतिवादीहरू पक्राउ परेका हुन् भनी आफ्नो बेहोरा लेखाएबाट स्पस्ट हुन आएको देखिन्छ । जहाँसम्म प्रहरीमा बयान गराउँदा करकापमा पारी बयान बेहोरा लेखाएको जिकिर लिएको सन्दर्भमा विचार गर्दा के कुन बेहोराले कसरी करकाप गरेको हो सो खुल्न सकेको देखिँदैन । प्रहरीले निजलाई करकाप गरी कागजमा सहीछाप गराउनु पर्नेसम्मको आधारसमेत खुलाउन सकेको पाइँदैन । बरू बरामद मिति र समयमा वारदातस्थलमै रहेको भन्ने निज प्रतिवादी आफैँ रोहवरमा बसी सहीछाप गरेको बरामदी मुचुल्का, बरामदी मुचुल्काको काम तामेल गर्ने प्रतिवेदकले अदालतसमक्ष बरामदीलाई पुष्टि हुने गरी गरिएको बकपत्र, वस्तुस्थिति मुचुल्कासमेतका मिसिल संलग्न प्रमाणबाट सिलसिलेवार रूपमा घटनाक्रम उल्लेख गरी बेहोरा लेखाई दिएबाट प्रतिवादी सानु खानको प्रहरीसमक्षको बयान पुष्टि भइरहेको देखिँदा आधार प्रमाणविहीन निजको अदालतसमक्षको इन्कारी बयान विश्वसनीय रहेछ भनी मान्न मिल्ने हुन नआउने ।

सङ्गठितरूपमा गरिने अपराधमा को कसको साथबाट लागु औषध बरामद भएको भन्ने कुराले त्यति महत्त्व राख्दैन । २ वा २ भन्दा बढी व्यक्तिहरूको व्यक्तिगत सम्बन्धका आधारमा श्रेणीबद्धरूपमा अपराधमा संलग्न भई यस्ता अपराध हुने गर्दछन् । आपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूको त्यस्तो लागु औषधको कारोबारबाट मुनाफा आर्जन गर्ने वा प्रतिफल प्राप्त गर्ने सामूहिक उद्देश्य रहन जान्छ । लागु औषधको ओसार पसार र कारोबार कुनै एक व्यक्ति विशेषको प्रयासबाट मात्र सम्पन्न हुने नभई

लागु औषध सञ्चयकर्ता, खरिदकर्ता, ओसार पसार गर्ने र बिक्री वितरणको व्यवस्था मिलाउने व्यक्तिहरूको सङ्गठित समूहबाट सम्पन्न हुने गर्दछ। अतः आफूले मुनाफा प्राप्त गर्न नाबालक अर्का प्रतिवादी आरिफ अन्सारीलाई उपयोग गरेको तथ्य मिसिल संलग्न सबुत प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा आफ्नो साथबाट लागु औषध बरामद नभएको हुँदा सफाइ पाउँ भन्ने प्रतिवादी सानु खानको जिकिर खम्बिर हुन सक्ने नदेखिने।

प्रतिवादी आसिफ अन्सारीसँग पुनरावेदकको निजको पूर्वचिनजान भएको भन्ने देखिन्छ। वारदात मितिमा सँगै पक्राउ परेको र नाबालक उमेरका प्रतिवादी आसिफ जोलाहाले यी प्रतिवादीलाई पोल गर्नुपर्ने कुनै कारण देखिँदैन। आफूले लागु औषध बोकी जाँदा प्रहरीले शंका गर्ने ठानी यी नाबालक प्रतिवादीलाई उल्लिखित परिणामको लागु औषध बोक्न दिएको भन्ने निजको अनुसन्धान अधिकारीसमक्षको बयान बेहोरालाई मिसिल संलग्न सबुत प्रमाणहरूबाट खण्डन हुनको सट्टा थप पुष्टि हुन आएको देखिन्छ। यसरी नाबालक उमेरका आसिफ अन्सारीसमेतलाई रूपैयाँको लालचमा पारी लागु औषधको अवैध कारोबारमा संलग्न गराएको तथ्य पुष्टि भइरहेको अवस्थामा आफ्नो साथबाट लागु औषध बरामद नभएको भन्ने जिकिरमात्र पुनरावेदकलाई सफाइ दिने आधार बन्न सक्ने नदेखिने।

वारदात मिति २०७०।३।२७ मा घटेको देखिन्छ। प्रस्तुत वारदातमा आसिफ अन्सारीले यी प्रतिवादी सानु खानलाई पोल गरी बयान बेहोरा लेखाएपश्चात् आफ्नो घरमा मिति २०७०।३।७ मा प्रतिवादी आसिफ अन्सारीसमेतका व्यक्तिहरूले डाँका गरी धनमाल लुटपिट गरी लगेको भनी मिति २०७०।३।३१ मा प्रतिवादी सानु खानकी पत्नीले प्रहरीसमक्ष जाहेरी दर्ता गराएको देखिन्छ। यसरी प्रतिवादी सानु खान पक्राउ परेपश्चात् मात्र दिएको उक्त जाहेरी र सो मुद्दाको विषयवस्तु तथा यस मुद्दाको वारदात अलग अलग भएको र प्रस्तुत वारदातभन्दा पछि दर्ता भएको जाहेरी दरखास्तबाट पूर्वइवी रहेको भन्ने बयान बेहोरा सही र विश्वसनीय रहेछ भनी मान्न मिल्ने नदेखिने।

लागु औषध ब्राउन सुगर एकातर्फ बढी मात्रामा बरामद भएको अवस्था छ भने अर्कोतर्फ यी प्रतिवादी सानु खानले आफूले ल्याउँदा पक्राउ परिएला भन्ने डरले अर्को नाबालक प्रतिवादी आसिफ अन्सारीलाई प्रयोग गरी उनीमार्फत उक्त परिमाणको लागु औषध ल्याउन लगाई आफूसमेत साथै आउँदा पक्राउ परेको तथ्यमा मौकामा साबित रहेकोले निजको साथबाट उक्त लागु औषध बरामद नभई नाबालक प्रतिवादी आसिफ अन्सारीबाट बरामद भएको उक्त लागु औषध यी नाबालक प्रतिवादीको स्वार्थ प्रयोजनको लागि ल्याइएको देखिँदैन। अतः बरामदी लागु औषध, नाबालक र निजसँग बरामदीको क्रियासँग यी प्रतिवादी सानु खानको प्रत्यक्ष स्वार्थ जोडिएको र नाबालक प्रतिवादी आसिफसँग उक्त लागु औषध बरामद हुँदा निजसमेत साथै रहेको कारणले उक्त तथ्य पुष्टि हुन गएको छ। यस्तो वारदातको पृष्ठभूमिमा बढी परिमाणमा बरामद भएको ब्राउन सुगरजस्तो उच्चस्तर र प्रकृतिको लागु औषधको अपराधको दायरा र क्षेत्रलाई बरामद हुने प्रतिवादीसँग मात्र सीमित रहेर हेर्न उपयुक्त हुँदैन। मिति २०७०।३।७ मा आफ्नो घरमा प्रतिवादी आसिफ अन्सारीसमेतका व्यक्तिले डाँका गरेको भनी मिति २०७०।३।३१ मा अर्थात् प्रस्तुत मुद्दाका प्रतिवादी सानु खानलाई पोल गरी बयान गरेपश्चात् मात्र जाहेरी परेको अवस्थालाई प्रस्तुत लागु औषध मुद्दाको वारदातको सन्दर्भसँग जोडेर हेर्न मिल्ने नदेखिँदा यी पुनरावेदक प्रतिवादीको आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारण र प्रमाणहरूबाट यी प्रतिवादी सानु खानलाई लागु औषध

(नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (१)(छ)(२) को कसुरमा ऐ.१४ (१)(छ)(२) बमोजिम बरामद भएको लागु औषधको परिणामसमेतका आधारमा १२ वर्ष कैद र रू.१,००,०००।– जरिवानासमेत हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट मिति २०७१/०४/२८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२/०८/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यदुराज शर्मा

इति संवत् २०७४ साल चैत्र २० गते रोज ३ शुभम्।

इजलास नं. ७

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७२-CI-००३२, निषेधाज्ञा, *रामविलास साह तेली वि. मालपोत कार्यालय, सिराहासमेत*

निवेदकले दाबी गरेबमोजिम जग्गाको नापी विपक्षीहरूले गरेको अवस्थामा पनि एकाको जग्गा अर्काको नाममा नापी भयो भने जग्गा नापजाँच ऐनअन्तर्गत रही कारबाही प्रक्रिया अगाडि बढाउन सक्ने कानूनी अधिकार भएकोमा सोतर्फ यी निवेदक मौन बसेको देखियो । जिल्ला सिराहा, गाउँ विकास समिति सुखीपुर मौजे महदेवा वडा नं ८(क) को ब्लक ४ भित्र सो सा.कि.नं. ४३१ को ०-६-१ जग्गा मिति २०५६/६/१९ मा मालपोत कार्यालय, सिराहाको टिप्पणी आदेशबाट मेरो नाउँमा कायम रहेकोमा सो जग्गा विपक्षीहरूले मिलेमतो गरी विपक्षीमध्येका रामसागर साहसमेतले आफ्नो नाउँमा नापी गराएको भनी निवेदन दाबी लिएकोमा विपक्षीहरूले निवेदकले जग्गाको लगत बेहोरा ढाँटी सा.कि.नं. ४३१ को जग्गा सुखीपुर गाउँ विकास समिति वडा नं. ४(क) मा नापी दर्ता भएको जग्गालाई सुखीपुर गाउँ विकास समिति वडा नं. ८(क) भित्र ब्लक नं. ४ कित्ताभित्र पर्छ भनी जिकिर लिएको तथ्यलाई निवेदन रामविलास साहले वस्तुनिष्ठ आधारमा खण्डन गर्न सकेको मिसिल संलग्न प्रमाण कागजबाट नदेखिने। निवेदकले सा.कि. नं. ४३१ को जग्गा विपक्षीहरूले आफ्नो नाउँमा नापी गराएको भनी निवेदनमा उल्लेख गरे पनि उक्त जग्गा विपक्षीहरूको नाममा नापी दर्ता भएको मिसिल संलग्न प्रमाणबाट देखिएन । यसरी निर्णय नै नभएको अवस्थामा उत्प्रेषणको आदेशद्वारा नापीको कुन निर्णय बदर गर्ने हो ? त्यसतर्फ निवेदकले स्पष्ट रूपमा खुलाउन सकेको नदेखिने।

साधिकार निकायबाट निर्णय हुँदा निवेदन दाबीको जग्गामा निवेदकको हक स्थापित भएमा सो जग्गामा अन्य कसैले खिचोला गरेमा वा अन्य कुनै प्रक्रियाबाट सो जग्गाको उपभोगमा बाधा अवरोध सिर्जना गरेको अवस्थामा निवेदकलाई त्यस्तो खिचोला मेटाउने वा बाधा अवरोध हटाउने अधिकार रहन्छ। तर सो जग्गामा निवेदककै हक स्थापित नहुँदै निवेदकको हक रहेको अनुमान गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिँदैन । निर्विवाद हक देखिएको अवस्थामा मात्र निषेधाज्ञाको आदेश जारी गर्न सकिने हुन्छ । निषेधाज्ञाबाट हक बेहक निरूपण गर्ने वा खोसिएको अधिकार पुनर्स्थापित गर्ने किसिमबाट प्रयोग गर्न सकिने पनि नहुने।

अतः निवेदकले विवादित जग्गामा आफ्नो निर्विवाद हक देखाउन नसकेको र नापी शाखा कार्यालय सिराहाको कुन मितिको निर्णय बदर गराउन मागेको हो स्पष्ट पार्न सकेको नेदेखिँदा निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१/८/१४ को फैसला (आदेश) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- विद्याराज पौडेल

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल पौष २ गते रोज १ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७०-CI-०३७९, निषेधाज्ञा, *इन्द्रबहादुर पन्तसमेत वि. पल्टु सहनीसमेत*

दाबीको जग्गाहरूमा निवेदकले जोतकमोद गरेको, कुतबाली बुझाएको भरपाई, कुत धरौट राखेको रसिद पेस गरी वस्तुनिष्ठ आधारमा मोहियानी हक प्रमाणित गर्नसकेको मिसिल संलग्न प्रमाणबाट एकातर्फ देखिँदैन भने अर्कातर्फ जग्गावाल वा निजको मानिसले गैरकानूनी तरिकाले मोहियानी हकमा बेदखली गरेमा झिकेमा वा निष्कासन गरेमा वा कुनै पनि तरिकाले जालसाज, धोखा वा बेइमानी गरी मोहीलाई निजको भोगचलनबाट हटाएमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३२ अनुसार मोही बेदखली भएको भनी साधारण कानूनी बाटो अवलम्बन गर्नु पर्नेमा सो बाटो यी निवेदकले अवलम्बन गरेको पनि नदेखिने।

निवेदकले आफूलाई मोहीसम्म भनेको अवस्था छ र खेत जोतकमोद गर्न अवरोध नगरोस् भन्ने माग गरेको देखिन्छ। मोहियानी तेरो मेरोको प्रश्न आएमा सबुत प्रमाण बुझी निर्णय गर्ने अधिकारक्षेत्र सम्बन्धित भूमि सुधार कार्यालयलाई हुन्छ र निषेधाज्ञाको क्षेत्रबाट पुनरावेदन अदालतले निर्णय गर्न कानूनतः मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०/४/३० मा निषेधाज्ञा जारी हुने गरी भएको फैसला (आदेश) मिलेको नदेखिँदा उल्टी भई निषेधाज्ञा जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने।

इजलास अधिकृत:- विद्याराज पौडेल

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल पौष २ गते रोज १ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-CI-०७८९, निषेधाज्ञा, *रामकृपाल महतोसमेत वि. गंगावती कोइरिने*

मालपोत ऐन, २०३४ बमोजिम दर्ता भएको सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनका लागि नेपाल सरकारले व्यवस्था गर्न सक्ने उल्लेख पाइन्छ । यसप्रकार सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनका लागि नै भए पनि त्यस्तो जग्गामा मन्दिरलगायतका निर्माणका काम गर्नसमेत कानूनबमोजिम रीत पुऱ्याई मात्र उपभोग गर्न सकिने हुन्छ । रिट निवेदनमा मन्दिर निर्माणलगायतको आशंका व्यक्त गरिएको र लिखित जवाफमा मन्दिर निर्माण भइसकेको जिकिर लिएको देखिन्छ। तर, त्यसअनुरूप उक्त सार्वजनिक जग्गामा त्यस्तो मन्दिर निर्माण गर्न सम्बन्धित निकाय वा पदाधिकारीबाट सहमति / स्वीकृति लिएको भन्ने मिसिल संलग्न प्रमाणबाट खुलेको नदेखिने।

जहाँसम्म रिट निवेदकले उक्त मन्दिर निर्माणमा आफ्नो एकलौटी हकभोगमा रहेका जग्गासमेत मिसाई खिचोला गरी निर्माण कार्य गर्ने आशंका व्यक्त गर्नुभएको छ, सो सम्बन्धमा त्यस्तो कार्य सार्वजनिक जग्गाबाहेक रिट निवेदकको जग्गासमेत खिचोला गरी मिसाई निर्माण कार्य भएमा निज निवेदकले आफ्नो हक सुरक्षित गर्नका लागि त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्था विरूद्ध कानूनबमोजिम छुट्टै नालेस गर्न पाउने।

रिट निवेदनमा उल्लिखित बेहोराबमोजिम राम मन्दिर निमार्णको कार्य सार्वजनिक जग्गामा नै निर्माण गर्नका लागि पनि कानूनको रीत पुऱ्याई गर्नुपर्ने हुन्छ। कानूनको रीत नपुऱ्याई सार्वजनिक प्रयोजनका लागि नै गरिएको भए पनि त्यस्तो कार्यले मान्यता पाउन सक्दैन । पुनरावेदन जिकिरबमोजिम रिट निवेदनमा उल्लिखित कि.नं. ३१४ र ३१५ मा मन्दिर निर्माण भइसकेको भन्ने भए पनि त्यसको कानूनी अस्तित्व र सोबमोजिम रीतपूर्वक निर्माण भएको हो, होइन ? सो उल्लेख भएबमोजिम सार्वजनिक जग्गामा निर्माण गरिएको हो, होइन ? भन्नु भन्दा पनि प्रस्तुत रिट निवेदनमा उल्लेख भएबमोजिम कानूनको प्रक्रिया पूरा

गरी निर्माण भएको हो वा होइन भन्ने महत्त्वको विषय हुन्छ । सार्वजनिक जग्गा निर्माण वा प्रयोग गर्न नेपाल सरकारको स्वीकृति लिएर मात्र गर्नुपर्नेमा निवेदनमा उल्लिखित जग्गामा त्यस्तो स्वीकृति प्राप्त गरेको हो भनी मिसिल संलग्न प्रमाणबाट देखिन नआएको हुँदा त्यस्तो जग्गामा अन्य व्यवहार गर्न नमिल्ने हुँदा कि.नं.३१४ र ३१५ को पोखरी र पोखरीको डिल जग्गामा कुनै पनि निर्माण कार्य नगर्नु, नगराउनु भनी प्रत्यर्थीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी भएको देखिँदा सो आदेशलाई अन्यथा गरिरहनु पर्ने नदेखिने ।

तसर्थ, कि.नं. २९६ र २९७ को हकमा कानूनबमोजिम हुने नै हुँदा निवेदन मागदाबी नपुग्ने भनी कि.नं. ३१४ र ३१५ को पोखरी र पोखरीको डिल जग्गामा कुनै पनि निर्माण कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७०/३/९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत्र १५ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७०-CI-०७१५, निषेधाज्ञा, *रामकृपाल महतोसमेत वि. मुनेश्वर महतोसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छन् ।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-CI-०८५८, उत्प्रेषण / परमादेश, *आजाद अन्सारी वि. घुस्की गाउँ विकास समिति कार्यालय, सुनसरीसमेत*

विवादको कि.नं.४५४ र ६७४ समेतको जग्गा साबिक कि.नं.२३८ को ०-४-० जग्गाबाट कित्ताकाट भई आएको मालपोत कार्यालय, सुनसरीको पत्रबाट देखिन्छ भने मिसिल सामेल रहेको घुस्की छोटी भन्सार कार्यालयद्वारा मिति २०४७/९/११ मा प्रकाशित जग्गाको विवरण फाराममा २९ फिट लम्बाई २१ फिट चौडाइमा २ तल्ले ४ कोठे पक्की घर भएको ४ कठ्ठा नम्बरी जग्गा मिति २०२७/१/२२ गते १ कठ्ठाको रू.१७५।– का दरले कबुलियतनामा कागज गरी रू.६००।– लिएको र रू.१००।– बाँकी रहेको र रू.२९,२९६।५१ सरकारी खर्चको लागतमा कार्यालयको भवन तयार भएको देखिन्छ । यसरी सम्बन्धित भन्सार कार्यालयको Record स्रेस्ताबाट निवेदकले उल्लेख गरेको कि.नं. ६७४ को माउ कि.नं. २३८ को ससिमै ०-४-० जग्गामा उक्त कार्यालयले २०२७ सालदेखि नै कार्यालय भवन निर्माण गरी कार्यालय सञ्चालन गरी भोगी आएको तथ्य देखिन्छ । २०२७ सालदेखि नै उक्त जग्गा सरकारी कार्यालयको भोगमा थियो भन्ने तथ्य मिति २०४७/९/११ मै प्रमाणित भएको स्रेस्ताबाट थप पुष्टि हुने ।

कि.नं.२३८ को ०-४-० जग्गामध्ये निज साबिक जग्गाधनी लक्ष्मण मण्डलका छोरा रवि मण्डलले यी निवेदकलाई कि.नं. ६७४ को ०-०-१० जग्गा मिति २०६८/६/२९ मा हालैको बकसपत्र गरिदिएको पाइयो । हालैको बकसबाट प्राप्त गर्नुभन्दा धेरैअघि सो विवादित जग्गामा छोटी भन्सार कार्यालयको सरकारी भवन बनी सरकारी प्रयोगमा निरन्तर रहेको भन्ने लिखित जवाफ बेहोरा र सरकारी अभिलेखबाट समेत देखिन आएकोले त्यस्तो सार्वजनिक उपभोगमा रहेको जग्गामा निवेदक स्वयंले सो जग्गामा घर निर्माण गर्न लागेको स्वीकार गरेको अवस्थामा कानूनबमोजिम जिल्ला प्रशासन कार्याललयले सो निर्माण कार्य रोक्न गरेको पत्राचार र जिल्ला प्रशासन कार्यालय मातहतको प्रत्यर्थी प्रहरी चौकी घुस्कीले तालुक अड्डाको आदेशानुसार कर्तव्य पालना गरेको कानूनप्रतिकूल नदेखिने ।

तसर्थ, मिसिल सामेल रहेको सरकारी अड्डा घुस्की छोटी भन्सार कार्यालयद्वारा मिति २०४७/९/११ मै प्रमाणित जग्गाको विवरण फारामबाट विवादको

कि.नं.४५४ र ६७४ समेतको माउ कि.नं. २३८ को जग्गामा मिति २०२७/१/२२ मै सरकारी खर्चमा भवन बनी तयार भएको र सो अवधिदेखि नै सरकारी कार्यालयले निर्वाध भोग गरी आएको घरजग्गा देखिँदा भोगाधिकारको आधारमा समेत सरकारी जग्गामा कुनै प्रकारको निर्माण कार्य गर्न नदिनु भनी जिल्ला प्रशासन कार्यालयले दिएको आदेशलाई गैरकानूनी मान्न मिलेन भनी प्रस्तुत उत्प्रेषण परमादेशको निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७१/३/२ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत्र १५ गते रोज ३ शुभम्।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-CI-१२८४ र ०७०-CI-१२८५, परमादेश, *तारणीप्रसाद लम्साल वि. मुनेश्वर महतोगुदानी कुमार र नरेन्द्र कुँवर वि. गुदनी कुमार*

परमादेश सार्वजनिक प्रकृतिका कर्तव्य भएका निकाय र अधिकारीका विरूद्ध ती निकाय वा अधिकारीले कानूनबमोजिमको पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेकोमा समेत जारी हुने अवस्था रहन्छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ ले गरेको समग्र व्यवस्थालाई हेर्दा पनि कुनै पनि अपराधको सूचना पाएपछि गर्नुपर्ने काम कर्तव्यको परिपालना विपक्षी प्रहरी कार्यालयले गर्नुपर्ने देखिन्छ। विपक्षी जिल्ला प्रहरी कार्यालय, मोरङमा अपराधको सूचना लिई कारबाहीको माग गरी निवेदिका गएको भन्ने उल्लिखित च.नं. ३४ मिति २०७१/४/५ को पत्र बेहोराबाट देखिइरहेको स्थितिमा जुनसुकै तवरले पनि अपराधको सूचना पाइसकेपछि विपक्षी कार्यालयहरूले सो विषयमा तदारूकताका साथ कानूनबमोजिमको कारबाही अगाडि बढाउनु पर्नेमा सोबमोजिम कानूनी कर्तव्य पूरा गरेको नदेखिएको अवस्थामा परमादेशको आदेश जारी गर्ने गरी पुनरावेदन अदालतबाट भएको आदेशलाई अन्यथा गरिरहन नपर्ने।

तसर्थ, निवेदकले दिएको जाहेरी दरखास्त कानूनबमोजिम दर्ता गरी गराई कानूनबमोजिम कारबाही गरी कानूनी कर्तव्य पालना गर्नु भनी पुनरावेदक प्रत्यर्थी कार्यालयहरूलाई परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट भएको मिति २०७१/८/१५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत्र १५ गते रोज ३ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६७-CI-०५४०, लिखत बदर, *ईश्वरी के.सी. वि. डम्बरकुमार दाहाल*

मिति २०५३।०३।०२ मा पुनरावेदक प्रतिवादी ईश्वरी के.सी.ले कि.नं.२७७ प्रतिवादी भोजकुमार दाहालबाट राजीनामा लिँदाको अवस्थामा सो जग्गामा ४ भागको १ भाग वादी डम्बरकुमार दाहालको अपुताली हक कायम हुने ठहरी पुनरावेदन अदालतसमेतबाट फैसला भैसकेको देखिन्छ। अदालतको फैसलाबाट हक समाप्त भएको व्यक्तिबाट मुद्दा २ तहबाट हारिसकेपछि राजीनामाद्वारा लिने दिने कार्य आफैँमा दोषपूर्ण छ। दाताको ४ भागको १ भाग हक समाप्त भएको स्थितिमा त्यस्तो हक नभएको हदसम्मको राजीनामा लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

सर्वप्रथम दाताको हक पूर्ण रूपमा स्थापित भएको हुनुपर्दछ। अन्यथा हक नभएका दाताबाट प्राप्त हक स्वतः निष्क्रिय हुन्छ। कानूनी नजरमा अस्तित्वविहीन हुन पुग्ने। वादीको हकजति मुद्दा चल्दाचल्दै राजीनामा गरी लिएको लिखतले कानूनी मान्यता पाउने नदेखिने।

तसर्थ, दिने भोजकुमार दाहाल लिने ईश्वरी के.सी. भई मिति २०५३।०३।०२ मा र.नं.२६४७ बाट भएको राजीनामाको लिखतमध्ये वादी दाबीबमोजिम ४ खण्डको १ खण्ड लिखत र सोको आधारमा भएको दर्तासमेत बदर भई वादीको हक कायमसमेत हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मनासिब नै देखियो । ओखलढुङ्गा जिल्ला अदालतको फैसला सुरू सदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मुद्दा पर्दापर्दै अदालतमा विचाराधीन रहेको अवस्थामा वादीको हकलाई असर पर्ने गरी भएको लिखत दूषित देखियो। अन्तिम फैसलाले ठहर गरेको हदसम्म नामसारी बदर हुने नै हुँदा पुनरावेदन अदालत राजविराजबाट मिति २०६७।०२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :-

- ०६७-CI-०९७३, लिखत बदर, *खेमकुमारी श्रेष्ठ वि. डम्बरकुमार दाहाल*
- ०६७-CI-०९७४, लिखत बदर, *पूर्णप्रसाद दाहाल वि. डम्बरकुमार दाहाल*

इजलास नं. ८

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-CR-०५४८, ठगी, *नेपाल सरकार वि. निरज आचार्यसमेत*

नक्कली बैंक भौचर प्रयोग गर्ने धिताल ट्रेड सेन्टरसमेतका तेल बिक्रेताले आरोपित कसुरमा निज प्रतिवादी अनिल प्रधानको समेत संलग्नता रहेको भनी भन्न सकेको पाइएन। नेपाल आयल निगम लि., क्षेत्रीय कार्यालय, विराटनगरका क्षेत्रीय प्रमुख अर्जुनप्रसाद सिंहले अनुसन्धानका क्रममा कागज गर्दा प्रतिवादीहरू सत्येन्द्र न्यौपाने र निरज आचार्यले नक्कली भौचरहरू प्रयोग गरी ठगी गरेको भनी लेखाई दिएको पाइन्छ । निज क्षेत्रीय प्रमुखले समेत प्रतिवादी अनिल प्रधानले नक्कली भौचर प्रयोग गरी ठगी गरेको भनी भन्नसकेको देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने देखिन्छ । प्रतिवादी अनिल प्रधानउपरको आरोपित कसुर वादी पक्षले स्वतन्त्र प्रमाणद्वारा प्रमाणित गराउन सकेको पाइएन । प्रतिवादी अनिल प्रधान विरूद्धको आरोपित कसुर स्थापित हुन नसकेको अवस्थामा निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

नक्कली बैंक भौचरको माध्यमबाट नेपाल आयल निगमबाट तेल उठाई लगेको अवस्थामा उक्त तेलको भुक्तानी उक्त निगमको खातामा जम्मा हुनु पर्ने हो, सो नभएको भनी निगमकै पत्रको माध्यमबाट उठान भएको प्रस्तुत मुद्दामा पछि उक्त रकम ४० वटा भौचरबाट आयल निगमले प्राप्त गरिसकेको भन्ने मिसिल संलग्न निगमको पत्रबाट देखिन्छ । यसरी ठगी भएको भनी बिगो कायम भएको रकम निगमको खातामा जम्मा भइसकेको हुँदा पुनः भराउने अवस्था नभए तापनि फौजदारी प्रकृतिको अपराध पुष्टि भइसकेको अवस्थामा त्यस्तो फौजदारी दायित्वबाट प्रतिवादीहरूले फुर्सद पाउने अवस्था देखिँदैन। यस अवस्थामा कायमी बिगोको आधारमा जरिवाना हुने नै देखियो। अब कति जरिवाना हुने भन्ने सम्बन्धमा प्रस्तुत मुद्दामा रू.२३,४१,४५१।– बिगो कायम भएको र दुईजना प्रतिवादी रहेको हुँदा सो बिगोभन्दा बढी जरिवाना हुन सक्ने अवस्था पनि देखिएन ।

ठगीको महलको ४ नं. मा बिगोबमोजिम जरिवाना हुने व्यवस्था गर्दा "जनही" शब्द उल्लेख भएको पाइँदैन। यदि उक्त महलको ४ नं. मा "जनही" भन्ने शब्द रहेको भए बिगोबमोजिम अर्थात् प्रत्येक प्रतिवादीलाई रू. २३,४१,४५१।– नै जरिवाना गर्न मिल्ने हुन्थ्यो । "जनही" शब्द उल्लेख नभएको अवस्थामा समेत उक्त महलको ४ नं. अनुसार प्रत्येक प्रतिवादीलाई दामासाहीले जरिवाना नगरी बिगोबमोजिम नै जरिवाना हुनुपर्छ भन्ने विधायिकी मनसाय रहेको छ भनी मान्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूमध्येका सत्येन्द्र न्यौपानेसँग बिगो रू. ४५,०००।– जाहेरवालाले भराई लिन पाउने र निज प्रतिवादीलाई सो बिगो बराबर रू. ४५,०००।- (पैंतालीस हजार) जरिवाना र २ (दुई) दिन कैद सजाय हुने र अर्का प्रतिवादी निरज आचार्यसँग जाहेरवाला पम्पहरूले ठगिएको रकम रू.५,७६,५७६।–(पाँच लाख छयहत्तर हजार पाँच सय छयहत्तर) निज प्रतिवादीबाट भराई लिन पाउने र निज प्रतिवादीलाई बिगो बराबर रू.५,७६,५७६।– (पाँच लाख छयहत्तर हजार पाँच सय छयहत्तर) जरिवाना र १५ (पन्ध्र) दिन कैद सजाय हुने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६६/१०/०८ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई दुवै प्रतिवादीलाई दामासाहीको हिसाबले जनही रू. ११,७०,७२५।५० (एघार लाख सत्तरी हजार सात सय पच्चीस पैसा पचास) जरिवाना र १५ (पन्ध्र) दिन कैद हुने र अर्का प्रतिवादी अनिल प्रधानका हकमा पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०६९/२/४ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः- विकास श्रेष्ठ

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७२-CR-१७३७, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. हरिदत्त जोशी*

पीडितले मौकामा बयान गर्दा प्रतिवादीकोमा पानीको पाइप पुर्‍याई फर्कन लाग्दा प्रतिवादीले आफूलाई यता आउ भनी बोलाएको र आफ्नो हात समाती निजको कोठाभित्र लगी रू.१००।– दिन्छु, एकपटक करणी गर्न देउ भनी लुगा लगाएकै अवस्थामा ममाथि चढेका हुन् । मेरो स्तन समाती खेलाउन लाग्दा मैले चिच्चाई लात्तीले हानेको हुँ । बहिनी आई ढकढक गरेपछि म प्रतिवादीको पञ्जाबाट छुटेकी हुँ भनी लेखाएको र अदालतको बकपत्रमा आफूलाई प्रतिवादीले तीन चोटी करणी गरेको, योनिबाट रगत आएको र स्तन टोकेको हो भनी बकपत्र गरेबाट वारदातमा भएको क्रियाकलापबारे पीडितको मौकाको कागज र अदालतमा गरेको बकपत्रबिच विरोधाभाष देखिएको र स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत अदालतको बकपत्र समर्थित नभएको अवस्थामा पीडितको भनाइलाई आधार मानी अभियोग दाबी पुष्टि हुन्छ भन्न मिल्ने नदेखिने।

मुद्दाको प्रकृति र पीडितको समग्र कथनलाई हेर्दा पीडित आफ्नो घरमा आएको मौका पारी आफ्नो घर कोठामा बोलाई पीडितको संवेदनशील अंग समाती प्रतिवादीले करणीजन्य आशयको क्रिया गरेको अवस्था देखिएको तर प्रतिवादीले आफ्नो र पीडितको कपडासमेत खोली पीडितलाई बल प्रयोग गरी जोरजबरजस्तीका साथ करणीको उद्योग गरेको भन्ने आरोप पुष्टि हुने प्रमाणको अभाव रहेको देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, प्रमाणबाट

प्रतिवादीले यौनका आशयले पीडितको संवेदनशील अंग समाएको र एकान्त ठाउँमा लगेकोसमेतको वारदातको स्वरूप र प्रकृतिबाट प्रस्तुत वारदात मुलुकी ऐन, आशय करणीको १ नं. को परिभाषित कसुरभित्र पर्ने देखिँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आशय करणीतर्फ सरोकारवालाले सकार गरे कारबाही चलाउने गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।६।५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत:- ढाकाराम पौडेल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल जेष्ठ २५ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०६९-CR-१०१२, जबरजस्ती करणी, *नेपाल सरकार वि. बुद्ध नेपाली*

प्रतिवादीले करणी गर्ने प्रयास गर्दागर्दै पीडितको आमाले बोलाएको कारण पीडितलाई करणी गर्नमा बाधकतत्त्व खडा भएको भन्ने प्रतिवादीको मौकाको बयानबाटै प्रस्ट हुन्छ । प्रतिवादीले करणीको कार्य सम्पन्न गरेको अवस्था भएमा वर्ष ८ की पीडितलाई शारीरिक पीडा हुने र निजले सोही बखत आमालाई भन्नु पर्नेमा सो अवस्थासमेत देखिँदैन। भोलिपल्ट दुख्यो भनी हेर्दा योनि रातो भएको भन्ने पीडितको आमाले जाहेरीमा उल्लेख गरेको देखिन्छ। रगत बगेको वा घाइते भई अशक्त अवस्थामा पुगेको भन्ने पनि मिसिलबाट देखिँदैन । पीडित वर्ष ८ की देखिँदा यौनाङ्ग विकसित नभएको अवस्था एकातर्फ देखिन्छ भने पीडकको पनि उमेर पुगिसकेको देखिँदैन । जबरजस्ती करणीको पूर्ण अपराध हुन पीडितको योनिच्छेदन अनिवार्य तत्त्व नभए पनि कन्याजाली नच्यातिनु, योनिबाट रगत नआउनु, प्रतिवादीको वीर्य स्खलन भएको नदेखिनु र पीडित बालिकालाई गम्भीर पीडा नपुगेको अवस्था हुनु जस्ता तथ्यबाटै करणीको अपराध नभई उद्योगसम्म गरेको पुष्टि भएको देखिन्छ। अपराध पुष्टि हुन मुद्दाको तथ्य जस्तै पीडित र पीडकको उमेर, अपराध गर्दाको परिस्थिति, पीडितको स्वास्थ्य जाँच प्रतिवेदन र कानून एवं प्रतिपादित सिद्धान्तको उचित संयोजनबाट निष्कर्षमा पुग्नु पर्ने हुँदा कुनै एउटा मुद्दाको सिद्धान्त निरपेक्ष रूपमा अर्को मुद्दामा हुबहु लागु हुन्छ भन्न सकिँदैन । उल्लिखित आधारहरूलाई हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादीलाई करणीको उद्योगमा गरेको सजाय नमिलेकोले अभियोग दाबीबमोजिम नै जबरजस्ती करणीमा सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, जबरजस्ती करणीको उद्योगसम्म ठहर गरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(१) नं. तथा ऐ. ५ नं.बमोजिम जबरजस्ती करणी उद्योगमा ५ वर्ष कैद हुनेमा प्रतिवादी नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा २ वर्ष ६ महिना कैद हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।२७ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।०१।०६ को फैसला मनासिब हुँदा सदर हुने।

इजलास अधिकृत:- ढाकाराम पौडेल

कम्प्युटर : अर्जुन पोख्रेल

इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७४-CR-०३९८, कर्तव्य ज्यान, *दुर्गाकुमारी मण्डल (राउत) वि. नेपाल सरकार*

प्रतिवादी दुर्गाकुमारी मण्डलले आफ्नो पति मृतक नरेश राउतलाई गम्छाले घाँटीमा कसी मारेको कसुरमा मौकामा अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष साबिती बयान दिएकोमा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन (Autopsy Report),

जाहेरवालालगायत मौकामा बुझिएका मानिसहरूले अदालतमा गरेको बकपत्रसमेतका प्रमाणहरूबाट समर्थन भएको देखिँदा यी पुनरावेदक प्रतिवादी दुर्गाकुमारी मण्डल (राउत) को कर्तव्यबाट मृतक नरेश राउतको मृत्यु भएको पुष्टि हुन आउने ।

प्रतिवादीको आफ्नो पढाइलाई निरन्तरता दिने इच्छामा मृतकले बाधा अवरोध गरी गाली गलौज तथा कुटपिट गर्ने गरेको कारण आफ्नो पढाइ पूरा गर्ने इच्छा कुण्ठित हुन पुगेको, गाली गर्दा प्रतिवादीको आमा बुबाको नामसमेत लिने गरेकोसमेतका कारण प्रतिवादीको मनमा मृतकप्रति एक किसिमको कुण्ठाको भावना रहेकोमा वारदातको दिनसमेत मृतकले घाँटी दुखेको छ भन्दा प्रतिवादीले सदासयतापूर्वक पानी तताई दिऊँ ? भनी सोध्दा मृतकले बिना कारण प्रतिवादीको बाबु आमाको समेत नाउँ लिई गाली गर्दै गनगन गरी सुतेको कारण आफ्नो कुण्ठा र आवेगलाई नियन्त्रण गर्न नसकी प्रताडित महिलाको संवेगमा (battered woman syndrome) मृतक निदाउन लागेको अवस्थामा मृतकको घाँटीमा बेरी राखेको गम्छा कसिदिएको र सोही कारणबाट मृत्यु भएको देखिने ।

प्रतिवादीले मृतक सुतिसकेपछि निदाउन लगेको अवस्थामा घाँटीमा बेरी राखेको गम्छा तानी घाँटी कसेर मृतकलाई मारेको भए तापनि मृतकलाई मार्नुपर्ने कारण मृतकले प्रतिवादीप्रति गर्ने गरेको दुर्व्यवहार नै रहेको देखिन्छ । भर्खरै विवाह भएको र विवाहपश्चात् समेत आफ्नो पढाइलाई निरन्तरता दिने प्रतिवादीको इच्छालाई विवाहको सर्तको रूपमा मृतकले स्वीकार गरेको तर विवाहपछि मृतकले प्रतिवादीलाई पढाउन इन्कार गरी, विवाह भइसकेपछि किन पढ्नु पर्‍यो भनी गाली गलौज गरी कुटपिट गर्ने तथा प्रतिवादीको आमा बाबुको समेत नाममा गाली गरी अपमानित गरी दुर्व्यवहार गरेको देखिन्छ । यस्तो अवस्थामा आफ्नो पढाई पूरा गरी सुनौलो भविष्य निर्माण गर्ने सपना भएकोमा विवाहपछि प्रतिवादीका श्रीमान् स्वयम् आफ्नो सपनाको पूर्ण विरूद्ध लागेको देखी सो महसुस गरी आफ्नो पढाइको निरन्तरताको लागि श्रीमान्‌लाई भन्दा उल्टै गाली, गलौज गर्ने, अन्य व्यक्तिहरूसँग अनुचित लाञ्छना लगाउने, आफ्नो आमा बाबुको समेत नाम लिएर गाली गर्ने गरेको कारण प्रताडित महिलाको मनोदशा (Battered Woman Syndrome) सम्म मृतक स्वयम्‌ले प्रतिवादीलाई पुऱ्याएको देखियो । यस्तो मनोदशाबाट उत्पन्न भएको बदलाको भावना र रिसको आवेगमा ती सबै समस्याहरूबाट उन्मुक्ति पाउने एउटै उपाय सम्झी प्रतिवादीले मृतकलाई निदाउन लागेको अवस्थामा घाँटीमा गम्छाले कसी मारेको देखिने ।

प्रतिवादी दुर्गाकुमारी मण्डलले मृतक नरेश राउतलाई गम्छाले घाँटीमा कसी कर्तव्य गरी मारेको देखिएकोले प्रतिवादीलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको कसुरदार ठहर गरी सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको फैसलालाई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।११।३० मा सदर गरेको मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको देखिए तापनि प्रतिवादीले मृतकले गरेको दुर्व्यवहारको कारण प्रताडित महिलाको मनोदशा (Battered woman syndrome) को अवस्थामा मृतकले गरेको दुर्व्यवहारबाट मुक्ति पाउनको लागि कर्तव्य गरी मारेको देखिएको तथा वारदातको समयमा प्रतिवादीको उमेर १७ वर्ष मात्र पूरा भएको देखिएको र प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा कसुरमा साबित भई न्यायिक प्रक्रियामा सहयोग गरेको अवस्थालाई समेत विचार गर्दा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं.बमोजिम

१० वर्ष कैद हुने।

इजलास अधिकृत:- गीता श्रेष्ठ

कम्प्युटर : अर्जुन पोख्रेल

इति संवत् २०७५ साल जेठ १० गते रोज ५ शुभम्।

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७४-CR-०८४०, कर्तव्य ज्यान, *मीनबहादुर दर्जी वि. नेपाल सरकार*

घटनाबाट प्रत्यक्ष पीडित मृतककी आमा पूर्णकला दमाईको मौकाको भनाइ र अदालतको भनाइबाट प्रतिवादीले मृतक र निज पूर्णकलालाई धारिलो हँसियाले प्रहार गरेको भन्ने देखिएकाले प्रतिवादीको मौकाको साबिती बयान पुष्टि हुन आएकाले प्रतिवादीको अदालतको इन्कारी बयान र निजको आमा पवी दमाई र श्रीमती शर्मिला परियारको अदालतमा भएको बकपत्र भनाइ मिसिल संलग्न प्रत्यक्ष प्रमाणहरूको प्रतिकूल भई विश्वासलायक नदेखिनुका साथै मिसिल संलग्न सम्पूर्ण प्रमाणहरूबाट प्रतिवादी गमबहादुर भन्ने मीनबहादुर दर्जीको कर्तव्यबाट मृतक बेलबहादुरको मृत्यु भएको पुष्टि भइरहेको अवस्थामा उक्त वारदातमा आफू निर्दोष रही मृतक बेलबहादुरको मृत्यु जाहेरवाला खेमबहादुरको कर्तव्यबाट भएको भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि निज अनुसन्धानको क्रममा मृतकसँग वादविवाद भएको, मृतकलाई हँसियाले प्रहार गरेको र मृतकको मृत्यु भएकोमा साबित रही बयान गरेको, निजउपर किटानी जाहेरी परेको, वारदातमा सख्त घाइते भएकी मृतककी आमा पूर्णकला दमाईले प्रतिवादीउपर गडाउ गरी मौकामा कागज गर्नुका साथै सोहीअनुरूप अदालतमा बकपत्र गरेको तथा निजको भनाइ निजको घाजाँच फारामले पुष्टि भएको देखिएको र घटनास्थल तथा लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन तथा सो परीक्षण प्रतिवेदन तयार गर्ने चिकित्सकले अदालतमा उपस्थित भई गरेको बकपत्रसमेतले प्रतिवादीले मृतकलाई हँसियाले प्रहार गरी कर्तव्य गरी मारेको तथा पीडित पूर्णकला परियारलाई हँसियाले शरीरका विभिन्न अंगमा प्रहार गरी गम्भीर घाइते बनाएको र तत्काल निजको उद्धार भई उपचार भएबाट बाँच्न सम्भव भएको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको देखिँदा पुनरावेदक प्रतिवादी गमबहादुर थापा भन्ने मीनबहादुर दर्जीलाई अभियोग दाबीबमोजिमको कसुरमा सजाय हुने ठहऱ्याएको उच्च अदालत पोखरा, बागलुङ इजलासको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: उल्लिखित आधार र कारणसमेतबाट सुरू बागलुङ जिल्ला अदालतबाट मिति २०७३।८।६ मा भएको फैसला सदर गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७४।५।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ / डल्लुराम चौधरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७५ साल जेष्ठ १० गते रोज ५ शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७०-CR-०६३५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सुमन राई भन्ने दिपराज राईसमेत*

पूर्ण रूपमा अपराध हुनका लागि मनसाय, तयारी, उद्योग र पूर्ण अपराध जस्ता चरणहरू पूरा गरेको हुनुपर्दछ। प्रतिवादी कालुराम भन्ने गोपाल राईले वचन दिनासाथ अन्य प्रतिवादीहरूले धारिलो हतियार खुकुरीले जाहेरवालालाई प्रहार गरेको भन्ने जाहेरी

बेहोरा देखिन्छ । सो वारदातमा प्रयोग भएको भनिएको खुकुरी बरामद नभएको, जाहेरवाला आफैँ पीडित भएको र निजका चिनजानका साथीहरूबाट नै घटना घटाए पनि को कसको प्रहारबाट निज घाइते भएका हुन् जाहेरी बेहोरामा खुलाउन नसकेको, हटियाको ठेक्का सम्बन्धमा भएको विवादका कारण सार्वजनिक स्थल अर्थात् चिया पसलमा अन्य मानिसहरूको बिचमा प्रस्तुत वारदात भएको, यी जाहेरवाला र प्रतिवादीहरूबिच हटियाको ठेक्कासम्बन्धी विषयबाहेक अन्य पूर्वरिसइवी भएकोसमेत नदेखिएको, पीडितको Injury Report मा निजको टाउकोमा गहिरो एवम् गम्भीर चोट लागेको नदेखिएको र पीडित आफैँ प्रहरीमा गई जाहेरी दिनसक्ने अवस्थामा रहेको देखिएको, निजको अङ्गभङ्ग भएको नदेखिएको, खुकुरीसमेतका हतियार भएका यी दसजना प्रतिवादीहरूमा ज्यान मार्ने योजना एवम् मनसाय भएको भए पीडितको ज्यान रहनसक्ने अवस्था नदेखिएको जस्ता आधार, कारण मिसिल संलग्न कागजातहरूबाट देखिएको छ । यस्तो अवस्थाको विद्यमानतामा अभियोगमा दाबी लिइएको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा भएको ***"मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ"*** भन्ने वाक्यांश प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखिन नआउने ।

यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ***"ज्यान मार्नेसम्मको मनसायको अभावमा ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गर्न नमिल्ने"*** भनी (कर्मसिंह राई विरूद्ध श्री ५ सरकार, ने.का.प २०४२ नि.नं.२३७५ पृष्ठ ४९५) प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधारमा प्रस्तुत वारदातलाई ज्यान मार्ने उद्योग मुद्दाको रूपमा स्वीकार गर्न मिल्ने देखिएन । जाहेरवालाले आफूलाई प्रतिवादीहरू मिली कुटपिट गरेको र सोही समयमा मेरा सहयोगी आएपछि प्रतिवादीहरू फरार भएको भनी जाहेरीमा उल्लेख गरेको तर के कुन सहयोगीहरूले निजलाई बचाएको भन्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको छैन । यसरी तेस्रो पक्षको उपस्थितिको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ***"प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यान मार्ने उद्योगअन्तर्गतको कसुर मान्ने अवस्था रहेको भन्न नसकिने"*** भनी (ब्राहमी मियाँसमेत विरूद्ध नेपाल सरकार, ने.का.प. २०६६ नि.नं. ८१११ पृष्ठ ५२०) प्रतिपादित कानूनी सिद्धान्त र ***"ज्यान मार्ने उद्योग सबै दृष्टिबाट ज्यानसम्बन्धी अपराध नै हुन्छ सिर्फ ज्यान भने मर्न गएको हुँदैन, अभियुक्तले ज्यान मार्ने भनी गरेको कार्य तेस्रो तत्त्वको अप्रत्यासित रूपमा अपर्झट उपस्थिति वा विद्यमान हुन गएको कारणले सम्पन्न हुन नपाएको हुन्छ । प्रतिवादी आफैँले मर्नेसम्मको कार्य नगरी छाडी गएको वा पहिलेदेखि नै मार्ने कार्य गर्न नसक्ने अवस्था विद्यमान रहेको स्थिति हुँदैन । तेस्रो तत्त्वको अप्रत्यासित हस्तक्षेपले गर्दा ज्यान मार्ने कार्य गर्नमा अभियुक्तले कुनै कसुर नराखे पनि त्यो परिणाम निक्लन पाएको हुँदैन । ज्यान मार्ने उद्योगको अपराधको सम्बन्धमा पनि ज्यान मार्ने अपराध जस्तै शंकारहित तरिकाले प्रमाणित हुन सक्ने प्रमाणित प्राचुर्यताको अवस्था विद्यमान हुनुपर्ने"*** भनी (महेन्द्रराज वम विरूद्ध श्री ५ को सरकार, ने.का.प.२०५१, नि.न. ४८९० अङ्क ४ पृष्ठ २२६) प्रतिपादित कानूनी सिद्धान्तसमेत प्रस्तुत वारदातको सन्दर्भमा सान्दर्भिक हुने देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको कानूनी व्यवस्थासमेतलाई विचार गर्दा ज्यान मार्ने उद्योगको अपराध ठहर हुनको लागि ज्यान मार्ने मनसाय, सो मनसाय अभिव्यक्त गर्न ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी तत्त्वको हस्तक्षेपले गर्दा ज्यान मर्न नसकेको अवस्था हुनु पर्दछ । प्रस्तुत वारदातमा ज्यान मार्ने मनसाय नभएको, ज्यान जाने गरी प्रहार भएको नदेखिएको र सो वारदातमा बाहिरी तत्त्वको हस्तक्षेप भई ज्यान बच्न गएको भन्नेसमेत नदेखिएबाट उक्त घटनालाई ज्यान मार्ने

उद्योगअन्तर्गत राख्नको लागि आवश्यक पूर्वावस्थाको विद्यमानता देखिन आएन। प्रतिवादीहरू अनुसन्धानका क्रममा पीडितलाई कुटपिट गरेको कुरामा साबित भए पनि निजहरूले ज्यानै लिने मनसायले पीडितलाई प्रहार गरेको नदेखिएको हुँदा प्रस्तुत वारदातको प्रकृति कुटपिटको महलअन्तर्गत पर्ने देखिने।

अतः उल्लिखित विवेचित आधार कारणबाट सुरू सुनसरी जिल्ला अदालतको मिति २०६९।५।२१ को फैसला बदर गरी प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत गर्ने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६९/१२/१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल मंसिर २ गते रोज २ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७३-CR-००३०, वन पैदावार काटी कटाई ओसार पसार, *नेपाल सरकार वि. रूखमान लिम्बु*

मिसिल संलग्न मिति २०७०।७।११ को प्रतिवेदन र सोसाथ संलग्न बरामदी मुचुल्काअनुरूप १२७.७९ क्यू फि. चिलाउने, १६९.१४ क्यू फि. मौवा जातका चिरान काठ धनकुटाको बसन्तटार-२ मा बरामद भएको र उक्त काठका ठुटा भनी देखाइएका मोरङ जिल्लाको सरकारी वनमा बरामद भएको पाइएबाट बरामदित काठ प्रतिवादीहरूको सँगसाथ, घर वा स्वामित्वको जग्गा, कार्यालय वा कारोबार गर्ने स्थलबाट समेत बरामद भएको अवस्था देखिँदैन। रूख काटिएका भनिएको मोरङ जिल्लामा देखिएका ठुटाअनुसारको काठ कटान यिनै प्रतिवादीहरूले नै गरेका हुन् भनी प्रस्ट रूपले खुल्न नआएको र त्यसरी मोरङमा रूख काटी लिएको भन्ने कुरालाई पुष्टि प्रमाणित हुने गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार शंकारहित तवरबाट वस्तुनिष्ठ आधारबाट प्रमाणित हुन आएको देखिँदैन। मोरङ जिल्लामा काटिएका रूखका ठुटाको गोलाई र बरामद भएको काठको आधार प्रकृति मिले भिडेकोसमेत कहीँकतैबाट समर्थित भएको देखिँदैन। प्रतिवेदक सहायक वन अधिकृत मो. अलाउद्दीनको अदालतमा भएको बकपत्रबाट पनि बरामदित काठहरू सरकारी जंगलबाट बरामद भएको वा प्रतिवादीहरूको घर गोठबाट बरामद भएको तथा बरामदित काठहरू भएको स्थानबाट कारोबार गर्दै गर्दाको अवस्थामा तत्काल यी प्रतिवादीहरू पक्राउ पर्न आएका हुन् भन्ने खुल्न आउँदैन। प्रतिवेदक यशोदानन्द झाको पुनरावेदन अदालत विराटनगरमा भएको बकपत्रबाट प्रतिवादीहरू बरामदित स्थलमा नभएको र सूचनाको आधारमा अनुसन्धानको क्रममा पक्राउ गरिएको हो, प्रतिवादीहरूको घर जग्गाबाट बरामद भएको होइन भनी खुलाई लेखाई दिएबाट यी प्रतिवादीहरूलाई शंकाको आधारमा पक्राउ गरी मुद्दा चलाएको देखिन्छ र निजहरूउपरको अभियोग पुष्टि हुने ठोस सबुत प्रमाण मिसिलमा पेस भएको देखिन आउँदैन। सुरू मिसिल संलग्न मिति २०७०।८।१९ को छानबिन प्रतिवेदनमा मोरङ जिल्ला सिंहदेवी गाउँ विकास समितिअन्तर्गतको राष्ट्रिय वनको काठ ल्याई धनकुटाको छुट पुर्जीसँग मिसाई लाने गरेको नपाइएको भनी उल्लेख भएको देखिन्छ। मिति २०७०।१२।६ मा प्रतिवादीहरू कुमारी लिम्बु र रूखमान लिम्बुले रूख काटेको हो वा होइन थाहा भएन भनी दिलकुमार लिम्बुसमेतले खुलाई लेखाइदिएको देखिन्छ। प्रतिवादीहरूले अदालतमा कसुरमा इन्कार रही बयान गरेको र प्रतिवादीहरू उपरको अभियोग शंकारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बरामदित काठहरू बेवारिसे अवस्थामा

सरकारी वनबाट फेला परेको भन्ने कुरा यकिन भइरहेको अवस्थामा उक्त काठहरू सरकारी स्वामित्वको रहे भएको कुरामा शंका नरहेको हुँदा सो काठहरू जफत हुनुपर्ने भन्ने देखिन आउनेमा सो सम्बन्धमा सुरू फैसलामा केही नबोलेको हदसम्म सुरू फैसलामा केही मिलेको नदेखिँदा बरामदित मौवा जातको ८४४ घन फिट, चिलाउने जातको १०५१ घन फिट काठ जफत हुने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।१।१५ को फैसला मिलेकै देखिन आउने।

अतः उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादीहरूले नै वन कटानी गरेको भन्ने कुरा ठोस तथ्ययुक्त आधार प्रमाणहरूबाट पुष्टि प्रमाणित नभएको सन्दर्भमा प्रतिवादीहरूले अभियोग माग दाबीबाट सफाइ पाउने गरी र बेवारिसे अवस्थामा बरामद भएको काठ जफत हुने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।१।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल पौष २ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CR-०८५५ र ०७२-CR-१५२९, ज्यान मार्ने उद्योग, *सन्दिप पौडेल वि. नेपाल सरकार, रोस्ना पौडेलसमेत वि. नेपाल सरकार*

एउटै वारदातका सम्बन्धमा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग गरी २ वटा मुद्दा चलेको र उक्त दुवै मुद्दा एकआपसमा अन्तरसम्बन्धित भएकोले सँगै राखेर एकैसाथ सुनुवाइ गर्नुपर्ने देखिन्छ। सुरू झापा जिल्ला अदालतबाट एउटै वारदातसँग सम्बन्धित कर्तव्य ज्यान मुद्दामा इन्साफ गरी र सोही वारदातसँग सम्बन्धित प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दा सानो खतको भएकोले कसुर ठहर हुन नसक्ने भनी फैसला भएकोमा सो फैसला पुनरावेदन अदालत इलामबाट बदर भई वादी दाबी पुग्ने नपुग्ने के हो ? सोतर्फ निर्णय गर्नु भनी फैसला भएको देखिन्छ। न्याय प्रशासन ऐन, २०७३ को दफा १४(१)(घ) मा मातहतका अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब समय तोकी बाँकी प्रश्नको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल सम्बन्धित अदालत, निकाय वा अधिकारीसमक्ष पठाउने भनी र ऐ. दफा १४(२) मा उपर्युक्त दफा १४(१)(घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला अदालत वा उच्च अदालतले आफूसमक्ष परेको मुद्दामा मातहतका अदालत, निकाय वा अधिकारीले निर्णय गर्न छुटाएको प्रश्नमा समेत प्रवेश गरी निर्णय गर्न सक्नेछ भन्ने व्यवस्था उल्लेख भएको देखिन्छ। यो अदालत अन्तिम अदालत भएको हुँदा सुरू अदालतको पुनरावेदन सुन्ने अदालतले राय व्यक्त नगरेको विषयमा यस अदालतले तथ्यभित्र प्रवेश गरी इन्साफ गर्दा चित्त नबुझ्ने पक्ष पुनरावेदकीय अधिकारबाट वञ्चित रहने हुन्छ। आफू पक्ष रहेको मुद्दामा आफ्नो प्रतिकूल फैसला भएमा पुनरावेदन गर्न पाउनु पक्षको अधिकारको विषय हो। उपर्युक्त कानूनी व्यवस्थाका आधारमा पुनरावेदन सुन्ने उच्च अदालत विराटनगर, इलाम इजलासले निर्णय गर्न सक्ने र चित्त नबुझ्ने पक्षको यस अदालतमा पुनरावेदन गर्न पाउने पुनरावेदकीय अधिकारसमेत सुरक्षित रहन सक्ने देखिँदा प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दामा वादी दाबी पुग्ने नपुग्ने सम्बन्धमा पुनः निर्णय गर्नको लागि सुरू झापा जिल्ला अदालतमा पठाउने भनी पुनरावेदन अदालत इलामबाट मिति २०७२।३।२० मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब उक्त कानूनी व्यवस्थाका आधारमा उच्च अदालत विराटनगर, इलाम इजलासलाई मिसिल प्राप्त भएको ६० (साठी) दिनभित्र प्रस्तुत मुद्दामा पुनः निर्णय गरी

पठाउनु भनी सुरू, रेकर्ड तथा प्रमाण मिसिलसमेत उक्त अदालतमा पठाइदिने ।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल मंसिर ५ गते रोज ५ शुभम् ।

४

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी, ०७३-CR-१०८७, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. युवराज भन्ने एब्रेज मियाँसमेत*

आशय करणी र जबरजस्ती करणीको उद्योगको कसुरको भिन्नताको बारेमा सर्वोच्च अदालतबाट चन्दन कामती विरूद्ध नेपाल सरकार भएको जबरजस्ती करणी उद्योग मुद्दा (ने.का.प. २०७१, पृ.१२७५, नि.नं. ९२२७) मा "***जबरजस्ती करणीको उद्योगमा जबरजस्ती करणीको महलमा व्यवस्था भएअनुसार सोह्र वर्ष नाघेकी केटी वा स्वास्नी मानिसलाई जोरजुलुम गरी वा डर, धाक देखाई वा अनुचित प्रभावमा पारी करणीको प्रयास भएको हुन्छ । यसमा संघर्षका चिह्न वा लक्षण देखिन पनि सक्दछ, नदेखिन पनि सक्दछ । तर यसको विपरीत आशय करणीमा संघर्षका चिह्नहरू वा लक्षणहरू देखिँदैन । यसमा स्त्री जातिको कुनै पनि अंगमा करणीको आशयले स्पर्श मात्र नभई समातेको सम्म हुनुपर्ने देखिन्छ । आशय करणीमा करणी गर्ने मनसाय हुन्छ तर जबरजस्ती करणीको उद्योगमा जबरजस्ती करणी गर्ने मनसाय हुन्छ । तसर्थ यी दुवैमा करणीको आशय त हुन्छ तर जबरजस्ती गरेको लक्षण जबरजस्ती करणीको उद्योगमा मात्र हुनसक्ने"*** भनी सिद्धान्त प्रतिपादन भएको छ । रातको समयमा एक्लै पीडितालाई मोटरसाइकलमा राखी सुनसान जंगलतर्फ लग्नु र पीडिताले आफूमाथि सुनसान जंगलमा यौनजन्य कार्य भएको आफ्नो बाबुलाई भोलिपल्ट जानकारी दिएपश्चात् जाहेरी दरखास्त परेको र अदालतमा समेत जाहेरवालाले सोही बेहोराको बकपत्र गरेको अवस्थामा अदालतमा आई यी पीडिताले प्रतिवादीलाई कुनै कारणवश बचाउन बेहोरा फेरेकै कारणबाट यी प्रतिवादी एब्रेज मियाको करणी गर्ने आशय थिएन भनी विश्वास गर्न सकिने देखिएन । उपर्युक्त प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादी एब्रेज मियाँले पीडिता टिकटकुमारीमाथि जबरजस्ती करणी गर्न निजको संवेदनशील अंगहरू समाती करणीको प्रयास गरेको नभई करणीको आशयले मात्र स्पर्श गरेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आउने ।

यसरी मिति २०७२/१/६ गते अन्दाजी २०:०० बजेको समयमा जिल्ला मोरङ अमरदह गाउँ विकास समिति वडा नं. ६ स्थित काटा मेला छेउ सुनसान जङ्गलमा मेरी छोरी वर्ष १५ की टिकटकुमारीलाई घर पुर्‍याई दिन्छौं भनी एब्रेज मियाँको मोटर साइकलमा चढाई पुर्‍याई प्रतिवादीहरू यिवराज भन्ने एब्रेज मियाँ, राजकुमार ऋषिदेव र वीरेन यादव भई जबरजस्ती करणी गर्ने उद्योग गरेको हुँदा सजाय गरिपाउँ भन्ने बेहोराको टि कुमारको जाहेरी दरखास्त परी प्रस्तुत मुद्दामा कारबाही प्रारम्भ भएको र जाहेरी बेहोरालाई पुष्टि हुने गरी पीडिता टिकटकुमारीले अनुसन्धानको क्रममा घटना विवरण कागज गरेको भए तापनि अदालतमा बकपत्र गर्दा पीडिता टिकट कुमारीले प्रतिवादीहरूले मलाई जबरजस्ती करणी उद्योग गरेको होइन भनी पीडिताले घटना विवरण कागजको प्रतिकूल हुने गरी बकपत्र बेहोरा लेखाए तापनि पनि जाहेरवाला टि कुमारले जाहेरी बेहोरालाई समर्थन हुने गरी छोरीले वारदातबारे भनेको कुरा मैले भनेको हुँ भनी बकपत्रमा बेहोरा लेखाएको देखिन्छ । घटनास्थलको सडक छेउमा पीडिता लुगाभरी माटो पतिङ्गर लागेको अवस्थामा चिच्याउँदै कराउँदै गरेको देखी के भयो भनी सोध्दा मलाई यो मान्छेले बलात्कार गर्न खोज्यो भनी एब्रेज मियाँलाई देखाएको, उसलाई पक्रिन खोज्दा मोटरसाइकल चढी फरार भएको,

लगत्तै सो स्थानमा आइपुगेका अर्का प्रतिवादीद्वय पनि मोटरसाइकलमा भागी फरार भएको र हामी नआएको भए यी ३ जनाले समूहमा जबरजस्ती करणी गर्ने रहेछन्, सो घटनापछि प्रतिवादीहरू अहिलेसम्म फरार छन् भनी मिति २०७२/०२/०३ मा मोहम्मद मैनुदिन र आशबहादुर राजवंशीले वारदात र जाहेरी दरखास्तका केही बेहोरालाई पुष्टि गर्ने गरी घटना विवरण कागजमा बेहोरा लेखाएको देखिन्छ। अनुसन्धानको क्रममा फरारै अवस्थामा रहेको प्रतिवादी एब्रेज मियाँले वारदातको समयमा आफैँ घाइते भई आराम गरिरहेको भनी अदालतमा बयान गरे पनि सो कुरा निजले वस्तुनिष्ठ प्रमाणहरूबाट प्रमाणित गर्न सकेको नदेखिएबाट उक्त बयान यिनै प्रतिवादीको विरूद्ध प्रमाण लाग्नेसमेत देखिने।

पीडिताले अदालतमा आफ्नो सुरू कथनको प्रतिकूल हुने गरी बकपत्र गरे तापनि प्रतिवादी एब्रेज मियाँसँगै घर जान भनी सँगै मोटरसाइकल चढेको कुरा स्वीकारै गरेको, घटना विवरण कागज गर्ने आशबहादुर राजवंशी र मोहम्मद मैनुदिनले चित्रण गरेको पीडिताको अवस्था, प्रतिवादी एब्रेज मियाँलाई घटनास्थलमै देखेको भनी उल्लेख गरेको, पीडिताले घटनाको प्रतिरोध गरी गरेको चिच्याहट, हल्लाखल्ला गरेको प्रत्यक्ष सुनेको भन्नेसमेतको विवरण र पीडिताले घटना विवरण कागजमा प्रतिवादी यिवराज भन्ने एब्रेज मियाँले मुख थुनी जिउको विभिन्न भाग सुम्सुमाएको अवस्थामा म उम्की भागेको भनी भनेको निजको कथनलाई मध्यनजर गर्दा निजको भनाइ मुलुकी ऐन, आशय करणीको १ नं. को परिभाषाभित्र नै पर्ने देखिन आयो। अन्य प्रतिवादीहरू राजकुमार ऋषिदेव र वीरेन यादवको मोटरसाइकलको तेल सकिएको अवस्थामा पीडित एब्रेज मियाँको मोटरसाइकलमा बसी गएपछि वारदात भएको देखिएबाट यी प्रतिवादीद्वयको वारदातमा संलग्नता कहीँकतैबाट पुष्टि हुन आएको देखिँदैन। यी पीडिता प्रतिवादी एब्रेज मियाँसँगै घर जान भनी सँगै मोटरसाइकल चढेको, घटना विवरण कागज गर्ने आशबहादुर राजवंशी र मोहम्मद मैनुदिनले चित्रण गरेको पीडिताको अवस्था, प्रतिवादी एब्रेज मियाँलाई घटनास्थलमै देखेको हो भन्ने निजहरूको भनाइ र प्रतिवादी यिवराज भन्ने एब्रेज मियाँले सुम्सुमाएको, संवेदनशील अंग खेलाएको अवस्थामा म उम्की भागेको हो भनी भनेको पीडिताको भनाइबाट पनि यी प्रतिवादी यिवराज भन्ने एब्रेज मियाँको मात्र वारदातस्थलमा उपस्थिति रहेको प्रमाणित हुन आयो । वारदातको प्रकृति अवस्था, कोशी अञ्चल अस्पतालबाट भएको पीडिताको स्वास्थ्य जाँच प्रतिवेदनबाट पनि पीडितामाथि जबरजस्ती करणी उद्योगको वारदात भएको पुष्टि हुन नआएको आधार प्रमाणसमेतबाट पीडिता टिकटकुमारीमाथि यी प्रतिवादी यिवराज भन्ने एब्रेज मियाँले जबरजस्ती करणीको उद्योग गरेको नदेखिई आशय करणीको मात्र वारदात गरेको देखिन आएकोले प्रतिवादी एब्रेज मियाँको हकमा उक्त कसुर आशय करणीमा परिणत गरेको र अन्य प्रतिवादीहरूको उल्लिखित वारदातमा संलग्नता नदेखिएको भनी आरोपित कसुरबाट सफाइ दिएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब देखिन आउने।

अतः उल्लिखित आधार र कारणहरूबाट प्रतिवादीले पीडितलाई यौन दुर्व्यवहार गरेको पुष्टि भएको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, आशय करणीको महलमा उल्लिखित कसुर भएको देखिँदा, पीडित वा जाहेरवालाले सकार गर्न चाहेमा सकार गर्न पाउने गरी प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आशय करणीमा परिणत हुने ठहर्छ भनी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७३/०६/०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भाद्र ४ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी, ०७६-WH-००२९, बन्दीप्रत्यक्षीकरण, *जापानी नागरिक जिरो सेकिया र रेइको सेकियाको हकमा चिरञ्जिवीकुमार बलामी वि. जिल्ला प्रहरी कार्यालय कास्कीसमेत*

यसमा प्रारम्भिक रूपमा निवेदकहरूले आफूलाई मिति २०७६।४।६ मा बिहान ८:०० बजेतिर पक्राउ गरी लगेको हो, लिखित जवाफमा उल्लेख भएअनुरूप अं.१६:३० बजे होइन भनी पक्राउ समयका बारे विवाद उठाई त्यसलाई पुष्टि गर्न केही मोबाइल एस.एम.एस. मेसेजहरू उद्धृत गरिएको देखियो । निवेदकले उठाएको विषय कानूनी राज्य प्रतिबिम्बित हुने अनुसन्धानको विश्वसनीयता उपरको प्रश्न हो । अनुसन्धानकर्ताले वास्तविक तथ्यलाई गलत प्रकृतिबाट प्रस्तुत गरिनु कानूनको आँखामा स्वीकार्य हुँदैन, जे जस्तो घटनाक्रम रहन्छ, त्यो नै लिखित रूपमा अभिलेखमा राख्नु आवश्यक हुन्छ । सुशासनको अनुभूति गर्न यस्ता विषय सामान्य व्यक्तिहरूबाट अपेक्षित हुन्छन् । तर प्रस्तुत विवादको सम्बन्धमा यी विदेशी नागरिकहरूको एस.एम.एस. म्यासेजलगायतका प्रमाण कागजातहरू तल मुद्दा दायर भइसकेको परिवर्तित सन्दर्भमा अदालतबाट प्रमाणको मूल्याङ्कन गर्दा हेरिने विषय भएकोले रिट क्षेत्रबाट तत्काल हस्तक्षेप गरी विवेचना गरिनुपर्ने अपरिहार्यता देखिँदैन । यी जापानी नागरिकहरू रेइको सेकिया शिक्षा शास्त्र संकायमा अध्ययनरत रहेको र निजको पति जिरो सेकिया डिपेन्डेन्ट भिसामा नेपालमा बसोवास गर्दा आफूले अपनाई आएको धर्मलाई आफ्नो व्यक्तिगत दायरामा रही धर्मको अभ्यास गर्नमा बन्देज नलाग्ने भए पनि यिनीहरूले आफूबाहेक अन्यलाई सार्वजनिक स्थलमा धर्म प्रचारप्रसार गर्दै हिँडेको भन्ने आरोपमा पक्राउ परेको भन्ने लिखित जवाफहरूबाट देखिन्छ । यिनीहरूको डेरा कोठा खानतलासी गर्दा सुखी परिवार तर कसरी ? बाइबलका कथाहरू भन्ने शीर्षकका १५ थान पुस्तक बरामद भएकोलाई यी निवेदकले अन्यथा भनेको देखिँदैन । हाल अभियोगपत्र दायर भइसकेको अवस्थामा यसरी पक्राउ गर्दा दिइएको पक्राउ पुर्जी, बरामदी मुचुल्का तथा अन्य प्रमाणहरूको मूल्याङ्कन एवं यस निवेदनमा उठाइएका प्रश्नहरूको यथोचित विश्लेषण गरी सुरू अदालतबाट प्रस्तुत मुद्दा निरोपण गरिने नै हुँदा त्यसतर्फ रिट क्षेत्रबाट तत्काल प्रवेश गर्नुपर्ने नदेखिने ।

विपक्षी कार्यालयले यी निवेदकहरूको डेराकोठा खानतलासी गर्दा खानतलासी पुर्जी दिई निजहरूको डेराकोठा खानतलासी गर्दा सुखी परिवार तर कसरी ? बाइबलका कथाहरूसमेत लेखिएको यहोवा धर्मसम्बन्धी पुस्तकहरू १५ थान बरामद भएकोले निजहरू विदेशी नागरिक भएको र निजहरूको हकमा भागी जाने सम्भावना भएकोले जरूरी पक्राउ पुर्जी दिई निजहरूलाई शारीरिक परीक्षणसमेत गराई थुनुवा पुर्जी दिई रीतपूर्वक हिरासतमा राखी धर्मसम्बन्धी कसुर अपराध मुद्दा चलाई अदालतबाट म्याद थप अनुमति लिई निजहरूको बयान गराउनेलगायतको सम्पूर्ण अनुसन्धान कारबाही पूरा गरी अभियोग पत्रसहित निजहरूलाई अदालतमा पेस गरेको मिसिल प्रमाणहरूबाट देखिन्छ । कुनै पनि व्यक्तिको धर्मसम्बन्धी हक सम्बन्धमा नेपालको संविधानको धारा २६ मा व्यवस्था रहेको देखिने ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १५८ को व्यवस्थाअनुसार कसैको धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गर्न नहुने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा निवेदकहरूउपर अधिकारप्राप्त अधिकारीबाटै अनुसन्धान भइरहेको र सम्बन्धित अदालतबाट म्याद थप भएकोसमेत देखिएको छ । निजहरूलाई आफ्नो धर्ममा आस्था प्रकट गर्न वा नियमित पूजा आजा अभ्यास गर्नमा अवरोध लगाएको देखिँदैन । यसरी निवेदकहरूको

आफ्नो विचार विवेक तथा धर्मको स्वतन्त्रतामा आघात पुगेको नदेखिई अरूलाई धर्म परिवर्तन गराउने नियतले धर्म प्रचार गरेको अभियोग लगाइएको अवस्था देखिँदा ICCPR को धारा १८, २६ र २७ विपरीत भयो भन्ने निवेदकको जिकिरसँग सहमत हुन नसकिने।

बन्दीप्रत्यक्षीकरणको संवैधानिक, कानूनी र सैद्धान्तिक आधार के हो भन्ने अर्को प्रश्नका सम्बन्धमा विचार गर्दा, मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि असाधारण अधिकार क्षेत्रअन्तर्गत नेपालको संविधानको धारा १३३(२) बमोजिम सर्वोच्च अदालतमा र धारा १४४(१) बमोजिम उच्च अदालतमा बन्दीप्रत्यक्षीकरणलगायतका रिट निवेदनको र धारा १५१(१) मा जिल्ला अदालतलाई समेत बन्दीप्रत्यक्षीकरण रिट निवेदनको सुनुवाइ गर्ने संवैधानिक व्यवस्था भएको देखिन्छ। मुलुकी देवानी संहिता, २०७४ को दफा २६(१) मा गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैँले वा निजको तर्फबाट जोसुकैले बन्दीप्रत्यक्षीकरणको आदेशको लागि सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतमा उजुरी दिई नागरिक अधिकार प्रचलनका लागि उपचार प्राप्त गर्न सक्ने कानूनी व्यवस्था भएको देखिन्छ। तर साधारण अधिकार क्षेत्रभित्र पर्ने मुद्दाहरूका विषयमा निवेदक रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको (ने.का.प.२०६८, पृष्ठ १२९८, अंक ८, नि.नं.८६६५) बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट ***"साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउने मक्सद हुन सक्दैन"*** भनी निवेदक राम कार्की वि. पुनरावेदन अदालत पाटनसमेत भएको (ने.का.प.२०५१, पृष्ठ २२०, अंक ३, नि.नं.४८८९) बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतबाट ***"अधिकारप्राप्त अदालतबाट मुद्दाको कारबाहीको सिलसिलामा न्यायिक थुनामा रहेको निवेदकको थुनालाई गैरकानूनी भन्न नसकिने भएकोले यस्तो अवस्थामा यस अदालतको असाधारण क्षेत्राधिकार प्रयोग गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने"*** भनी र यसै सम्बन्धमा निवेदक विजयराज तुलाधर वि. काठमाडौं जिल्ला अदालतसमेत भएको (ने.का.प.२०७५, पृष्ठ १८०९, अंक १०, नि.नं.१०१०८) बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट समेत सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसैगरी निवेदक चेतनारायण खरेल वि. ३ नं. क्षेत्र कर कार्यालय, काठमाडौंसमेत भएको (ने.का.प.२०५० अङ्क १० नि.नं.४८१२) बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा ***"कानूनबमोजिम अधिकारप्राप्त निकायबाट कारबाहीको सिलसिलामा थुनामा परेकोलाई अनधिकृत कारबाही भन्न मिलेन"*** *भनी* र निवेदक मिलन लामा वि. जिल्ला कारागार कार्यालय, रामेछापसमेत भएको (ने.का.प.२०७० अङ्क ५ नि.नं.९००९) बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा ***"व्यक्तिलाई थुनामा राख्नको लागि कुनै न कुनै फौजदारी कसुर प्रमाणित भई सजाय तोकिएकै हुनुपर्दछ वा कानूनले थुनामा राख्न सक्ने भन्ने स्पष्ट व्यवस्था गरेकै हुनुपर्छ"*** भनी सिद्धान्त प्रतिपादन भएकोसमेत पाइयो। उक्त सिद्धान्तहरू प्रस्तुत रिट निवेदनका सन्दर्भमा समेत आकर्षित हुने अवस्था देखिने।

साधारण अधिकार क्षेत्रअन्तर्गतको कानूनी उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा मात्र असाधारण अधिकार क्षेत्र आकर्षित हुन सक्ने भन्ने संवैधानिक व्यवस्था र यस अदालतबाट प्रतिपादित

सिद्धान्तहरूसमेतका आधारमा रिट निवेदकहरूलाई धर्मसम्बन्धी कसुर गरेको आरोपमा वडा प्रहरी कार्यालय, बैदाम कास्कीले खानतलासी पुर्जी दिई खानतलासी गरी प्रमाण संकलन गरेको, रीतपूर्वकको पक्राउ पुर्जी दिई शारीरिक जाँच गरी थुनुवा पुर्जीसमेत दिई सम्मानित कास्की जिल्ला अदालतबाट म्याद थप अनुमति लिई हिरासतमा राखी अनुसन्धान प्रक्रिया पूरा गरिएको र सो कामकारबाहीको वैधानिकता तल चलिरहेको मुद्दाबाट हेरिने अवस्था हुँदा तत्कालै निवेदकहरूको संविधान प्रदत्त मौलिक हकहरूको अधिकार कुण्ठित भएको भनी भन्न मिल्ने अवस्था नदेखिने।

अब निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा, यसमा निवेदकहरूलाई धर्मसम्बन्धी कसुरको सिलसिलामा तत्काल पक्राउ गर्नुपर्ने भएकोले भनी जरूरी पक्राउ पुर्जी जारी गरी मिति २०७६।४।६ गते १६.२० बजे पक्राउ गरी सोही दिन निजहरूलाई हिरासतमा राख्ने थुनुवा पुर्जी दिई मुद्दा हेर्ने अधिकारीबाट पक्राउको लागि अनुमति लिई मिति २०७६।४।६ देखि पहिलो पटक ५(पाँच) दिन, २०७६।४।११ देखि दोस्रो पटक ५(पाँच) दिन र मिति २०७६।४।१६ देखि तेस्रो पटक ५(पाँच) दिन हिरासतमा राखी अनुसन्धान गर्न मुद्दा हेर्ने अधिकारी कास्की जिल्ला अदालतबाट अनुमति प्रदान गरिएको देखिन्छ । यी निवेदकहरूउपर धर्मसम्बन्धी कसुर अपराध मुद्दाको शीर्षकमा मुद्दा नं.१० मा दायर गरी अनुसन्धान भइरहेको भन्ने रिट निवेदन दायर गर्दाको अवस्थामा देखिएको र साधिकार कास्की जिल्ला अदालतबाट कानूनबमोजिम नै हिरासतमा राख्ने अनुमति दिइएकाले यी निवेदकहरूलाई विनाआधार र कारण गैरकानूनी गिरफ्तार गरेको र हिरासतमा राखेको भन्ने देखिन नआउँदा निवेदकहरूको मागबमोजिम मुलुकी देवानी संहिता, (संशोधनसहित), २०७४ को दफा २६ को उपदफा (४) अनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति विद्यमान नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी भएको मिति २०७६।४।१९ को उच्च अदालत पोखराको आदेशमा नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतले असाधारण अधिकार प्रयोग गरी हस्तक्षेप गर्नुपर्ने अवस्थाको विद्यमानता देखिँदैन । त्यसमाथि पनि मिति २०७६।४।२५ मा कास्की जिल्ला अदालत, पोखरामा अभियोगपत्र दायर भई यी अदालतबाट माग भएबमोजिम रू.१,५०,०००।- धरौटी दाखिल गरी हाल पुर्पक्षको लागि तारेखमा रहेको देखिएबाट प्रस्तुत निवेदन निष्प्रयोजित भइसकेको देखिने।

अतः हाल वडा प्रहरी कार्यालय, बैदाम कास्कीले यी निवेदकहरूउपर अभियोगपत्र दायर भई नियमित अदालतमा मुद्दा विचाराधीन रहेको अवस्था देखिँदा जापानी नागरिकहरूउपर लगाइएका सम्पूर्ण झुठा अभियोगहरू खारेज गरी निजहरूलाई गैरन्यायिक हिरासतबाट तत्काल मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी लिएको निवेदकहरूको निवेदन जिकिर निरर्थक देखिन आएकोले निवेदकहरूको उक्त रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भाद्र २ गते रोज २ शुभम्।

६

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७४-CR-१२३३, कर्तव्य ज्यान, *बिसम वि.क. वि. नेपाल सरकार*

प्रस्तुत वारदातका प्रत्यक्षदर्शी प्रतिवादी बिसम वि.क.की साली परिवर्तित नाम चापागाउँ (ङ) मात्र भएको देखिन्छ। निजले मौकामा गरिदिएको घटना विवरण कागज र निज प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान बेहोरामध्ये मृतकको घरमा साली

भिनाजु मकै गोड्न भनी सँगै गएको, घटना भएको भनिएको दिन र सोको भोलिपल्टसमेत निजहरू दुवै जनासँगै भएको भन्नेसमेतका बेहोरा एकआपसमा मिलेको देखिन्छ । यी प्रतिवादीकी सालीले मौकाको घटना विवरण कागजमा निज प्रतिवादीले राँबो एवम् दाउराको चिरपटले मृतकको टाउकोमा प्रहार गरेको भनी स्पष्टरूपमा उल्लेख गरेको देखिन्छ । निजले बोलेका उक्त कुराहरू बरामदित हतियार (राँबो), घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्का एवम् मृतकको शव परीक्षण प्रतिवेदनको बेहोरासमेतबाट समर्थित भएको अवस्था छ। निज प्रतिवादीले आरोपित कसुर गरेको कुरा इन्कार गरेपनि निजकी नाबालिका सालीले मौकामा व्यक्त गरेको कुरालाई निजले वस्तुनिष्ट आधारमा खण्डन गर्न सकेको अवस्था छैन । निज नाबालिकाले मौकामा व्यक्त गरेका कुरा अन्यथा प्रमाणित नभएको अवस्थामा प्रमाणमा लिन मिल्ने नै हुन्छ । निज प्रत्यक्षदर्शी चापागाउँ (ड) को बकपत्र बेहोरामा एकरूपता रहेको छ। यी प्रतिवादीका विरूद्ध बकपत्र गर्नुपर्ने कुनै कारण यी प्रतिवादीले देखाउन सकेका छैनन्। निज प्रतिवादीले प्रहरीसमक्ष प्रारम्भिक बयानका क्रममा यो वारदात म आफूले घटाएको हुँ, अडियोमा रहेको आवाज मेरो आफ्नो हो भनीसमेत बताएका छन् । यसर्थ यी घटनाक्रम, प्रत्यक्षदर्शीको बकपत्र, बरामद भएका वस्तुहरूसमेतबाट यिनै प्रतिवादीले राँबो एवम् दाउराको चिरपट प्रहार गरेको कारण निजकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आउने।

अतः विवेचित आधार कारणहरूबाट निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७२।०१।०६ को फैसलालाई सदर गरी उच्च अदालत पाटनबाट मिति २०७४।७।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रस्तुत मुद्दामा प्रतिवादी बिसम वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१)नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने उल्लेख गरेको र उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी बिसम वि.क.लाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैदको मात्र सजाय हुने र निज प्रतिवादीको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CI-१२७६, अंश दर्ता, *जीवन राम वि. लक्ष्मण रामसमेत*

प्रस्तुत मुद्दामा वादीका बाबु बाजेको पुर्ख्यौली सम्पत्ति रहेको भन्ने तायदाती फाँटवारीमा उल्लेख भएको नदेखिएको र प्रतिवादीहरू नसिवन राम, गजरीदेवी मोची र गुलाबदेवी मोचीका नाममा दर्ता रहेका जग्गाहरू निजी प्रयासबाट राजीनामा पारित गरी खरिदबाट प्राप्त गरेको देखिएकोले उक्त जग्गा अंशबन्डाको १८ नं.बमोजिम सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति हो भन्न मिल्ने नदेखिने।

तसर्थ, निजी प्रयासबाट खरिद गरी लिएका तायदाती फाँटवारीमा पेस भएका प्रतिवादीहरू नसिवन राम, गजरीदेवी मोची र गुलाबदेवी मोचीका नाममा दर्ता रहेका जग्गाहरू सगोलको सम्पत्ति मानी वादी दाबीबमोजिम उक्त सम्पत्तिलाई ३ भाग लगाई सोको १ भागलाई ४ भाग लगाई त्यसको १ भाग अंश पाउने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूबाट तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई ३ भागको १ भागलाई ४ भाग लगाई त्यसको १ भाग वादीले अंश पाउने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको मिति २०७१।८।२३ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७३।५।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मेघनाथ चापागाँई

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल श्रावण २७ गते रोज २ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा. न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-१९६७, खिचोला मेटाई निर्माण कार्य भत्काई पाऊँ, चन्द्रलाल महर्जन वि. बाबुलाल प्रजापती

पुनरावेदक वादीले वि.सं. २०४३ सालमा कि.नं. २५४ को जग्गामा घर निर्माण गर्न लाग्दा सोउपर प्रत्यर्थी प्रतिवादीबाट काठमाडौं नगरपालिका वडा नं. ५ मा उजुरी परी दुवै पक्षबिचमा मिति २०४३।४।१५ मा मिलापत्र भएको देखिन्छ। मिलापत्र हुँदा कि.नं. २५३ ले उत्तर दक्षिण १५ फिट चौडाइ भोगचलन गर्ने र कि.नं. २५४ ले उत्तर दक्षिण १७.४ फिट भोग गर्ने भनी सहमति भई उक्त मिलापत्रबमोजिम नक्सा पास भई घर निर्माण स्वीकृति लिएको देखिने।

पुनरावेदक वादी स्वयंले मिति २०४३|४|१५ को मिलापत्रबमोजिम मेरो भागमा केबल १७ फिट ४ इन्च मात्र जग्गा पर्न आएकोले प्रेसित नक्सामा पूर्व मोहडा १८ फिट ६ इन्च र पश्चिम भागमा २२ फिट भनी पेस गरेकोमा अब उक्तबमोजिम नगरी पूर्व मोहडा १७.४ फिट र पश्चिमतर्फ २० फिट मात्र कायम गरी नयाँ घर निर्माण गर्न हामीहरूको मन्जुरी भएकोले सोहीअनुसार प्रेसित नक्सा संशोधनको लागि जो गर्नु पर्ने गरी मैले काठमाडौं नगरपालिका नक्सा शाखामा पेस गरेको नक्सा पास गर्नको लागि आवश्यक सिफारिस पाउँ भनी मिति २०४३।४।२२ गतेका दिन काठमाडौं नगरपालिका वडा नं. ५ को कार्यालयमा निवेदन दिई सोहीअनुसार कार्यसमेत सम्पन्न भइसकेको देखिँदा हाल आएर प्रतिवादीले

जग्गा खिचोला गरेको भन्न मिलेन। अतः वादी पूर्णतः उक्त मिलापत्र एवं निवेदन बेहोराबाट विबन्धित भएको देखिएकोले वादी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त विवेचित आधार र कारणबाट वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल भाद्र १९ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७१-CR-१०५२ र ०७१-CR-१६७८, कर्तव्य ज्यान, *जिवेश नेपाली वि. नेपाल सरकार र नेपाल सरकार वि. बालिका नेपाली*

प्रतिवादीले आफू घटनास्थलमा गएको तथ्यलाई इन्कार गर्न नसकेको, छोरासँगै करौती खान जंगलमा गएको अनिश वली लडी घाउचोट लागी अचेत भई लडेको देख्दादेख्दै निज घाइते बालकलाई बचाउनका लागि नजिकको अस्पताल चिकित्सक कँहा नपुऱ्याई घाइतेको परिवारलाई खबर गर्नेलगायतका कुनै पनि प्रयास नै नगरी उल्टै घरबाट बाबियोको डोरी ल्याई घाँटीमा बाँधी जीवितै रहेको बच्चालाई बोरामा हाली फालेको अवस्थामा सजायबाट उन्मुक्ति पाइन्छ भन्ने र छोरा नफसोस् भन्ने मनसायले मरिसकेको बच्चाको लास दबाउने छिपाउने कार्यमा मात्र संलग्न भएको हुँदा अभियोग दाबीअनुसारको सजाय गर्न मिल्दैन भन्ने प्रतिवादी जिवेश नेपालीको पुनरावेदन जिकिर प्रतितलायक देखिन नआउने।

प्रतिवादीले आफूले अदालतमा गरेको बयानलाई पूरै बेवास्ता गरी मौकामा इच्छाविपरीत गराइएको बयानलाई मात्र आधार मानी कसुर कायम गर्न मिल्दैन भन्ने जिकिर लिए तापनि मौकामा आफ्नो छोरा र बालिका नेपालीको छोरा मिति २०६९।७।२९ गते घरमा आई केही नबोली जंगलतिर गएकाले आफू पनि जंगलतिर गएको, जंगलको खोल्सामा अनिश वली पल्टिएको देखी यता उता पल्टाएको, निज छातीको भरमा चेप्टो भई पल्टेको, नाक मुखबाट रगत आएको, सास परान मात्र थियो, बाँच्लाजस्तो नदेखेपछि बालिका नेपालीको घरमा गई निजको सल्लाह लिई घरबाट बाबियोको डोरी र बोरा लगी अनिशको घाँटी कसी बोरामा हाली नेवारीकोटको जंगलमा लगी फालीदिएको हो जस्ता तथ्यहरूलाई उल्लेख गर्दै घटनाक्रमलाई सिलसिलेवार रूपमा खुलाएको देखिन्छ । सो बयान बेहोरालाई अदालतमा बयान गर्दा सहीछाप आफ्नै भएको तर बेहोरा नसुनाइकन सहीछाप गराएको हो भनी जिकिर लिएको अवस्था छ । इच्छाविपरीत बयान गराइएको अवस्थामा घटनाक्रमलाई सिलसिलेवार रूपमा खुलाउन सक्ने स्थितिसमेत रहँदैन । अतः आफ्नो इच्छाविपरीत बयान गराएको हो भने सो पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेस गर्ने दायित्व निज प्रतिवादीमा रहेकोमा सो भनाइ पुष्टि गराउनका लागि निजले साक्षीसमेत उपस्थित गराउन सकेको देखिँदैन । प्रतिवादीको मौकाको बयान मिसिल संलग्न अन्य प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा ती प्रमाणहरूलाई नजरअन्दाज गरी केबल अदालतसमक्षको इन्कारी बयानलाई मात्र न्याय निरूपणको आधार बनाउन कानूनतः मिल्ने देखिँदैन । निज प्रतिवादीले मौकाको बयान बेहोरा खण्डित हुने कुनै आधार प्रमाण पेस गर्न नसकेको अवस्थामा सो बयानलाई अन्यथा मान्नुपर्ने हो कि भन्ने अवस्थाको विद्यमानता नदेखिएबाट प्रतिवादीको मौकाको बयानलाई उल्लिखित तथ्यको विवेचनाको आधारमा स्वाभाविक रूपमा नै लिनुपर्ने देखिन आउने।

प्रतिवादीले मृतकको मृत्यु निक्र्यौल गर्ने पोष्टमार्टम जाँच नगराई आरोपित व्यक्तिलाई कसुरदार

ठहऱ्याउन फौजदारी न्यायको रोहमा मिल्दैन भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा मृतक अनिश वली मिति २०६९।७।२९ मा घरबाट हराएकोमा खोजतलास गर्ने क्रममा मिति २०६९।८।१२ मा मात्र नेवारीकोटको जंगलमा बोरामा पोको पारी फालेको अवस्थामा लास फेला परेको देखिन्छ। मिसिल संलग्न मिति २०६९।८।१२ को गाउँ सर्जमिन मुचुल्कामा लास सडी गली किरा औंशा परी दुर्गन्धित भएकाले पोष्टमार्टम गराउन नसकिने भनी उल्लेख भएको देखिन्छ। लासजाँच प्रकृति मुचुल्कामा मृतकको अनुहारमा किरा औंशा परी विकार पदार्थ निस्केको, छाला डढेकोजस्तो कालो, घाँटीमा बाबियाको डोरीले कसेको, खैरो टिसर्ट स्कुल ड्रेसको आकासे पाइन्ट लगाएको, किरा औंशा परी गलेको भनी उल्लेख भएबाट पनि मृतकको शव पोष्टमार्टम गराउन सकिने अवस्थाको रहेको देखिँदैन। यसरी प्रतिवादीले बाबियोको डोरीले मृतकको घाँटीमा बाँधेको हो भनी मौकाको बयानमा स्वीकार गरेको र लास जाँच मुचुल्कामा मृतकको घाँटीमा डोरीले कसेको भनी उल्लेख भएको अवस्थामा लासको पोष्टमार्टम गराउन नसकेकै कारण मात्र मृतकको मृत्यु कर्तव्यबाट भएको होइन भनी निष्कर्षमा पुग्नु तर्कसङ्गत हुन नआउने।

प्रतिवादी जिवेश नेपालीको वारदातमा संलग्नता सम्बन्धमा मिसिल संलग्न अन्य प्रमाणहरूको रोहमा हेर्दा, निज प्रतिवादीको साथबाट एन.सेलको सिमसहितको telego xi लेखेको मोबाइल बरामद भएको र सो मोबाइल छोरा अनिश वलीले लगी गएको हो भनी जाहेरवाला खड्गबहादुर वलीले मोबाइल चिनी सनाखत गरिदिएको देखिन्छ। भीमबहादुर परियारसमेतले मिति २०६९।७।२९ गते युवराज नेपाली र जगदीश परियारले अनिशलाई करौती खान जंगलमा लगी भीरबाट धकेली मोबाइल खोसी लगी बालिका नेपालीले वचन दिई जिवेश नेपालीले बाबियोको डोरीले घाँटीमा कसी अनिशलाई कर्तव्य गरी मारी बोरामा हाली नेवारीकोटको लेकमा लगी फाली आएको कुरा प्रतिवादीहरूले स्वीकार गरेको हुँदा निजहरूले नै कर्तव्य गरी मारी फालेकोमा पूर्ण विश्वास लाग्दछ भनी घटना विवरण कागज गरिदिएकोमा सो बेहोरालाई समर्थन हुने गरी भीमबहादुर परियारले अदालतमा समेत बकपत्र गरेको पाइयो। जाहेरवाला खड्कबहादुर वलीले प्रतिवादी जिवेश नेपाली, बालिका नेपाली, युवराज नेपाली र जगदीश नेपालीले मेरो छोरा अनिश वलीको घाँटीमा डोरीको पासो लगाई मारेका हुन् भनी अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ। अतः प्रतिवादीको मौकाको साबिती बयान मिसिल संलग्न अन्य प्रमाणहरूबाट पुष्टि भई जाहेरवालाको छोरा अनिश वलीलाई यी प्रतिवादीले नै कर्तव्य गरी मारेको तथ्य निर्विवाद रूपमा स्थापित हुन आएकाले अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादी जिवेश नेपालीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी बालिका नेपालीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, यी प्रतिवादीले जिवेश नेपालीसमेत मेरो घरमा आई सल्लाह मागेकाले जाहेरवालाको घाइते छोरा अनिश वली बाँच्दैन भने, अरूले थाहा नपाउने गरी कतै फालिदेउ भनी वचन दिएकी हुँ भनी मौकामा बयान गरे तापनि अदालतसमक्ष जाहेरवालाको छोरा अनिश वलीलाई मारेर फालेको भनेको मितिमा म आफ्नो माइती घर दाङ तुलसीपुर नगरपालिका अस्वारा भन्ने ठाउँमा काम विशेषले गएकी थिएँ। उक्त घटनामा म संलग्न छैन। प्रहरीमा गरेको बयानको बेहोरा मेरो होइन, सहीछापसम्म मैले गरेकी हुँ। बयानको बेहोरा मलाई पढीबाची सुनाइएको होइन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। निज प्रतिवादीको सो इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी नुनकुटी नेपालीले

अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएको अवस्था छ । कसुर ठहर भएका प्रतिवादी जिवेश नेपालीले यी प्रतिवादीले जाहेरवालाको छोरा अनिश वलीलाई मारिदिनु भनी बचन दिएको भनी मौकामा निज प्रतिवादीउपर पोल गरे तापनि अदालतसमक्ष गरेको बयानमा बालिका नेपालीले जाहेरवालाको छोरालाई मार्नमा वचन दिएको भनी उल्लेख गर्न सकेको देखिँदैन । वादी पक्षले प्रतिवादी जिवेश नेपाली वारदातको दिनमा यी प्रतिवादीको घरमा गएको भन्ने तथ्य पुष्टि गराउन सकेको अवस्था छैन । अनुसन्धानको क्रममा भएको सहअभियुक्तको पोललाई मात्र आधार मानी कसुरदार ठहऱ्याउन फौजदारी न्यायको रोहमा मिल्नेसमेत देखिँदैन । फौजदारी कसुरमा अभियुक्तउपरको कसुर वादी पक्षले शंकारहित रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्ट रूपमा व्यवस्था गरेको पाइन्छ । कसुर शंकारहित तबरले प्रमाणित हुने प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने हुन्छ । कसुर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शंकारहित किसिमबाट पुष्टि हुनुपर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादी बालिका नेपालीले प्रतिवादी जिवेश नेपालीलाई जाहेरवाला खड्कबहादुर वलीको छोरा अनिश वलीलाई कर्तव्य गरी मार्नमा बचन दिएको तथ्य वादी पक्षले प्रमाणित गर्न सकेको देखिन नआएबाट प्रतिवादी बालिका नेपालीलाई समेत अभियोग दाबीअनुसार नै सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारण तथा प्रमाणहरूबाट प्रतिवादीमध्येका जिवेश नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद, बालिका नेपालीलाई ऐ.को १३(४) नं. बमोजिम जन्म कैदमा कारागार ऐन, २०१९ को दफा २४(१) (ङ) (४) बमोजिम थप सजाय हुने र नाबालक प्रतिवादीहरू जगदीश परियार र युवराज नेपालीको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम जनही २(दुई) महिना कैद सजाय हुने ठहऱ्याइ सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७०।१०।१३ मा भएको फैसला केही उल्टी हुने ठहऱ्याई प्रतिवादीमध्येका बालिका नेपालीलाई अभियोग दाबीबाट सफाइ दिई अन्य प्रतिवादीहरूका हकमा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।०७।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी जिवेश नेपालीलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहितको जन्मकैद हुने ठहर भएकोमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता ऐन, २०७४ मा सर्वस्वसहितको जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ.ऐनको दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भन्ने प्रावधान रहेकोले प्रस्तुत मुद्दामा यी प्रतिवादी जिवेश नेपालीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृतः मुना अधिकारी (ढकाल)

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल मंसिर २३ गते रोज २ शुभम् ।

४

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७५-CR-२००४, मानव

बेचबिखन तथा ओसार पसार, *झप्टिमान श्रेष्ठ वि. नेपाल सरकार*

पीडितलाई बेचबिखन गर्ने उद्देश्यले लगेको नभई सहमतिमै श्रीमती बनाउनका लागि गएको हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, यी पीडित विवाहिता महिला भएको र निजले साथमा ३ वर्षकी सानी छोरीसमेत सँगै लगेको तथ्यमा विवाद देखिँदैन। प्रतिवादी झप्टी भन्ने झप्टीमान श्रेष्ठ र पीडित एउटै गाउँका बासिन्दा भएको र एकआपसमा आउजाउ भई प्रेम सम्बन्धमा रहेको कुरालाई स्वयं पीडितले स्वीकार गरेको र सो तथ्यलाई वस्तुस्थिति मुचुल्काका मानिसहरूले गरिदिएको मौकाको बयान र अदालतको बकपत्रबाट समेत पुष्टि भएको अवस्था छ। दुवैजनाको सहमतिमा श्रीमान् श्रीमती बन्ने उद्देश्यले सानी छोरीसमेत साथमा लिई घरबाट तुम्लिङ्गटार गई त्यहाँबाट प्लेन चढी काठमाडौँ हुँदै पोखरामा पुगी कोठा खोजेर पसलका लागि सामानहरू किनी सँगै बसेको र शारीरिक सम्पर्कसमेत हुने गरेको भन्ने तथ्यलाई प्रतिवादीले स्वीकारै गरेको र सो तथ्यलाई पीडितले समेत खण्डन गरेको नदेखिने।

प्रतिवादीले पीडितलाई श्रीमती बनाउनका लागि सहमतिमै लगेको हो भन्ने जिकिर लिए तापनि निज प्रतिवादीको पहिले नै विवाह भइसकेको र घरमा श्रीमती छोराछोरीसमेत भएको अवस्थामा यी पीडितसँग विवाह गर्नुपर्ने आवश्यकता रहे भएको भन्ने पनि देखिन आउँदैन। प्रतिवादीले पीडितलाई कोठाबाट बाहिर कतै जान नदिई बन्धक बनाई करणीसमेत गर्ने गरेको तथ्यलाई पीडितले मौकामा तथा अदालतको बयानमा खुलाएको र पीडितको सो भनाइलाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिएन। प्रतिवादीले मनकामना गई विवाह गरी कामका लागि भारत जानु पर्दछ भनेपछि मात्र बेच्ने उद्देश्यले ल्याएको कुरामा पीडितलाई शंका लागी सो कुरा घरबेटीलाई भनी घरबेटीकै सहयोगमा सामान बेची रकम जुटाई दिदीको घर इटहरीमा पुगेको देखिन्छ। प्रतिवादीले पीडितलाई श्रीमती बनाउने उद्देश्यका साथ घरबाट भगाएको भए पीडितलाई कोठामा बन्धक बनाई राख्नुपर्ने र पीडित प्रतिवादीको पन्जाबाट भाग्नुपर्ने अवस्था नै आउने थिएन। प्रतिवादीले श्रीमान् श्रीमती बन्नका लागि दुबैको मन्जुरी भई घरबाट भागी गएको भन्ने जिकिर लिए तापनि सो जिकिर पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन। अतः प्रतिवादी र पीडित श्रीमान् श्रीमती बन्नका लागि भागी हिँडेको भन्ने तथ्य मिसिल संलग्न कुनै प्रमाणहरूबाट समर्थित हुन नसकेकोले निज पीडितलाई प्रतिवादीले श्रीमती बनाउने मनसायका साथ निजको घरबाट भगाई पोखरा पुऱ्याई कोठा लिई राखेको भन्न मिल्ने देखिँदैन। अतः माथि उल्लिखित मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीले श्रीमती बनाउने प्रलोभन दिई झुक्याई निज पीडितलाई घरबाट भगाई पोखरा पुऱ्याई कोठामा राखी यौन शोषण गरेको भन्ने तथ्य पुष्टि हुन आएकाले पीडितको सहमतिमा श्रीमती बनाउनका लागि लगेको हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वस्तुतः वादी पक्षले यी प्रतिवादीले पीडितलाई भारत लगी बिक्री गरी वेश्यावृत्तिमा लगाउने उद्देश्यले ओसार पसार गरेकोले निजलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीतको कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(२) अनुसार सजाय गरिपाउँ भन्ने दाबी लिएकोमा सुरू तथा पुनरावेदन अदालतबाट फैसला हुँदा निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को कसुर अपराधमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ङ) को देहाय (२) बमोजिम कैद वर्ष १०(दश) र जरिवाना रू.७५,०००।- (पचहत्तर हजार रुपैयाँ) हुने गरी सजाय गरेको देखिन्छ। प्रतिवादीलाई कसुरदार ठहऱ्याइएको कानूनी प्रावधान अध्ययन गर्दा,

"किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिकालाई लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना हुने" भन्ने रहेको पाइन्छ । तर प्रस्तुत वारदातमा प्रतिवादीले परिवर्तित नाम धनकुटा (क) १ लाई श्रीमती बनाउने आश्वासन दिई निजको घर परिवारबाट छुटाई पोखरा पुर्‍याई कोठा खोजी आफूसँग राखी यौन शोषण मात्र गरेको देखिएको छ । कुनै पनि अपराधमा अपराधीलाई सजाय गर्दा निजले गरेको कसुरजन्य कार्यको लागि कानूनले जस्तो किसिमको सजाय तोकेको हुन्छ त्यही सजाय मात्र दिइनु पर्दछ र कानूनले तोकेको भन्दा बाहिर गई सजाय निर्धारण गर्नु न्यायोचित हुँदैन । कसुरदारले गरेको स्थापित अपराध र गरिने सजाय एकआपसमा मेल खाएको हुनुपर्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको कसुर र पुनरावेदन अदालतबाट फैसला हुँदा निजलाई तोकिएको सजाय एकआपसमा नमिलेको देखिन आएको छ । प्रतिवादीले गरेको कसुरमा हुने सजायका सन्दर्भमा हेर्दा, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) मा "**शोषण गर्ने उद्देश्यले दफा ४(२)(ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेशमा लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुने**" व्यवस्था रहेको छ । यी प्रतिवादीले निज परिवर्तित नाम "धनकुटा (क) १" लाई शोषण गर्ने उद्देश्यले निजको घरबाट तुम्लिङ्गटार लगी त्यहाँबाट प्लेन चढाई काठमाडौं हुँदै पोखरामा पुर्‍याई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको देखिएको छ । माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार शोषण गर्ने उद्देश्यले ललाई फकाई नेपालको एक ठाउँबाट अर्को ठाउँमा लगेमा प्रतिवादीलाई एक वर्षदेखि दुई वर्षसम्म मात्र कैद हुने देखिन्छ । प्रतिवादीले यी पीडितलाई शोषण गर्ने उद्देश्यले विदेश अर्थात् नेपालभन्दा बाहिर लगेको भन्ने तथ्य मिसिल संलग्न कुनै पनि प्रमाणबाट स्थापित हुन नसकेको अवस्थामा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (ङ) को देहाय (२) बमोजिम सजाय गरेको फैसला सो हदसम्म मिलेको नदेखिने ।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी झप्टी भन्ने झप्टीमान श्रेष्ठले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर गरेको स्थापित हुन आएकाले निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ. ऐनको दफा १५(१)(ङ)(२) बमोजिम १० वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवाना हुने गरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०७३।१।३० मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी झप्टी भन्ने झप्टीमान श्रेष्ठलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) अनुसार १ वर्ष ६ महिना कैद हुने ।

इजलास अधिकृतः मुना अधिकारी (ढकाल)

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल कार्तिक ४ गते रोज २ शुभम् ।

इजलास नं. ११

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-११२० र ०७२-CR-११२०, सरकारी छाप दस्तखत किर्ते, *बच्चुराम के.सी. वि. नेपाल सरकार र किशोरजंग भन्ने किशोरकुमार श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीमध्येका बच्चुराम के.सी. ले नेपाली

राहदानी लिएका अफगानी नागरिकहरूबाट बरामद राहदानीको विवरणको फाराम आफूले भरेको भनी अदालतसमक्ष साबिती भएको पाइन्छ । बरामद भएका राहदानी नेपाली र फोटो अफगानी नागरिकको भन्ने कुरामा कुनै विवाद रहेको देखिँदैन । प्रतिवादी बच्चुराम के.सी. ले अदालतमा आई इन्कारी बयान गरेको भए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष जनही रू.३,०००।- लिएर राहदानी बनाएको भनी कसुरमा साबित भएको देखिन्छ । उक्त कुरालाई अन्यथा हो भनी प्रमाण ऐन, २०३१ को दफा २७, २८ अनुसार वस्तुनिष्ठ तथ्यगत आधार प्रमाण पेस गरी अदालतमा प्रमाणित गराउन सकेको पाइएन । त्यसैगरी कन्सुलर सुरेन्द्र थापाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दासमेत उक्त राहदानीहरू मैले जारी गरेको होइन, राहदानी शाखामा कार्यरत ना.सु. बच्चुराम के.सी. समेतको मिलेमतोमा उक्त राहदानीहरू सरकारी छाप दस्तखत किर्ते गरी तयार पारेकोमा मलाई विश्वास लाग्छ भन्नेसमेत बेहोराको कागज गरिदिएको देखिन्छ भने अनुसन्धानमा कागज गर्ने कृष्णगोपाल नापित र पूर्णबहादुर महर्जनले कागज गर्दा राहदानी दर्ता किताब देखेँ राहदानी र दर्ता किताबमा लेखिएमा हस्तलिपिहरू परराष्ट्र मन्त्रालयको पासपोर्ट संकलनमा कार्यरत ना.सु. बच्चुराम के.सी.का हुन् भनी लेखाई दिएको पाइन्छ । साथै सुरेन्द्र थापाको हस्ताक्षर किर्ते गरी राहदानी बनाएका हुन् भनी लेखाएकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीहरूकै कार्य कारणबाट उक्त राहदानी बनेको भन्ने कुरा प्रमाणित हुन आएबाट अभियोग दाबीलाई समर्थन भई प्रस्तुत किर्ते कार्यमा यी प्रतिवादीकै हात रहेको प्रस्ट देखिने ।

अदालतमा दिएकै इन्कारी बयानबाट अधिकारप्राप्त अधिकारीसमक्षको बयानको प्रमाणिकता शून्य रहने भनी अर्थ गर्न मिल्दैन । त्यसै प्रतिवादी बच्चुराम के.सी. ले आफैँले विवरण भर्ने काम गर्ने, साथीहरू नपाएको अवस्थामा फोटो टाँस गर्ने र ढड्डामा दर्ता गर्ने कामसमेत आफैँ गर्ने गर्दछु भनी सुरू अदालतमा बयान गरेको देखिन्छ । त्यसैगरी मौकामा कागज गर्ने कृष्णगोपाल नापितसमेतले मौकामा गरेको कागज बेहोरालाई पुष्टि गर्दै पासपोर्ट राख्ने साँचो प्रतिवादी बच्चुराम के.सी. सँगसाथ नै रहने गरेको भनी सुरू अदालतमा बकपत्र गरिदिएको अवस्थासमेतका प्रमाणहरूबाट यी प्रतिवादी बच्चुराम के.सी. उपरको अभियोग शंकारहित तवरबाट पुष्टि हुन आई निजलाई सुरू काठमाडौं जिल्लाबाट किर्ते कागजको ९ नं. बमोजिम रू.५०।- जरिवाना र ऐ. १२ नं.बमोजिम १ (एक) वर्ष कैद र सोही शाखामा कार्यरत कर्मचारी भएको हुँदा थप २ वर्षसमेत गरी जम्मा ३ वर्ष कैदको सजायलाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।९।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

अब अर्का प्रतिवादी किशोरजंग भन्ने किशोरकुमार श्रेष्ठलाई सफाइ दिने सुरू अदालतको फैसलालाई केही उल्टी गरेको पुनरावेदन अदालत पाटनको फैसला मिले नमिलेको तर्फ विचार गर्दा निज प्रतिवादी मौकामा फरार रही अदालतमा उपस्थित भई कसुरमा इन्कारी भई बयान गरेको देखिए तापनि अर्का सहअभियुक्त प्रतिवादी बच्चुराम के.सी. ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा राहदानी जारी गर्ने र बाहकको हस्ताक्षर किर्ते यिनै प्रतिवादीले गरेको र जनही रू.३,०००।- का दरले मलाई १५,०००।- रूपैयाँ पनि यिनै प्रतिवादीहरूले दिएको हो भनी पोल गरी बयान लेखाएको देखिन्छ । सो बयानलाई अन्यथा हो भनी यी प्रतिवादीले पुष्टि गर्न सकेको पाइँदैन भने यिनै प्रतिवादी किशोरकुमार श्रेष्ठले सञ्चालन गरेको किशोरजंग इन्टरनेसनल कन्सल्टेन्सीबाट किर्ते गरी बनाइएका नक्कली ५ थान राहदानी र नागरिकतासमेतका दसीका सामानहरू बरामद भएको देखिन्छ । ती सामानहरू आफूकहाँ रहनको ठोस एवं भरपर्दो र विश्वसनीय कारण र आधार

यी प्रतिवादीले खुलाउन र देखाउन सकेको अवस्था नहुँदा यी प्रतिवादीले समेत अभियोग दाबीबमोजिमको कसुर गरेको देखिन आउने।

तसर्थ, प्रतिवादी किशोरकुमार श्रेष्ठलाई कसुरबाट सफाइ दिने गरी भएको सुरू फैसला मिलेको नदेखिँदा सो हदसम्म सुरू फैसला केही उल्टी गरी निजलाई किर्ते कागजको महलको ९ नं.बमोजिम रू.५०।- जरिवाना र ऐ. १२ नं.बमोजिम १ (एक) वर्षको कैद सजाय हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०७१/९/६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल माघ ९ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री पुरूषोत्तम भण्डारी, ०७५-WH-०१८९, बन्दीप्रत्यक्षीकरण, विवेशकुमार सिंह वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

कैलाली जिल्ला अदालतबाट म्याद थप दिँदाको अवस्थामा के कुन कार्यको लागि म्याद थप दिनुपर्ने हो सोको आधार र कारण उल्लेख नगरी म्याद थप गरिदिएको देखिन्छ । कानूनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउनु कानूनी राज्यमा शोभनीय कार्य मानिँदैन। राज्यले नागरिकका वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउँदा सारवान् कानून र कार्यविधि कानूनले निर्दिष्ट गरेको मार्गको परिपालना गर्नु अनिवार्य हुन्छ। प्रस्तुत सन्दर्भमा यी निवेदकलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने उचित एवं पर्याप्त आधार र कारण उल्लेख नगरी भएको म्याद थपसम्बन्धी कार्यहरू कानूनतः अपरिपक्व देखिएको एवं निज निवेदकउपर लगाइएको अभियोग पुष्टि हुने स्पष्ट आधारहरूसमेत विपक्षीहरूले पेस गर्न नसकेको अवस्थामा निज निवेदकको थुनालाई कानूनी थुना भन्न सकिने देखिन नआउने।

प्रतिवादी बबरजंगबहादुर सिंहलाई पक्राउ गरी मिति २०७६।१।२७ गतेदेखि लागू हुने गरी दिन ४ को म्याद मिलान अनुमति पाई मिति २०७६।१।३१ गतेदेखि लागू हुने गरी छैटौंपटक दिन १५ म्याद थप अनुमति मागेकोमा कैलाली जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरिदिएको र कैलाली जिल्ला अदालतले म्याद थप गर्दा कुनै पनि आधार र कारणविना म्याद थप गरेको औचित्यपूर्ण नदेखिएको, त्यस्तैगरी मिति २०७६।२।५ मा यस अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता भएकोमा मिति २०७६।२।६ मा यसै अदालतबाट कारण देखाउ आदेश जारी भएपश्चात् कैलाली जिल्ला अदालतबाट मिति २०७६।२।८ गते जिल्ला प्रहरी कार्यालय, कैलालीका नाममा म्याद सूचना तामेली गर्न बुझिलिए तापनि तामेलीमा ढिलासुस्ती गरेको र यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको रिटमा कारण देखाउ आदेश जारी भएपछि अभियोगपत्र दर्ता भएको देखिने।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ मा यस परिच्छेदबमोजिम कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छोड्दा वा कुनै अभियुक्तसँग धरौट वा जमानत लिँदा वा थपघट वा परिवर्तन गर्दा वा दफा ७७ बमोजिम थुनाबाट छाड्दा अदालतले कारणसहितको आदेश पर्चा खडा गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था भएको र ऐ. संहिताको दफा १४ (९) मा मुद्दा हेर्ने अधिकारीले हिरासतमा राख्ने आदेश दिँदा कारणसहितको पर्चा खडा गर्नु पर्नेछ भन्नेसमेतको कानूनी व्यवस्था भएकोमा कैलाली जिल्ला अदालतले उल्लिखित कानूनी व्यवस्थाको भावना र मर्मविपरीत आधार र कारणविना म्याद थपको आदेश गरेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (९) विपरीत देखिएको तथा म्याद तामेलीमा

तामेलदार फिल्डमा भएकोले ढिलासुस्ती गरी बन्दीप्रत्यक्षीकरणको सूचना तामेल गर्नमा कैलाली जिल्ला अदालतले ढिलासुस्ती भएको कार्यलाई स्वीकार गरी मिति २०७६।२।२३ को लिखित जवाफसमेत रहेको, जुन दिन थुनछेकको बहस भयो सोही दिन मात्र बन्दीप्रत्यक्षीकरणको कारण देखाउ आदेशको म्याद बुझाएको र अदालतले थुनछेकको आदेशमा धरौटी वा जमानीमा छोड्ने आदेश गर्दासमेत कारणसहितको आदेश पर्चा खडा गर्नु पर्नेमा सोसमेत नगरी धरौटी राख्न नसकेको भनी थुनामा राख्ने आदेशसमेत कानूनी आधारविना गरिएको देखिएकोले निवेदकको थुनालाई कानूनसम्मत मान्न मिलेन तसर्थ निवेदकलाई थुनामा राख्ने कार्य गैरकानूनी देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम थुनामुक्त गर्नु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको यो आदेश जारी हुने।

कैलाली जिल्ला अदालतले मिति २०७६।०२।०८ गते जिल्ला प्रहरी कार्यालय, कैलालीका नाममा यस अदालतबाट जारी भएको म्याद प्राप्त गरिसकेपछि मिति २०७६।०२।१५ गते मात्र सो म्याद तामेल गरेको देखिन्छ। बन्दीप्रत्यक्षीकरण जस्तो संवेदनशील मुद्दामा कानूनले तोकेको समयसीमामा रही प्राथमिकताको क्रममा अविलम्ब म्याद तामेल गर्नु पर्नेमा समयमा नै अदालतमा म्याद प्राप्त भइसकेको देखिएको र तामेल्दारले समयमा नै म्याद बुझी तामेलीमा ढिलासुस्ती गरेको देखिँएको र सो कुरालाई स्वीकार गरी कैलाली जिल्ला अदालतले लिखित जवाफसमेत पेस गरेको देखिँदा अदालत प्रशासनको हेलचेक्र्याईंबाट बन्दीप्रत्यक्षीकरणको रिट निवेदनको कारण देखाउ आदेशको म्याद समयमा तामेल नभई अभियोगपत्र दर्ता गरेको दिन मात्र म्याद तामेल हुन पुगेको स्थिति छ। बन्दीप्रत्यक्षीकरणको रिट व्यक्तिको स्वतन्त्रता बन्धकमा परेको अवस्थामा दायर हुने रिट निवेदन हो। यस्तो मुद्दामा छिटो छरितो तरिकाबाट म्याद तामेल गर्नु पर्नेमा ७ दिनपछि मात्र म्याद तामेल गर्न गएको देखिन्छ। अब आइन्दा म्याद तामेलीमा ढिलाई, विलम्ब तथा लापरवाही नगर्न र मुद्दाका पक्षका नाममा जारी हुने म्यादहरू कानूनले तोकेको समयसीमामा रही म्याद तामेली गर्ने व्यवस्था गर्न गराउन हुन कैलाली जिल्ला अदालतको नाममा यो निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृतः- जनक सिंह बोहरा

कम्प्युटरः- चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल आषाढ २५ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७५-CI-००२५, कित्ताकाट र नक्सा बदर गरिपाउँ, *हरेरा भन्ने आबु हरेरा डफाली वि. देवेन्द्रनाथ यादवसमेत*

वादीको नाममा दर्ता स्रेस्ता रहेको कि.नं. ७१८ को जग्गा निजले निर्बाध रूपमा भोगचलन गर्दै आएको कुरामा विवाद देखिँदैन। भैरहवा - तौलिहवा - बहादुरगन्ज सडकको चौडाइ सडकको केन्द्रबिन्दुदेखि दायाँ बायाँ १५/१५ मिटर मापदण्ड निर्धारण भएको पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. ५ शिवपुर कपिलवस्तुको च.नं.८२७ मिति २०७०/०२/२१ को पत्रबाट देखिन्छ। अदालतको आदेशद्वारा मिति २०७३/०१/०७ गते भएको नक्सामा पनि सडकको चौडाई ३० मिटर भएको पाइन्छ। सडक विस्तार गर्ने क्रममा वादीको साबिक कि.नं. ७१८ को ०-०-१० जग्गा कित्ताकाट भई कायम हुन आएको कि.नं.१४१५ को ०-०-७$^{1}/_{2}$ जग्गा सो सडकमा पर्ने र कि.नं. १४१६ को ०-०-२$^{1}/_{2}$ जग्गा वादीका नाममा रहेको मिसिल संलग्न नक्सा एवं दर्ता स्रेस्ता प्रमाणपुर्जाको प्रतिलिपिसमेतबाट देखिने।

सडक विस्तार गर्दा सडकको मापदण्डअनुसार सडकको केन्द्रविन्दुदेखि दायाँ बायाँ

१५/१५ मिटर विस्तार गरी सडकको चौडाई ३० मिटर कायम भएको नक्सा ट्रेसबाट देखिन्छ। सडक विस्तार गर्दा उक्त मापदण्डभन्दा बाहिर गई वादीको जग्गामा ३० मिटरभन्दा चौडा सडक भएको मिसिल संलग्न नक्साबाट देखिँदैन। वादीले पनि मेरो जग्गामा सडक ३० मिटरभन्दा चौडा भएको भन्नसकेको अवस्था छैन। सडकको सबै ठाउँको चौडाई समान रहेको र वादीको जग्गामा मात्र सडक फराकिलो पारी विस्तार गरेको भन्ने पनि पुष्टि हुँदैन। सडक विकासको मेरूदण्ड भएको र पुराना सडकले वर्तमानको मागलाई धान्न नसक्ने भएको हुनाले निश्चित मापदण्ड बनाई सडक विस्तार गर्नुपर्ने नै हुन्छ। सडक विस्तार गर्दा सडकको छेउछाउमा रहेका घर जग्गा सडकमा पर्नु स्वाभाविक नै हो। निश्चित मापदण्ड बनाई प्रक्रिया पूरा गरी सडक विस्तार गर्न सडक कार्यालयलाई कुनै कानूनले पनि रोक लगाएको नहुँदा सडक विस्तारको क्रममा सडकमा परेजति जग्गा र बाँकी रहेजति जग्गाको छुट्टाछुट्टै कित्ताकाट गरी प्रतिवादीबाट तयार भएको नक्सा र कित्ताकाट बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मनासिब नै देखिन आउने।

अत: उल्लिखित आधार कारणबाट कि.नं. ७१८ वादीको नाममा दर्ता रहे तापनि सडकको चौडाई केन्द्रविन्दुदेखि दायाँ बायाँ १५-१५ मिटरको मापदण्ड रहेको, सडक कार्यालयको पत्रमा देखिएको नक्सा ट्रेसको प्रकृतिअनुसार अदालतको मिति २०७३।१।७ को नक्साबाट पनि सडकको चौडाई ३० मिटर भएको देखिएको अवस्थामा प्रचलित कानूनको अधीनमा रही सार्वजनिक सडक विस्तार गर्न कानूनले सडक कार्यालयलाई निषेध नगरेको अवस्थामा कित्ताकाट गर्दा सडक किनारामा रहेका घरजग्गा मापदण्डबाहिर नगई सडकमा पर्न सक्नेजतिको कित्ता मात्र काट गरेको कार्यलाई कानूनसम्मत ठहर्‍याई भएको पुनरावेदन अदालत बुटवलको मिति २०७४/०१/११ को फैसला मनासिब भई मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : सूर्यप्रसाद भण्डारी

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल असार १८ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७१-CR-११४२, लागु औषध (खैरो हिरोइन), *गणेशदोङ्ग लामा वि. नेपाल सरकार*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा "कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नु पर्नेछ। त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यी पुनरावेदकसमेत सँग साथ रहेको अवस्थामा यी पुनरावेदक प्रतिवादीको साथी महमद जुवैर आलमको साथबाट ३५ ग्राम लागु औषध बरामद भएकोलाई अन्यथा भन्न नसकेको र उक्त लागु औषध बिक्रीबाट आएको आम्दानी बाँडी खाने उद्देश्यले लिई हिँड्दा आफूसमेत सबै प्रतिवादी पक्राउ परेका र लागु औषध बरामद भएको हो भनी यी पुनरावेदकले समेत मौकामा गरेको बयानलाई तथ्यगतरूपमा अन्यथा भन्नसकेको नदेखिएबाट अवैध लागु औषधमा निजहरूको सामूहिक स्वामित्व रहेको मान्नुपर्ने र

त्यसरी अवैध लागु औषध साथमा हुनुलाई अन्यथा प्रमाणित गराउन नसकेबाट उक्त कानूनी व्यवस्थानुसार यी पुनरावेदकसमेत दोषी देखिन आउने।

पुनरावेदक / प्रतिवादी गणेश दोङ्ग लामाको साथबाट लागु औषध खैरो हेरोइन बरामद नभए तापनि प्रतिवादीहरूमध्ये महमद जुवैर आलमसँग ३५ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको सेवनकर्ताहरूलाई बेच्न भनी यी पुनरावेदक गणेश दोङ्ग लामासहितका चारैजना प्रतिवादीहरू निस्कँदा लागु औषधसहित चारैजना प्रतिवादीसँगै पक्राउ परेको भन्ने मिसिल संलग्न प्रमाण कागजहरूबाट देखिन आएको छ। लागु औषध सेवन गर्छु भन्ने यी पुनरावेदकलाई आफूसँग हिँडेका साथी सहप्रतिवादी महमद जुवैर आलमसँग लागु औषध हिरोइन छ भन्ने कुराको जानकारी भएको बुझिन्छ र लागु औषध सेवनसम्म गर्ने हुँ भन्ने यी पुनरावेदकले उक्त लागु औषध कहाँ कसरी खाने गरेको आदि कुरा उल्लेख गर्न सकेका छैनन् र सँगै हिँडेका साथी सहअभियुक्त महमद जुवैर आलमका साथबाट बरामद भएको लागु औषध हिरोइनको मात्रा (३५ ग्राम) लाई हेर्दा उक्त लागु औषध सेवन गर्ने प्रयोजनका लागि लिई हिँडेका रहेछन् भन्ने कुरा प्रतितलायक देखिँदैन भने सो लागु औषधको प्रकृति र मात्रालाई दृष्टिगत गर्दा बिक्री गर्ने उद्देश्यले लिई हिँडेको भन्ने यी पुनरावेदकसमेतको अनुसन्धान अधिकारीसमक्षको मौकामा गरेको बयान नै प्रतितलायक देखिन आउने।

तसर्थ, उल्लिखित आधार, प्रमाण एवं कारणहरूबाट यी पुनरावेदक / प्रतिवादी गणेश दोङ्ग लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ)(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१) को देहाय (छ)(२) बमोजिम १० वर्ष कैद र रू.७५,०००।- जरिवाना हुने ठहर गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको साबिक पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सूर्यप्रसाद भण्डारी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल असार ३० गते रोज २ शुभम्।

५

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या श्री टंकबहादुर मोक्तान, ०७३-CR-०४५१, भ्रष्टाचार, *सुवर्ण शाही सेन वि. नेपाल सरकार*

मैले वर्ष १९८९ मा भारतको कलेज GOVT. GIRLS INTER COLLEGE, FAIZABAD मा अनुक्रमांक नं.१५०००५७ को प्रवेशपत्र लिई म आफैँ परीक्षामा समावेश भई परीक्षा दिएकी थिएँ। म आफैँ स्वयम् उक्त स्थानमा गई महिनौंसम्म बसी परीक्षा दिई परीक्षासमेत उत्तीर्ण भई उक्त शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेकी हुँ भनी पुनरावेदकले जिकिर लिएतर्फ हेर्दा निजकै जिकिरअनुसार पुन: प्रमाणीकरणका लागि सम्बद्ध निकायमा पत्राचार गर्दा पुन: माथि उल्लेख भएअनुसार सम्बन्धित निकायबाट फेल तथा अपुष्टित भनेर विवरण लेखी प्रमाणपत्रको प्रतिलिपिसमेत प्राप्त भएबाट पुनरावेदकको उक्त पुनरावेदन जिकिर पुष्टि हुन आएन। आफूले लिएको जिकिर पुष्टि गर्ने दायित्वसमेत यी पुनरावेदकको भएकोमा सो कुराको पुष्ट्याईं गर्न अन्य कुनै प्रमाण पेस गर्नसमेत सकेको देखिएन। यसबाट पुनरावेदकले बयानसाथ पेस गरेको माध्यमिक शिक्षा पास गरेको प्रमाणपत्र अन्यथा देखिन आएको स्थितिमा खाली बयान र पुनरावेदन जिकिर लिएकै आधारमा निजको भनाइलाई विश्वास गरी सोको आधारमा निजलाई निर्दोष भन्न नसकिने।

प्रतिवादी सुवर्ण शाही सेनले दाबीको प्रमाणपत्र मैले सन् १९८९ मा हाइस्कुल परीक्षा पास गरी प्राथमिक शिक्षक पदमा २०४९ सालमा बढुवा प्रयोजनको लागि पेस गरेको भनी विशेष अदालतसमक्ष

बयान गरेकोमा सो बयान बेहोरालाई मिसिल संलग्न अन्य प्रमाण कागजातहरूले पुष्टि गरेको नदेखिएको र सो समयमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ क्रियाशील रहेको हुँदा निज प्रतिवादीले सोही ऐनको दफा १२ को कसुर गरेको देखिन आएकोले निजलाई अभियोग दाबीअनुसार कसुरदार कायम गरी सजाय गर्ने गरेको विशेष अदालत काठमाडौंको फैसला कानूनसम्मत देखिन आई अन्यथा भन्न मिल्ने नदेखिएकोले सो फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी सुवर्ण शाही सेनले नक्कली बेहोराको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको ठहऱ्याई निज प्रतिवादीलाई सोही ऐनको दफा १२ र २९(२) नं.बमोजिम रू.५००।- (पाँच सय) जरिवाना हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७३।०६।०४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जनकसिंह बोहरा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल वैशाख १० गते रोज ३ शुभम्।

६

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७५- RC-०१३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खगेन्द्रबहादुर कोइराला (वि.क.)*

प्रस्तुत मुद्दामा प्रतिवादी र मृतकबिच काठ चिरानी गरेको पैसाको लेनदेनको विषयलाई लिएर विवाद भई झगडा परी प्रतिवादीले आफूले भिरेको खुकुरीले मृतकको पेटमा २/३ पटक रोपी अत्यधिक रक्तस्राव भई सोही चोटका कारण मृतकको मृत्यु भएको भन्ने तथ्य र कारणमा कुनै विवाद रहेको देखिँदैन। प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत मृतक छत्रबहादुर मगरको मृत्यु आफूले हानेको खुकुरीको चोटका कारणबाट भएको हो भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । जाहेरवाला यामकुमार मगर, मौकामा घटना विवरण कागज गर्ने देवबहादुर तामाङ, दलबहादुर तामाङसमेतले जाहेरी बेहोरा तथा प्रतिवादीको साबिती बयान समर्थित हुने गरी सुरू अदालतमा बकपत्रसमेत गरिदिएको पाइन्छ । यस अवस्थामा आवेशप्रेरित हत्या नभई प्रतिवादीमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी तथा मनसाय तत्त्वको विद्यमानता देखिइरहेको, खुकुरीजस्तो जोखिमी हतियारको समेत प्रयोग भई मृतकको मृत्यु भएको र सो जोखिमी हतियार खुकुरी बरामद भएको र सो खुकुरी आफ्नै हो भनी प्रतिवादीले बयानका क्रममा सनाखतसमेत गरेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिन आउने।

अत: विवेचित आधार कारणबाट सुरू अदालतबाट प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र ऐ.१३(१) नं. को कसुरमा ऐ.को १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा ***"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"*** भन्ने व्यवस्था भएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा ***"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नु पर्नेछ"*** भन्ने कानूनी व्यवस्था हुनुका साथै तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा ***"कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका***

मुद्दामा सजाय गर्नु पर्दा सोही कानूनबमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ ।" भन्ने कानूनी प्रावधानसमेत रहेको पाइन्छ । यस अवस्थामा सुरू अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. को कसुरमा ऐ.१३(१) नं. बमोजिम प्रत्यर्थी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएकोमा हाल प्रचलित उल्लिखित कानूनी प्रावधानसमेतका आधारमा सर्वस्व नहुने भएकोले निज पुनरावेदक प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैद मात्र हुने ठहर गरी मिति २०७५।०७।१४ मा उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सूर्यप्रसाद भण्डारी

कम्प्युटर : सुशिला पाण्डे

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम् ।

इजलास नं.१२

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७३-WO-१०९८, उत्प्रेषण / परमादेश, *मदन लामा वि. काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेलसमेत*

बिगो भराउने जग्गा काभ्रेपलाञ्चोक जिल्लाभित्रको भएकाले सोही अदालतबाट फैसला कार्यान्वयन हुन भनी मिसिलसमेत सो अदालतमा प्रेषित गरिएकोमा रिट निवेदक सो अदालतमा उपस्थित भई नियमित रूपमा तारेखमा रहेको भन्ने कुरामा पनि विवाद छैन । काभ्रेपलाञ्चोक जिल्ला अदालतको लिखित जवाफमा पनि रिट निवेदक सो अदालतमा नियमित रूपमा धरौटी तारेखमा रहेको भन्ने कुरा उल्लेख भएको पाइन्छ । यसरी फैसला कार्यान्वयनको क्रममा एउटा पक्ष सोही अदालतमा नियमित रूपमा धरौटी तारेखमा रही रहेको अवस्थामा सो पक्षलाई सामेल नगराई एवम् जानकारी नदिई एक पक्षीय रूपमा अर्को पक्षलाई मात्र सामेल गराई फैसला कार्यान्वयन सम्बन्धमा गरिएका तमाम काम कारबाहीलाई प्राकृतिक न्यायको सिद्धान्तअनुकूलको कार्य भन्न मिल्ने देखिएन । प्राकृतिक न्यायको सिद्धान्तविपरीतका काम कारबाहीले कानूनी मान्यता प्राप्त गर्न नसक्ने र त्यस्ता निर्णय कायम रहन नसक्ने भएकाले प्रस्तुत विवादमा फैसला कार्यान्वयनको क्रममा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको लिलामीलगायतका सम्पूर्ण काम कारबाही बदरभागी रहेको देखिन आउने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट यी रिट निवेदक फैसला कार्यान्वयनको सिलसिलामा काभ्रेपलाञ्चोक जिल्ला अदालतमा धरौटी तारेखमा नियमित रूपमा उपस्थित रहँदारहँदै पनि रिट निवेदकलाई फैसला कार्यान्वयनको प्रक्रियामा समावेश नगरी एकपक्षीय रूपमा निवेदकको जग्गा लिलामीसमेत गरेकोलगायतको फैसला कार्यान्वयनको सिलसिलामा गरिएका काम कारबाही प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भई त्रुटिपूर्ण भएको देखिएकोले उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब रिट निवेदकलाई समेत समावेश गरी फैसला कार्यान्वयनको प्रक्रिया अघि बढाउनु भनी विपक्षी काभ्रेपलाञ्चोक जिल्ला अदालतको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : महेन्द्र भट्टराई

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम् ।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७३-CR-१४८१, मोटरसाइकल चोरी, *सुरेश विसुंखे वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूसमेत भई रातो रङ्गको पल्सर मोटरसाइकल टिचिङ अस्पतालको परिसरको पार्किङ स्थलबाट चोरी गरेको भनी कसुरमा साबित भएको भए पनि अदालतसमक्ष बयान गर्दा जाहेरवालाको मोटरसाइकलको पेट्रोलसम्म चोरेको हो भन्दै बरामदी मोटरसाइकल चोरी गरेकोमा इन्कार रहेको देखिन्छ । यसरी निज प्रतिवादी अदालतसमक्ष बयान गर्दा मोटरसाइकल चोरीको कसुरमा इन्कार रहे पनि उक्त मोटरसाइकल पार्किङ गरेको स्थानबाट अन्यत्र लैजान पर्नाको कानूनी आधार, कारण प्रस्टरूपमा भन्न, बोल्न र खुलाउन सकेको देखिँदैन । चोरी नगरेको भए के कुन कारण अवस्था परी अर्काको स्वामित्वको मोटरसाइकल धनीलाई जानकारी नदिई साँचो मिलाई राखेको ठाउँबाट उठाई लिएको हो सोको उचित कारण पेस गर्न सकेको देखिँदैन साथै उक्त उक्त चोरी भएको भनिएको जाहेरवालाको मोटरसाइकल यी पुनरावेदक प्रतिवादीसमेतले बिक्री गर्न राखेको स्थानबाट बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । यसरी मौकाको बरामदी मुचुल्काको बेहोराको सम्बन्धमा यी प्रतिवादीले सोमा लेखिएको बेहोरा अन्यथा हो भनी आफ्नो बयानसमेतमा भन्नसकेको अवस्था पनि मिसिलबाट देखिँदैन । अर्कोतर्फ बरामदी मोटरसाइकलमा रहेको वास्तविक नम्बर हटाई काल्पनिक नम्बर राखिएको अवस्थामा बरामद भएको अवस्थासमेतका आधार कारणबाट यी पुनरावेदक प्रतिवादीले मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीत कसुर अपराध गरेको भन्ने प्रस्ट रूपले देखिन आउने ।

जाहेरवालाले पार्किङ गरी राखेको स्थानबाट अन्यत्र लगी मोटर साइकलमा भएको वास्तविक नम्बर हटाई काल्पनिक नम्बर राखी बिक्रीको लागि राखेको अवस्थामा यी प्रतिवादीसमेतको रोहवरमा बरामद भएको आधार र अवस्थासमेतबाट अभियोग मागदाबीअनुसार कसुर कायम गरी चोरीको पटकेसमेत कायम गरी प्रतिवादीलाई सजाय गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भनी भन्न मिल्ने पनि नदेखिने ।

अतः उल्लिखित आधार कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।९।१८ मा भएको फैसला मिलकै देखिँदा सदर हुने ठहरी पुनरावेदन अदालत पाटनको मिति २०७१।१०।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

पुनरावेदक प्रतिवादीउपर सातौं पटक चोरी गरेको देखिएकोले सातौं पटक चोरी गरेको भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबीसमेत भई सातौं पटक चोरी गरेको देखिएको भनी अभियोग मागदाबीअनुसार सजाय हुने भनी पुनरावेदन अदालतबाट भएको फैसला सदर भएको अवस्थासमेत छ । यस अवस्थामा निज प्रतिवादीलाई पटके कायमबापत थप हुने कैदसमेत र प्रत्येक मुद्दामा कायम भएको बिगोअनुसार जरिवाना हुने नै देखिने । प्रतिवादीउपर चोरीको महलको १ र १२ नं. अनुसारको कसुरमा १२ नं. अनुसार सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी भई यी प्रतिवादीउपर साधारण चोरीको मुद्दामा कसुर ठहर भएको अवस्था हुँदा मुलुकी ऐन, चोरीको २७ नं. को कानूनी व्यवस्थाअनुसार कैद र जरिवानाबापत कैद गर्दा ८ (आठ वर्ष) भन्दा बढी कैद सजाय तोक्न मिल्ने देखिँदैन । यी प्रतिवादीलाई दिइएको कैदी पुर्जीमा कैदबापत ६ वर्ष र निजलाई लागेको जम्मा जरिवानाबापत चार वर्ष गरी जम्मा १० वर्ष कैद ठेकी पठाएको देखिँदा निज प्रतिवादीलाई दिइएको कैदीपुर्जीमा उल्लिखित कैद चोरीको २७ नं. को कानूनी व्यवस्थाविपरीत देखिन आयो । तसर्थ

यी पुनरावेदक प्रतिवादीलाई चोरीको महलको २७ नं. को कानूनी व्यवस्थाअनुसार कैद तथा जरिवानाबापत समेत गरी जम्मा ८(आठ) वर्ष कैदको उपल्लो हद कायम हुने गरी संशोधित कैदी पुर्जी दिई उक्त संशोधित कैदी पुर्जी कारागार शाखामा पठाउनु भनी सुरू जिल्ला अदालतका नाममा यो आदेश जारी गरिदिएको छ । अन्य कुरामा पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल आश्विन १ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७३-CR-१५२०, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. विक्रम शाहसमेत*

कम्पनीमा कार्यरत रहँदा असिम विक्रम शाह र प्रकाश सेवाले कार्यालयको जिम्मेवारीभन्दा बाहिर गएर गरेका कामको दायित्व कम्पनीले लिनु पर्दैन । उनीहरू कार्यालय सहायकको काम गर्ने गर्दथे । निजहरूले कुनै आर्थिक कारोबार गर्ने हैसियत नराख्ने हुँदा कम्पनीले दायित्व लिनु पर्ने होइन । हामीले नियमानुसार इजाजत पत्र लिएर २०६० देखि ६३ सम्म कामदार पठायौं, पछि २०६३ मा सरकारले इ.पि.एस. सिस्टमले काम सुरू गरेको हो भनी उक्त मुनड्रप्स ओभरसिज प्रा. लि. का सञ्चालक प्रसिद्ध नरसिंह राणाले बकपत्र गरिदिएको देखिन्छ भने असिम विक्रम शाह बजार प्रतिनिधि र प्रकाश सेवा कार्यालय सहायकको रूपमा करिब ८/१० वर्षअगाडिबाट हाम्रो मुनड्रप्स ओभरसिज प्रा.लि.मा कार्यरत रहेको र ०६४ वैशाखदेखि निजहरू कार्यालयमा आउन छोडेकाले हामीले निजहरूलाई हटाएको हो । यो मुद्दाको सम्बन्धमा हाम्रो कम्पनीको कुनै सरोकार र कारोबार नभएकोले कुनै दायित्व बेहोर्नु पर्ने छैन । कारोबार हाम्रो लेखामार्फत मात्र हुने गर्दछ । सोभन्दा बाहेक कार्यालय सहायक प्रकाश सेवा र बजार प्रतिनिधिले कुनै कारोबार गरेकोमा हाम्रो कुनै दायित्व हुने होइन भनी सोही मुनड्रप्स ओभरसिज प्रा.लि.का सञ्चालक पुकार नरसिंह राणाले सुरू न्यायाधिकरणसमक्ष उपस्थित भई बयान गरिदिएको देखिएबाट यी प्रतिवादीमध्येका असिम विक्रम शाह र प्रकाश सेवा उक्त मुनड्रप्सका कर्मचारी रहेको भन्ने नै देखिएको र निज प्रतिवादीहरूले नै जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकमसमेत बुझिलिएको र केही रकम पीडित जाहेरवालालाई बुझाएको भन्नेसमेत देखिन आएको र यी प्रतिवादीहरू असिम विक्रम शाह तथा प्रकाश सेवाले नै अभियोग मागदाबीअनुरूप वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४ (२) अनुसार कसुर गरेको अवस्था विद्यमान रहेको देखिएकोले आफ्नो जाहेरीअनुसार आफ्नो रकम फिर्ता प्राप्त गर्न नसकेका र आफ्नो जाहेरीअनुसार रकम प्राप्त हुन नसकेको कुरा उल्लेख गरी जाहेरीलाई समर्थित हुन आएको जाहेरीअनुसारको रकम तथा हर्जाना पाउने गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने । प्रमाण ऐन, २०३१ मा दफा १८ अनुसार अनुसन्धानको सिलसिलामा संकलित प्रमाणहरू थुनछेकको प्रयोजनको लागि मात्र प्रमाण ग्राह्य हुने र सोपछि अदालतसमक्ष आई अनुसन्धानको बेला भए गरेको कुरा अदालतमा आई समर्थित हुने गरी बकपत्र नगरेको अवस्थामा प्रमाणयोग्य हुन सक्दैन उपस्थित नहुने जाहेरवालाको रकम हिनामिना नै भएको भए आफ्नो रकमको सम्बन्धमा यथार्थ रूपले बकपत्र गरी समर्थित गराएको हुन पर्थ्यो तर प्रस्तुत मुद्दामा उपस्थित नहुने जाहेरवालाबाट रकम लिएको भन्ने कुरा शंकारहित तवरबाट ठोस तथ्ययुक्त आधार प्रमाणहरूबाट समर्थित हुन आएको देखिएन । जाहेरी दिनु मात्र कसुर स्थापित हुने आधार बन्न सक्दैन । जाहेरीको आधारले मात्र रकम मासेको भनी भन्न सकिने अवस्था देखिएन । ठहर भएको बिगो र जरिवाना कैद भएतर्फ प्रतिवादीहरूको पुनरावेदन परेको नदेखिँदा त्यसतर्फ थप विचार गरिरहनु

परेन। मौकामा आफूले दिएको जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गर्नसमेत नआएका जाहेरवालाहरूको हकमा सुरूमा दिएको जाहेरी बेहोराकै आधारमा मात्र निजहरूलाई समेत रकम तथा हर्जाना भराई दिनु पर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूमध्येका असिम विक्रम शाह र प्रकाश सेवा मुनड्रप्सका कर्मचारी रहेको र सो मुनड्रप्सका सञ्चालकहरूले गरेको बयानसमेतबाट निजहरूबाट कसुर गरी जाहेरवालाको रकम बुझिलिएको र केही रकम पीडित जाहेरवालाहरूलाई बुझाएको भन्नेसमेत देखिन आएको र यी प्रतिवादीहरू असिम विक्रम शाह तथा प्रकाश सेवाले अभियोगपत्र मागदाबीअनुरूप वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४ (२) अनुसार कसुर गरेको अवस्था देखिएकोले निजहरूलाई ऐ. ऐनको दफा २४(२) अनुसार तजबिज जनही रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना तथा १।६।० (एक वर्ष छ महिना) कैद सजाय भई सुरू न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्ने तथा सो सम्बन्धमा निजका परिवारहरूले जानकारी गराएका जाहेरवालाहरूलाई हर्जानासमेत भराइदिनु पर्ने भन्ने अभियोग मागदाबीबमोजिम बिगो उल्लिखित प्रतिवादीहरूबाट जाहेरवालाहरूले भरिपाउने र अन्य प्रतिवादीहरू श्यामप्रसाद उप्रेती र उत्सव श्रेष्ठलाई निजहरूउपरको कसुर पुष्टि प्रमाणित हुन सक्ने अवस्था नदेखिएकोले निजहरूले सफाइ पाउने भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७२।१२।०८ मा भएको फैसला मिलेकै देखिन आएकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ यी प्रतिवादीहरू असिम विक्रम शाह तथा प्रकाश सेवाले अभियोगपत्र मागदाबीअनुरूप वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४ (२) अनुसार कसुर गरेको अवस्था हुँदा निजहरूलाई ऐ. ऐनको दफा २४(२) अनुसार तजबिज जनही रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना तथा १।६।० (एक वर्ष छ महिना) कैद सजाय भई यस न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्ने तथा सो सम्बन्धमा निजका परिवारहरूले जानकारी गराएका जाहेरवालाहरूलाई हर्जानासमेत भराइदिनु पर्ने भन्ने अभियोग मागदाबीबमोजिम बिगो उल्लिखित प्रतिवादीहरूबाट जाहेरवालाहरूले भरिपाउने ठहऱ्याई एवं अन्य प्रतिवादीहरू श्यामप्रसाद उप्रेती र उत्सव श्रेष्ठलाई कसुर पुष्टि हुन सकेको अवस्था नहुँदा निजहरूले सफाइ पाउने भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१२।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क.

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७२-CR-१९६२, जबरजस्ती करणी, *नेपाल सरकार वि. जितबहादुर बुढाथोकीसमेत*

मौकामा पक्राउ परेका प्रतिवादी साने लिम्बूले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा यी प्रतिवादीहरूसमेतले पीडितहरूलाई जबरजस्ती करणी गरेको भनी पोल गरेको भए तापनि अदालतसमक्षको बयानमा यी प्रतिवादीहरूको समेत कसुरमा संलग्नता थियो भनी पोल गरेको देखिँदैन। सहअभियुक्तले गरेको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको हुनु पर्दछ। यी प्रतिवादीहरूले यो यस प्रकारले यी यस्तो प्रकारको आधारमा करणी गरेका हुन् भनी घटना क्रमलाई मेल खाने गरी प्रस्ट रूपले किटान गरी पोल गरेकोसमेत देखिँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष अनुसन्धानको क्रममा बयान गर्दा पनि पूर्ण विवरणसमेत खुलाई बयान भएको अवस्था नदेखिएको र अदालतमा आई बयान

गर्दासमेत अन्य यी प्रतिवादीहरूले करणी गरेको कुरालाई प्रस्ट रूपले किटान गरी पोल गर्न नसकी हचुवा तवरबाट गोल मटोल रूपबाट गरेको पोललाई मात्र आधार मानी कसुर जन्य कार्य गरेको भन्न नमिल्ने । सहअभियुक्तको पोल स्वतन्त्र रूपबाट ठोस तथ्यगत वस्तुनिष्ट आधारबाट पुष्टि प्रमाणित नभएको अवस्थामा शंका र अनुमानकै आधारमा मात्र जबरजस्ती करणीजस्तो मुद्दामा कसुरदार ठहर गर्नु न्यायोचित हुन सक्दैन भने ठोस तथ्ययुक्त आधार प्रमाणविना एक पक्षले अर्को पक्षलाई नियन्त्रणमा लिई गराएकोमा बयानको आधार मात्रै कसुर कायम गर्ने आधार बन्न सक्दैन । विनाप्रमाण कसुरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने भई फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ । अन्य स्वतन्त्र प्रमाणबाट समर्थन नभएको सहअभियुक्तको पोलमात्र अभियुक्तलाई कसुरदार ठहर गर्ने आधार हुन सक्दैन । यी प्रतिवादीहरू कसुरमा इन्कार रहेको र अधिकारप्राप्त अधिकारीसमक्ष गरेको सहअभियुक्तको पोललाई समर्थन हुने गरी यी विवादरहित तवरबाट पुष्टि प्रमाणित हुन सकेको नदेखिने ।

प्रत्यर्थीहरू नै सहअभियुक्त साने लिम्बूले पोल गरेका व्यक्तिहरू हुन् भनी वादी नेपाल सकारको तर्फबाट शंकारहित तवरले पुष्टि गर्न नसकेको, सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको र पीडित जाहेरवालीहरूले मौकाको जाहेरी दरखास्त तथा अदालतसमक्षको बकपत्रमा यी प्रतिवादीहरूसमेत कसुरमा संलग्न व्यक्तिहरू हुन् भनी खुलाउन सकेकोसमेत नदेखिँदा प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७२।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम् ।

५

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CR-१०९४, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. पदमबहादुर थापासमेत*

पीडितले मौकामा गरेको कागज हेर्दा बायाँ हातको कान्छी औंला हँसियाको प्रहारबाट काटिई उपचार गर्दा डाक्टरको सल्लाह मुताबिक काम नलाग्ने भएकाले काटी फ्याँकेको हो । टाउकोमा लागेको घाउ ठिक भइसकेको छ । हातमा काटिएको घाउ केही ठिक भएको छ भनी कागज गरिदिएको देखियो भने अदालतमा निज उपस्थित भई बकपत्र गर्दा टाउकोमा लागेको चोट निको भए पनि झमझम गर्ने घुमाउने गर्ने र बायाँ हात पूरा फोल्ड गर्न नमिल्ने भनी बकपत्र गरेको पाइयो । पीडितको शरीरमा घाउ चोट भएको घाउ जाँच फारामबाट देखियो भने प्रतिवादीमध्येका इन्द्रबहादुर थापाको घाँटी वरिपरिसमेत दरफरिएको घाउ चोट परेको मिसिल संलग्न कागजातबाट देखिने । पीडित र प्रतिवादीहरूका बिचमा पूर्वरिसइवी नभएको, ज्यान मार्ने मनसाय पनि नहुनुका साथै तेस्रो पक्षको उपस्थितिसमेत मिसिलबाट रहे भएको देखिएन । ज्यान मार्ने उद्योग मुद्दामा आपराधिक मनसाय तत्त्वको र तेस्रो पक्षको उपस्थिति रहेको देखिन गएमा बढी सार्थकता हुन जान्छ । तर प्रस्तुत मुद्दाको वारदातमा पदमबहादुर, इन्द्रबहादुर, ज्ञाबहादुर तथा पीडितको उपस्थिति रहेको मिसिलबाट देखियो । तेस्रो पक्षको आकस्मिक उपस्थितिले गर्दा प्रतिवादीहरूले पीडितलाई ज्यान मार्न नपाएको भन्ने एवं पीडित आफ्नो कुटपिटको चोटबाट मरेको भनी छाडी गएको अवस्था देखिँदैन । सो अवस्था विद्यमान भएमा ज्यान मार्ने उद्योगको वारदातलाई बढी बल पुग्न सक्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडितको ज्यान लिने मनसाय प्रतिवादीहरूमा रहे भएको मिसिल संलग्न कागजातहरूबाट नदेखिनुका साथै सो तथ्यलाई शंकारहित तवरले वादी पक्षले सबुद प्रमाणसहित पुष्टि गर्न सकेको पनि पाइएन । झण्डी बुर्जा

खेलिरहेको अवस्थामा भएको झै-झगडा र कुटपिटको वारदातलाई ज्यान मार्ने उद्योगको वारदात हो भन्न र मान्न मिल्ने पनि देखिएन। त्यस्तै मौकामा कागज गर्ने मानिसहरूलाई अदालतमा उपस्थित गराएर बकपत्र गराई दाबीलाई वादी पक्षले पुष्टि गराउन सकेको अवस्था पनि नदेखिने।

तसर्थ उपर्युक्त उल्लिखित विवेचित तथ्य आधार र कारणबाट मिति २०७१/०७/०८ गते भएको वारदातको प्रकृति, पृष्ठभूमि र अवस्था हेर्दा प्रतिवादीहरू तथा पीडितको बिचमा पूर्वरिसइवी नभएको, प्रतिवादीहरूले पीडितको ज्यान मार्ने मनसाय लिएको नदेखिएको, तत्कालको परिस्थितिको पृष्ठभूमिमा प्रस्तुत वारदात भएको देखिएको, वारदातमा प्रयोग भएको हतियार Sharp Weapon भने पनि जोखिमी नभई हँसिया रहेको र घाउ जाँच केस फाराममा उल्लिखित चोट fatal भने पनि शीघ्र नै राम्रो अवस्थामा फर्केको देखिँदा ज्यान मार्ने उद्योगको वारदात स्थापित नभई पीडित तथा प्रतिवादीहरूबिचको कुटपिटको वारदात देखिन आएकाले प्रस्तुत वारदातको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने गरी ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको स्याङ्जा जिल्ला अदालतको मिति २०७२/०१/३१ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२/०५/०८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- यदुराज शर्मा

इति संवत् २०७४ साल मंसिर १० गते रोज १ शुभम्।

६

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७४-WO-०००५, उत्प्रेषण / परमादेश, *डा. नारायणप्रसाद अधिकारी वि. जनसंख्या तथा वातावरण मन्त्रालय, सिंहदरबारसमेत*

सम्भाव्य उम्मेदवार निवेदकले बढुवाको लागि फाराम बुझाउँदा आफ्नो सबै विवरणहरू भरी पेस गरेपछि निजले प्राप्त गरेको विद्यावारिधिको उपाधिबापतमा निजामती सेवा नियमावली, २०५० को नियम ८१ख (४) बमोजिम शैक्षिक योग्यताको प्रमाणीकरण गर्नुपर्ने सम्बन्धमा कार्यालय स्वयंले अरू कार्यविधि अपनाउनुपर्नेमा त्यसतर्फ केही नगरी नियमावलीको उल्लिखित व्यवस्थाविपरीत सुरूमै निवेदकले प्रस्तुत गरेको विद्यावारिधिबापतको अंक प्रदान गर्न मिलेन भनेबाट विपक्षीबाट भएको कार्यले निवेदकको उचित कानूनी संरक्षण प्राप्त गर्ने हकमा आघात पुगी कुण्ठित भएको देखिने।

वैकल्पिक उर्जा प्रवर्धन विकास समिति, वैकल्पिक उर्जा प्रवर्धन केन्द्र कर्मचारी सेवा एवं नियमावली, २०६६ को नियम १० मा पदपूर्ति समितिको विभिन्न काम, कर्तव्य र अधिकारहरू तोकिएको पाइन्छ। माथि उल्लिखित काम, कर्तव्य र अधिकारहरूलाई हेर्दा का.स.मू. बापत प्राप्त अंक घटाउन सक्ने काम, कर्तव्य र अधिकार विपक्षी पदपूर्ति समितिलाई रहेको देखिएन। यसरी निवेदकको का.स.मू. बापतको प्राप्त अंक घटाउने गरी भएको विपक्षी पदपूर्ति समितिको कार्य कानूनविपरीत रहेको पाइने।

अध्ययन वा तालिममा जाने कर्मचारीले अध्ययन वा तालिममा भएको अवधिको का.स.मू. बापतको अंक अध्ययन वा तालिममा जानुभन्दा तत्काल अघिको वर्षमा पाएको अंकको त्यही अनुपातमा स्वत: अंक पाउने देखिन्छ। उक्त अंक प्राप्त गर्नका लागि अनिवार्य रूपमा का.स.मू. फाराम भरी बुझाउनु पर्ने बाध्यात्मक व्यवस्था उल्लिखित नियममा रहेको पाइएन। अध्ययन बिदामा भएको कर्मचारीले का.स.मू. फाराम कारण खुलाई जहिले पेस गरे पनि हुने देखिए पनि आफू अध्ययन बिदाबाट फर्की हाजिर भएको मनासिब माफिकको समयभित्र पेस गरेमा उपयुक्त हुने देखिन्छ। अतः समयभित्र का.स.मू. फाराम नबुझाएको

भनी निवेदकले प्राप्त गर्ने अंक कट्टा गरेको विपक्षीको कार्य कानूनसङ्गत रहेको नदेखिने।

भौगोलिक क्षेत्रमा काम गरेबापत ५.५०८ अंक पाउनुपर्नेमा ३.४८२ अंक प्रदान गरेउपर रिट निवेदकको उजुरी परेको देखिन्छ। उक्त उजुरीउपरसमेत निर्णय गर्दा विपक्षी उजुरी सुन्ने अधिकारीले रिट निवेदकले प्राप्त गरेको ३.४८२ अंकलाई घटाई १.५६४८ अंक कायम हुने गरी निर्णय गरेको देखिन्छ। विपक्षी उजुरी सुन्ने अधिकारीको उक्त निर्णय उजुरी दाबीभन्दा बाहिर गई भएको देखिन आयो। विपक्षी उजुरी सुन्ने अधिकारीलाई बढुवाका लागि सम्भाव्य उम्मेदवारले प्राप्त गरेको अंक घटाउने अधिकार केन्द्रको कर्मचारी सेवासर्त नियमावली, २०६६ ले प्रदान गरेकोसमेत देखिएन। यसरी विपक्षीको अधिकारविहीन कार्यबाट रिट निवेदकको हक अधिकारमा आघात पुगेको स्पष्ट देखिन आउने।

अध्ययनमा गएका कर्मचारीले अध्ययन पूरा गरेपछि समितिको सेवा नगरेमा अध्ययन अवधि निजको सेवा अवधिमा गणना नहुने भन्ने देखिन्छ। रिट निवेदक अध्ययन अवधिपश्चात् समितिको सेवामा कार्यरत रहेको तथ्यलाई स्वयं विपक्षीहरूले स्वीकार गरेको पाइन्छ। अध्ययन पूरा गरेपश्चात् निवेदकको अध्ययन अवधि निजको सेवा अवधिमा गणना हुने नै देखिन्छ। यसरी रिट निवेदकको अध्ययन अवधि निजको सेवा अवधिमा गणना हुने भएपछि सेवा अवधिअनुसारको भौगोलिक क्षेत्रमा काम गरेबापत पाउने अंकलाई अन्यथा भन्न मिल्ने हुँदैन। केन्द्रको नियमावलीअनुसार सेवा अवधिबमोजिमको भौगोलिक क्षेत्रमा काम गरेबापतको अंक निवेदकले पाउने नै देखिने।

कुनै कर्मचारी तालिममा सहभागी हुनका लागि अध्यक्षले मनोनयन गरी पठाउनु पर्ने हुन्छ। यी रिट निवेदकलाई उल्लिखित व्यवस्थाअनुसार तालिममा सहभागी हुनका लागि अध्यक्षले मनोनयन गरी पठाएको मिसिल प्रमाणबाट देखिन आएन। निवेदकलाई तालिमका लागि मनोनित गरी पठाएको अवस्था देखिन नआएकोले तालिमबापतको समेत अंक पाउँ भन्ने निवेदकको निवेदन माग दाबी मनासिब रहेको नपाइने।

निवेदक नवौं तहमा नियुक्ति भए लगत्तै आफ्नै प्रयासमा निज जर्मनको Bonn University मा विद्यावारिधि उपाधिको उच्च अध्ययनको लागि गए पनि अध्ययन बिदा भने नेपाल सरकारबाट स्वीकृत भएको देखिन्छ। अध्ययन बिदा स्वीकृत भएको कारणले केन्द्रले निजको उक्त अध्ययन अवधि र अध्ययनबाट निजले प्राप्त गर्ने विद्यावारिधिको उपाधिलाई स्वीकारेको नै बुझिन जान्छ। अध्ययन बिदा स्वीकृत गरी निवेदकको अध्ययन बिदाको अवधि र निजले सो अवधिसम्ममा प्राप्त गरेको विद्यावारिधिको उपाधिलाई स्वीकारेपछि केन्द्रको नियमावलीबमोजिम निवेदकले उक्त अवधिमा प्राप्त गर्ने ज्येष्ठता, का.स.मू., अतिरिक्त माथिल्लो शैक्षिक योग्यता र भौगोलिक क्षेत्रबापतको अंक नपाउनु पर्ने र साथै निवेदक उक्त अवधिको करिब पूरै समय अध्ययन बिदामा नै बसेको र केन्द्रमा कार्यरत नभएको भन्ने आधारमा मात्रै निजले नियमानुसार पाउने अंक पाउन हुँदैन र दिन मिल्दैन भन्न र नियमावलीबमोजिम निवेदकले त्यसरी पाएको अंकहरू कानूनी आधार र अख्तियारीविना उजुरी सुन्ने अधिकारीले उजुरी सुन्दाको रोहमा कटौती गर्नसमेत मिल्ने नदेखिने।

निवेदकलाई निजले प्राप्त गरेको विद्यावारिधि उपाधिको शैक्षिक योग्यताबापतको अंक प्रदान नगरेको, का.स.मू. र भौगोलिक क्षेत्रमा काम गरेबापतको अंक घटाएको विपक्षीहरूको कार्य केन्द्रको कर्मचारी सेवासर्त नियमावली, २०६६ (तेस्रो संशोधन, २०७२) र निजामती सेवा नियमावली, २०५० को नियम ८१ख (४) विपरीत भई विपक्षीहरूको कार्यबाट निवेदकको उचित कानूनी संरक्षण प्राप्त गर्ने हकमा आघात पुगेको

देखियो । उचित कानूनको संरक्षणको हक नागरिकको आधारभूत अधिकार हो । यसबाट कसैलाई पनि कानूनी र संवैधानिक आधारविना वञ्चित गर्नु नहुने। कानूनी एवं संवैधानिक आधार र अख्तियारीविना कुनै पनि नागरिकलाई उचित कानूनको संरक्षणको हकबाट वञ्चित गरिन्छ भने त्यो स्वेच्छाचारीपन हो, यसरी नागरिकलाई कानूनी संरक्षणको हकबाट वञ्चित गरिएमा संवैधानिक र कानूनी उपचारको माध्यमबाट नै नागरिकको सो हकको संरक्षण अदालतबाट गरिदिनु पर्ने कुरामा कसैको द्विमतसमेत हुन नसक्ने ।

अतः निवेदक आफ्नै प्रयासमा विद्यावारिधि उपाधिको अध्ययन गर्न गए पनि निवेदकतर्फको विद्वान् वरिष्ठ अधिवक्ताले बहसमा प्रस्तुत गरेअनुसार निजले देशको राष्ट्र प्रमूखबाट नेपाल विद्याभूषण पदक पाइसकेको भन्ने हुँदा उक्त उपाधिले मान्यता पाउँदैन कि ? भन्ने सन्देह गरिरहनु पर्ने अवस्था नहुँदा र साथै निवेदकको आ.व. २०७०/०७१ र ०७१/०७२ को का.स.मू. को प्राप्ताङ्क उजुरी सुन्ने अधिकारीबाट घटाउने प्रावधान नहुँदा निवेदकलाई विद्यावारिधि उपाधिको शैक्षिक योग्यताबापतको अंक नदिई र निजले आ.व. २०७०/०७१ र ०७१/०७२ मा प्राप्त गरेको का.स.मू. को अंक उजुरी सुन्ने अधिकारीबाट घटाएर मूल्याङ्कन भई भएको मिति २०७४/०१/०७ को पदपूर्ति समितिको बढुवा सिफारिस निर्णय, छानबिन समितिको प्रतिवेदन र मिति २०७४/०४/०३ को निर्णय र सोसम्बन्धी सूचना, पत्राचारलगायतका सम्पूर्ण निर्णय र सो निर्णयका आधारमा भएका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने । निवेदकले आ.व. २०७०/०७१ र ०७१/०७२ को पुनरावलोकन समितिसमेतबाट कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गरेको अंक, निजले प्राप्त गरेको विद्यावारिधी उपाधिसमेतको शैक्षिक योग्यताबापतको अंक र अध्ययन बिदामा भएको अवधिभर भौगोलिक क्षेत्रमा काम गरेबापतको नियमानुसार पाउने अंकसमेत केन्द्रको कर्मचारी सेवा सर्त नियमावली, २०६६ (तेस्रो संशोधन, २०७२) ले गरेको व्यवस्थाअनुसार गणना गरी यो आदेशको प्रति प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिनभित्र पुनः बढुवाको निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : विकास श्रेष्ठ

इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम् ।

इजलास नं. १३

१

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७३-CR-०३१३, किर्ते जालसाजी, *इनरदेवी तेलीन वि. श्रवणकुमार साहसमेत*

मोही दर्ता नामसारी मुद्दामा पेस भएका २ नं. अनुसूची, सालवसाली बाली बुझाएको भरपाई, धरौटी रसिद, कुतबालीको नगद बुझेको भरपाइसमेतका मिसिल संलग्न प्रमाणहरूको समुच्चा मूल्याङ्कन गरी भूमि सुधार कार्यालय, सप्तरीबाट फैसला भएको देखिन्छ । सो फैसलाउपर यी वादीको पुनरावेदन परेकोमा सोही प्रमाणहरूलाई आधार लिई पुनरावेदन अदालत राजविराजबाट समेत निर्णय भएकोमा यस अदालतबाट समेत उक्त मुद्दामा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान नहुने गरी आदेश भएबाट सो फैसला अन्तिम रहेको देखिन्छ । उक्त मुद्दामा पेस गरिएका प्रमाणहरूको एकपटक मूल्याङ्कन गरी अन्तिम टुङ्गो लागेकोमा उक्त फैसलाउपर फैसला बदर गराउन कुनै चुनौती नरही फैसला अन्तिम रहेको अवस्थामा सोही मुद्दामा अहिले किर्ते जालसाजीतर्फ दाबी लिएको देखियो । तर के कुन बेहोराबाट जालसाजी भएको हो स्पष्ट, पृथकपृथक रूपले विवेचना गरी दाबी लिएकोसमेत देखिँदैन । प्रतिवादी श्रवणकुमार साहले मोहीको हैसियतले कानूनबमोजिम आफ्नो मोही हकमा सम्म दाबी लिए पनि यी पुनरावेदक वादीको हकै मेट्ने

कार्य भएकोसमेत देखिँदैन । भूमि सुधार कार्यालयमा अभिलेख रहने २ नं. अनुसूची, बाली बुझाएको भरपाई, धरौटी रसिद, कुत बालीको नगद बुझाएको भरपाइलाई उसै मुद्दामा किर्ते जालसाजी भनी दाबी लिई निकासा लिन सकेकोसमेत पाइँदैन । साथै उसै मुद्दामा पेस भएको प्रमाणको सम्बन्धमा सुनाई दाबी लिई प्रमाणित गराउन सकेको अवस्थासमेत देखिँदैन । एउटा मुद्दामा सम्पूर्ण प्रमाणहरू मूल्याङ्कन गरी एकप्रकारले साँचो ठहरी अन्तिम रहेको अवस्थामा पुन: अर्को मुद्दाबाट उठान गरी बोल्दै जाने हो भने मुद्दा अन्तिमताको सिद्धान्त (Finality of Judgment) विपरीत भई विवादको अन्तिम हुने अवस्था नै नहुने ।

यसरी एउटा साधिकार निकायबाट प्रतिवादीले पेस गरेका प्रमाण कागजातहरूलाई आधार मानी भएको फैसला र सोही फैसलालाई सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसलाबाट प्रतिवादीको नाममा मोही दर्ता नामसारी भएको देखिँदा वादी दाबीबमोजिम प्रतिवादीले मुद्दामा पेस गरेका भरपाई, वारेसनामा, सर्जमिन सिफारिसलगायतका प्रमाण कागजसमेत विपक्षीहरूले किर्ते जालसाजी तवरबाट कृत्रिम रूपमा खडा गरेको भनी मान्न मिल्ने नदेखिने ।

अतः यिनै वादी पुनरावेदक र यिनै प्रतिवादी प्रत्यर्थी भई चलेको मोही दर्ता नामसारी मुद्दामा वादी दाबीबमोजिम कि.नं.५१ र १३० को जग्गाको मोही दर्ता नामसारी हुने ठहऱ्याएको सुरू भूमि सुधार कार्यालय, सप्तरीको मिति २०६८।७।२ गतेको फैसला मनासिब हुने ठहरी पुनरावेदन अदालत राजविराजबाट फैसला भएको, उक्त फैसलामा आधारित भई जालसाजीतर्फको वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुभद्रा जि.सी.

इति संवत् २०७५ साल मंसिर १९ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७०-WO-०६४२, उत्प्रेषण / परमादेश, *पटवारी थारूसमेत वि. बर्दिया जिल्ला अदालतसमेत*

पचकी भन्ने अमरिया थरूनी र यी निवेदकहरूबिच आमा छोराको तथा विपक्षी भड्डु थारू र निवेदकमध्येका पटवारी थारूबिच बाबु छोराको नाता रहेकोमा विवाद देखिएन । अमरिया थरूनीले अंश मुद्दाबाट आफ्नो भाग हिस्साको अंश प्राप्त गरी यी निवेदकहरू र अमरिया थरूनी छुट्टी भिन्न बसी आएको कुरामा समेत विवाद देखिँदैन । अमरिया थरूनीका नाममा दर्ता रहेको बर्दिया जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ४क. को कि.नं. ३६४ क्षेत्रफल १-११-८$^{३}/_{४}$, ऐ.ऐ.कि.नं. ३६८ को क्षेत्रफल ०-१७-१३$^{३}/_{४}$, ऐ.ऐ. कि.नं. ३६६ क्षेत्रफल ०-६-५$^{२}/_{४}$, ऐ.ऐ. वडा नं. २ कि.नं. ४०३ क्षेत्रफल ०-७-०, ऐ.ऐ. कि.नं. ११७ क्षेत्रफल ०-९-६ का जग्गाहरू मिति २०५४/०९/२० मा अमरिया थरूनीले हालैदेखिको बकसपत्रद्वारा नाति भड्डु थारूलाई रजिस्ट्रेसन पारित गरी दिएको पाइयो । उक्त बकसपत्रको लिखत बदर गरिपाउँ भन्ने मुद्दा परेकोमा अमरिया थरूनीले आफ्ना नाती भड्डु थारूलाई गरी दिएको बकसपत्रमध्ये आधा बदर गरी सो बदर गरिएका विभिन्न कित्तामध्येबाट बदर भएजति दाता अमरिया थरूनीकै नाममा दर्ता कायम रहने गरी बर्दिया जिल्ला अदालतबाट मिति २०५७/३/५ मा फैसला भएको देखिने ।

उक्त फैसलापश्चात् विवादित जग्गाको स्वामित्व भड्डु थारूकै नाममा रहिरहेको अवस्थामा अमरिया थरूनीको मृत्यु मिति २०६२/१०/२७ मा भएको पाइन्छ । निज अमरियाको मृत्युपश्चात् निजको अपुताली खाने पति मगरे थारूको मृत्यु अमरिया थरूनीको मृत्युपूर्व नै मिति २०६२/०२/०४ मा भइसकेको देखियो । जग्गाधनी दाता अमरिया थरूनी जीवित रहेको अवस्थासम्म पनि निजले बकसपत्र बदर मुद्दाको फैसलाबाट बदर भएको जग्गा आफ्नो

नाममा कायम नगरी नाति भड्डु थारूकै नाममा रहन दिएको देखियो । अमरिया थरूनीको जीवनकालमा यी निवेदकहरूले पनि अदालतको फैसलाबमोजिम गरिपाउँ भनी कुनै कारबाही नगरी अमरिया थरूनीको मृत्युपश्चात् मात्र लामो समयको अन्तरालपछि अहिले आएर फैसला कार्यान्वयनको निवेदन दिएको पाइयो । निवेदकहरूले बकसपत्र बदर मुद्दाको फैसला कार्यान्वयन गरिपाउँ भनी दायर गरेको निवेदनमा निवेदन मागदाबी पुग्न सक्तैन भनी बर्दिया जिल्ला अदालतबाट मिति २०६९/१०/१२ मा आदेश भएको पाइन्छ । यी निवेदकहरूले सो आदेश विरूद्धमा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिम निवेदन गरेकोमा पुनरावेदन अदालत नेपालगन्जले मिति २०७०/०३/२० मा बर्दिया जिल्ला अदालतको मिति २०६९/१०/१२ को आदेश बेरितको नदेखिँदा परिवर्तन गरी रहनु परेन भन्ने आदेश गरेको देखिने ।

निवेदकहरू र विपक्षी भड्डु थारूका दाता निजको हजुरआमा अमरिया थरूनी आ-आफ्नो अंश भाग लिई छुट्टी भिन्न बसेको कुरामा विवाद छैन । बकसपत्र बदर मुद्दाको फैसलाबाट आधा बकसपत्र बदर भई अमरिया थरूनीको नाममा दर्ता हुने ठहरी २०५७ सालमा फैसला भए पनि निज अमरिया थरूनीले आफ्नो जीवनकालसम्म फैसलाबमोजिम आधा जग्गा आफ्नो नाममा कायम गर्न कुनै कारबाही गरेको पाइएन । उक्त फैसलाबाट बदर भएको आधा जग्गामा यी निवेदकहरूको हक स्थापित भएकोसमेत देखिँदैन । फैसला कार्यान्वयनको निवेदन फैसलाबाट हक कायम हुने व्यक्तिले मात्र दिन पाउने हुन्छ । छुट्टी भिन्न भइसकेका, फैसलाबाट हक स्थापित हुन नसकेका छोराहरूले फैसला कार्यान्वयनको निवेदन दिन मिल्ने हुँदैन । बकसपत्र बदर मुद्दाको फैसला २०५७ सालमा भएको, अमरिया थरूनीको मृत्यु २०६२ सालमा भएको अवस्थामा लामो समयको अन्तरालपछि मात्र २०६८ सालमा आएर उक्त बकसपत्र बदर मुद्दाको फैसला कार्यान्वयन गरिपाउँ भन्ने निवेदन यी निवेदकहरूको तर्फबाट दायर भएको देखियो । मुलुकी ऐन, दण्ड सजायको महलको ४३(१) नं. बमोजिम फैसला कार्यान्वयनको निवेदन फैसला अन्तिम भएको मितिबाट जम्मा ३ वर्षभित्र दिइसक्नु पर्ने हुन्छ । ऐनको म्याद नघाई फैसला कार्यान्वयनको निवेदन परेको देखिने ।

यसका अतिरिक्त विपक्षी भड्डु थारूले बकसपत्र पाएको जग्गामध्ये कि.नं. ४०३ को क्षेत्रफल ०-७-० मध्ये ०-५-० जग्गा मिति २०६७/११/२६ मा कलिसरा देवी खड्कालाई र कि.नं. ३६८ को क्षेत्रफल ०-१७-१३$^{3}/_{4}$ जग्गा मिति २०६८/११/१६ मा भीमा थापालाई राजीनामा गरिदिएको देखिन्छ । उक्त दुवै राजीनामा गरी दिएका जग्गाहरू निज भड्डु थारूले बकसपत्र पाएका जग्गाको आधाभन्दा कम जग्गा मात्र राजीनामा गरी दिएको देखिन आएकोसमेतको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विकास श्रेष्ठ

इति संवत् २०७५ साल असार ११ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा, ०७३-CR-०७४७, जबरजस्ती करणी (अप्राकृतिक मैथुन), नेपाल सरकार वि. तिलकबहादुर सूचिकार (परियार)

पीडिताको शारीरिक परीक्षण प्रतिवेदनमा पीडिताको योनि तथा मलद्वारमा चोटपटक नभएको, कन्याजाली नच्यातिएको, पीडिताको शरीर तथा योनि वरिपरि कुनै संघर्षको चिह्न नदेखिएको, पीडिताको योनि वरिपरि तथा शरीर र भित्री कपडामा वीर्य लागेको दाग नदेखिएको र पीडिताको अवस्था सामान्य रहेको छ भनी उल्लेख भएको पाइन्छ । यसरी स्वास्थ्य परीक्षण प्रतिवेदनबाट करणी भएको भन्ने कुरा स्थापित हुन आएको नदेखिने ।

प्रतिवादीले ६ वर्षकी नाबालिका परिवर्तित नाम पोखरा -१८ लाई करणी गर्ने उद्देश्यले निज पीडिताको गुप्ताङ्ग चाटेको, पीडिताको योनि औंलाले चलाएको र आफ्नो लिङ्ग दह्रो बनाई पीडितालाई

समात्न लगाएको भनी मौकामा लेखाई दिएको पाइन्छ। जबरजस्ती करणीजस्तो कसुरमा प्रत्यक्षदर्शी साक्षी नै रहन सक्ने अवस्था प्राय: हुँदैन। यो एकान्त र गोप्य स्थानमा हुने प्रकृतिको कसुर भएकोले प्रस्तुत कसुरमा पीडिता नै प्रत्यक्षदर्शी तथा मुख्य साक्षी रहेको मान्नुपर्ने हुन्छ। अतः निजले अदालतमा आई बकपत्र गर्दा मेरो कट्टु खोली नाङ्गै बनाई आफ्नो पिसाब फेर्ने कुरा दह्रो बनाए मलाई समात्न लगाई मेरो सु गर्ने ठाउँमा जिब्रोले चाटी म्वाइँ खाँदै औंलाले खेलाएका हुन् भनी बकपत्र गरिदिएको पाइन्छ। मुलुकी ऐनमा भएको कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवं प्रतिवादीले करणी गर्ने मनसाय राखी पीडितालाई आफ्नो लिङ्ग समात्न लगाएको, गुप्ताङ्ग चाटेको, योनि औंलाले खेलाउँदा पीडिता रून लागेपछि निजलाई करणी नगरी निजकै घर लगी छोडी प्रतिवादी आफ्नो घर गएको भन्ने देखिएको हुनाले करणी नै भएको भन्न सकिएन। प्रतिवादीको उक्त कार्य जबरजस्ती करणी नभई आफ्नो यौन प्यासलाई मेटाउन प्रयास गरेको देखिन्छ, तर निजको यौनाङ्गमा पुरूष ज्ञानेन्द्रिय छुवाएकोसम्म पनि देखिँदैन, केवल करणी गर्ने उद्देश्यबाट प्रयास गरेको, तर पीडिता नाबालिका भएको कारणबाट मानसिक रूपले स्वयं करणी गर्न नसकी केवल करणी गर्न खोजेकोसम्म देखिँदा जबरजस्ती करणीको उद्योगसम्म गरेको देखिन आउने।

अत: उल्लिखित कारण एवं प्रमाणबाट प्रतिवादी तिलकबहादुर सूचिकार (परियार) ले ६ वर्षकी नाबालिकालाई जबरजस्ती करणीको उद्योग गरेको प्रमाणित भएको हुनाले सुरू कास्की जिल्ला अदालतबाट मुलुकी ऐन, जबरजस्ती करणी महलको १, ३(१) र ५ नं. विपरीतको कसुरमा ऐ. ५ नं.बमोजिम ५ वर्ष कैद सजाय गर्ने गरी मिति २०७२।८।२० भएको फैसलालाई सदर गर्ने गरी मिति २०७३।०४।१७ मा पुनरावेदन अदालत पोखराबाट भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी / हिरामाया अवाल

कम्प्युटर गर्ने : चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल श्रावण २३ गते रोज ५ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति